# फेदीखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## फेदीखोला स्याङ्जा

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण
# अन्तिम प्रतिवेदन




## आर्थिक वर्ष २०८१/०८२

**प्रतिवेदन तयार गर्ने**

**सस्टेनेवल कम्युनिटी एकाउण्टविलिटी रिसर्च सेन्टर**

**बेसीशहर, लम्जुङ ।**

# बिषय सूची

खण्ड १ : परिचय ........................................................................................................ १

१.१ गाउँपालिकाको संक्षिप्त परिचय ........................................................................ १

१.२ कार्यक्रमको पृष्ठभुमि .......................................................................................... २

१.३ लैंगिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) परीक्षणको महत्व ........................ ३

१.४ लैससास परीक्षणको उद्देश्य ................................................................................ ४

१.५ लैससास परीक्षणको सैद्धान्तिक मान्यता ................................................................ ५

१.६ लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणले समेट्ने क्षेत्रहरु ........................... ५

१.६.२ सहायक विषय क्षेत्रहरु (सहायक सूचक): ...................................................... ६

१.७ लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका कानूनी आधारहरु ...................... ८

१.८ लैगिंक समानता तथा सामाजिक समावेशीकरण परिक्षणको बिधि र तरिका .......................... ९

१.८.१ तयारी चरण .................................................................................... ९

१.८.२ तथ्यांक प्रस्तुतीकरण तथा बिश्लेषण चरण ............................................. १०

१.८.३ प्रतिवेदन चरण ................................................................................ ११

१.८.४ लैससाको समग्र परिणामको मूल्याङ्कन ................................................... ११

खण्ड २ : तथ्यांक संकलन, प्रस्तुतीकरण तथा बिश्लेषण ................................................... १२

२.१ कार्यान्वयन चरण ............................................................................................ १२

२.२ सूचकहरुको विष्लेषण ....................................................................................... २७

२.२.१ नीति, कानून तथा योजना ....................................................................... 27

२.२.२ संस्थागत व्यवस्था ................................................................................ २८

२.२.३ मानव संसाधन तथा क्षमता विकास ........................................................... २९

२.२.४ सेवा प्रवाह ........................................................................................ २९

२.२.५ सुशासन, उत्तरदायित्व र जवाफदेहिता ........................................................ ३०

खण्ड ३ : मुख्य उपलब्धीहरु ...................................................................................... ३२

३.१ सूचकहरुले प्राप्त गरेका अङ्कहरुको बिश्लेषण ......................................................... ३२

३.१.१ मुख्य सूचकको बार डायग्राम ................................................................... ३२

३.२ माकुरी जालो बिश्लेषण ..................................................................................... ३४

३.२.१ मुख्य सूचकको माकुरी जालो बिश्लेषण ....................................................... ३४

३.२.२ उपसूचक अनुसार माकुरी जालो बिश्लेषण ..................................................... ३५

३.३ लैससास परीक्षण विधिबाट देखिएको लैससासको अवस्था ............................................ ३६

३.४ मुख्य सूचक तथा सहायक सूचकहरुको तुलना............................................................ ३६
३.५ लैससास परीक्षणबाट देखिएका मुख्य उपलब्धीहरु ......................................................... ४०
३.६ सवलता, दुर्वलता, अवसर र चुनौती बिश्लेषण (SWOT Analysis)................................. ४०
३.६.१ लैससास परीक्षणबाट देखिएका सबल पक्ष, सुधार गर्नु पर्ने पक्ष, अवसर र चुनौती ...................... ४१
३.७ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्ययोजना ........................................... ४५
३.८ निश्कर्ष .................................................................................................. ५४
३.९ सुझाव.....................................................................................................५५

## तालिका सूची

तालिका नं. १ : फेदीकोला गाउँपालिकाको वडागत घरधुरी र जनसंख्या विवरण २
तालिका नं. २ : लैससास परीक्षणका मुख्य सूचक र उप सूचकहरु ६
तालिका नं. ३ : कार्यशालामा सहभागीहरुको विवरण १२
तालिका नं. ४ : लैससास परीक्षणका सूचक अनुसार प्राप्तांक १३
तालिका नं. ५ : लैससास परीक्षणका उपसूचक अनुसार प्राप्ताङ्क विवरण २६
तालिका नं. ६ : लैससास परीक्षण पश्चात समग्र प्रमुख सूचकहरुले प्राप्त गरेको अंक र नतिजा ३६
तालिका नं.७ : मुख्य सूचकहरुको लैससास परीक्षणको तुलना बिश्लेषण ३६
तालिका नं. ८ : सहायक सूचकहरुको लैससास परीक्षणको तुलना बिश्लेषण विवरण ३७

## अनुसूचीहरु

अनुसूची १ : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका सूचकहरु र प्राप्तांक

अनुसूची २ : सहभागीहरुको उपस्थिति विवरण तथा माइनुट

अनुसूची ३ : लैंगिक समानता तथा सामाजिक समावेशीकरण परिक्षणका क्रममा महिला समुह/आमा समुह तथा स्कुलका बाल क्लवका पदाधिकारीहरुसँग गरिएको सर्वेक्षण सम्बन्धी प्रश्नावलीहरु ।

अनुसूची ४ : लैससास परीक्षणमा बिभिन्न आ.व.मा प्राप्त अंकहरुको तुलना तालिका

अनुसूची ५ : कार्यशालाका केही झलकहरु

# खण्ड १ : परिचय

## १.१ गाउँपालिकाको संक्षिप्त परिचय

### पृष्ठभूमि

फेदीखोला गाउँपालिका स्याङ्गजा जिल्लामा अवस्थित छ । फेदीखोला स्याङ्जा जिल्लाको उत्तर क्षेत्रमा फैलिएको एक गाउँपालिका हो । विसं २०७३ सालमा सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले ७४४ स्थानीय तह लागू गर्दा स्याङ्जा जिल्लामा बाङ्गेफड्के, भाटखोला, आरुखर्क र फेदीखोला गाउँ विकास समितिहरूलाई समेटेर फेदीखोला गाउँपालिका घोषणा गरिएको थियो । पोखरा महानगरपालिकासंग सिमा जोडिएको फेदीखोला गाउँपालिका गण्डकी प्रदेशको राजधानी पोखरादेखि सबैभन्दा नजिकको गाउँपालिका हो । स्याङ्जाको स्वागतद्वारको रूपमा चिनिएको यस गाउँपालिकाले देशको प्रमुख राजमार्ग सिद्धार्थ राजमार्गलाई समेटेको छ । प्राकृतिक, सांस्कृतिक एवम् जैविक विविधताले भरिपूर्ण यस गाउँपालिकाले धार्मिक, सांस्कृतिक एवम् प्राकृतिक पर्यटनको भरपूर सम्भावना बोकेको छ । विश्वकै ध्यान तान्न सफल राष्ट्रिय गौरवको आयोजना गोर्खा स्मारक पार्कदेखि भालुपहाड, बडाचौर, साल्मेडाँडा रामकोट, सिरान्चुली बागे, पञ्चासे राष्ट्रिय स्तरमा सुपरिचित पर्यटकीय स्थान हुन् । पुरातात्विक धार्मिक पहिचानका रूपमा कालाभैरव नुवाकोट, आरुखर्क दरबार, राम्चेदेवी, शिवालय, बौद्धगुम्बा गाउँपालिकाका गौरव हुन् । हाडीखोर दमाहाढुंगा, नुवाकोट, मट्टिखानबाट सञ्चालित प्याराग्लाइडिङ आन्तरिक तथा बाह्य पर्यटनको आकर्षणको केन्द्र रहेको छ । रामकोट, बाँगेफड्केमा सञ्चालित होमस्टेले ग्रामीण साँस्कृतिक परिवेशलाई जीवन्तता दिएको छ भने साँस्कृतिक पर्यटनमा महत्वपूर्ण टेवा पुऱ्याएको छ । यस गाउँपालिकाको पूर्वमा कास्की जिल्ला, पश्चिममा आँधीखोला गाउँपालिका र उत्तरमा पुतलीबजार नगरपालिका पर्दछ ।



जम्मा ५ वटा वडामा विभाजन भएको यस गाउँपालिकामा नेपालको राष्ट्रिय जनगणना २०७८ अनुसार कुल घरधुरी ३,१६५ र कुल जनसंख्या १०,८९९ (पुरुष ५,०१२ र महिला ५,८८७) रहेको छ । साथै यस गाउँपालिकाको कुल क्षेत्रफल ५६।७३ वर्ग कि.मि. रहेकोछ । गाउँपालिकाका वडा अनुसार घरधुरी तथा जनसंख्याको विवरण तपसिल बमोजिम रहेकोछ ।

**तालिका नं. १ : गाउँपालिकाको वडागत घरधुरी र जनसंख्या विवरण**

| वडा नं. | घरधुरी | जनसंख्या | | | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | | |
| १ | ६७२ | १,०३५ | १,२५१ | २,२८६ | ९।७५ | |
| २ | १,१४९ | १,८४५ | २,२०० | ४,०४५ | १३।९४ | |
| ३ | ३९१ | ६१० | ७२५ | १,३३५ | ५।०१ | |
| ४ | ६९६ | १,१८२ | १,३०६ | २,४८८ | १९।१३ | |
| ५ | २५७ | ३४० | ४०५ | ७४५ | ८।९ | |
| **जम्मा** | **३,१६५** | **५,०१२** | **५,८८७** | **१०,८९९** | **५६।७३** | |

**श्रोत : राष्ट्रिय जनगणना, २०७८**

## १.२ कार्यक्रमको पृष्ठभुमि

नेपालको संविधानको प्रस्तावनामा लैंगिक विभेद अन्त्य गरी समानुपातिक र सहभागितामुलक सिद्धान्तका आधारमा समतामुलक समाजको निर्माण गर्ने व्यवस्था उल्लेख गरिएको छ । संविधानको धारा ३८ ले महिलाहरुलाई  समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी अधिकार राज्यका सबै तहमा सहभागी हुने अधिकार, सम्पति तथा पारीवारीक मामिला सम्बन्धी अधिकार, शिक्षा स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ । संविधानले महिला विरुद्ध हुने सबै प्रकारका विभेद तथा हिँसाजन्य कार्यलाई कानुन बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ । संविधानको धारा १८ को समानताको हक अन्तर्गत सबै नागरीक कानुनको दृष्टिमा समान हुने तथा कसैलाई पनि कानुनको समान संरक्षणबाट बंचित नगरिने तथा सामान्य कानुनको प्रयोगमा उत्पति, धर्म, जातजाती, लिंग, शारिरीक अवस्था, आर्थिक अवस्था, भौगोकि अवस्थिति, भाषा, वैवाहिक अवस्था वा अन्य कुनै आधारमा भेदभाव गर्न नपाइने उल्लेख गरेको छ । त्यसैगरी दिगो विकास लक्ष्य–५ सामाजिक, आर्थिक र वातावरणीय विकासको एक विश्वव्यापी अवधारणा हो । यसमा सन् २०३० सम्ममा सबै प्रकारका विभेदहरु उन्मूलन गरी समानता र न्यायमा आधारित समाजको आधार तयार गर्न आवश्यक पर्ने लक्ष्यहरु राखिएका छन् ।

सोह्रौ योजना (आर्थिक वर्ष २०८०/०८१–२०८६) को आधार पत्रमा (क) लैङ्गिक समानता तथा महिला सशक्तिकरण, (ख) बालबालिका तथा किशोरकिशोरी (ग) जेष्ठ नागरिक (घ) अपाङ्गता भएक व्यक्ति ( ड) सामाजिक सुरक्षा तथा संरक्षण (च) समावेशिकरण लगायतका विषयहरुलाई प्राथमिकतामा राखिएको

छ । उल्लेखित सन्दर्भलाई मध्येनजर गर्दै फेदीखोला गाउँपालिकाकाले पनि आफ्ना नीति, कार्यक्रम तथा बजेट वक्तव्यहरु र विभिन्न कानूनी दस्तावेजहरु मार्फत लैससासका मुद्धाहरुलाई सम्बोधन गर्ने प्रयास गरिरहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण (लैससास) सम्बन्धी व्यवस्था प्रस्तावनामा नै उल्लेख गरिएको छ । यसका अलावा दफा ११ को स्थानीय तहको काम, कर्तव्य र अधिकारको उपदफा (२) (त) मा जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन गर्ने जिम्मेवारी अन्तर्गत विभिन्न क्रियाकलापहरु सञ्चालन गर्ने अधिकार प्रदान गरेको छ । दफा २४ उपदफा (२) मा स्थानीय तहले योजना बनाउँदा संघीय सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सिमा र प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वाताबरणमैत्री, बालमैत्री, जलबायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशिकरण अन्तर सम्बन्धित विषयहरुलाई ध्यान दिनु पर्नेछ भन्ने व्यवस्था उल्लेख गरिएको छ । यसै गरी सोहि दफाको उपदफा (३) मा पालिकाहरुले आफ्ना योजना बनाउदाँ महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अभिबृद्धि हुने खालका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिनु पर्ने भनि उल्लेख गरिएको छ ।

## १.३ लैंगिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) परीक्षणको महत्व

स्थानीय तहद्वारा संचालन हुने योजना तथा कार्यक्रमलाई लैससास मैत्री बनाउन, संवैधानिक एवं कानूनी प्रावधान पुरा गर्न, राज्यले अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिबद्धता अनुरुप कार्य गर्न स्थानीय तहमा लैससासको प्रवर्द्धन गर्दै समावेशी विकासलाई जोड दिन लैससास परीक्षण स्थानीय सरकारहरुमा नियमित रुपमा गर्नु आवश्यक देखिन्छ । संघीय तथा प्रादेशिक नीति बमोजिम स्थानीय सरकारले अवलम्बन गरेका लैससास सम्बन्धि कार्यकमहरुको कार्यान्वयनको अवस्था कस्तो छ, राम्रा पक्षहरु के के छन्, के कस्ता पक्षहरुमा सुधार गर्नु पर्ने अवस्था छ, कस्ता खालका कार्यकमहरु तर्जुमा गर्दा लैससास सम्बन्धि सवालहरु सम्बोधन गर्न सकिन्छ भनेर लैससास परीक्षण गरिन्छ । यसको आधारमा कार्य योजना तयार गरी योजनाबद्ध रुपमा अघि बढ्न साथै स्थानीय शासन कार्यसम्पादन मूल्यांकन प्रणाली (LGPAS) को सूचक परिपुरण गर्ने उद्देश्य अनुरुप फेदीखोला गाउँपालिकाले पनि लैससासको हालको अवस्था मुल्यांकन तथा पहिचान गर्न स्व-लेखाजोखा लैससास परीक्षण कार्य गरेको हो ।

- संविधानद्धारा प्रदत्त हक अधिकारको कार्यान्वयन गर्न समानुपातिक समावेशी आधारमा राज्य संरचनाका सबै निकायमा महिला, दलित, आदीबासी, मधेसी, मजदुर, किसान, अपाङ्गता भएका व्यक्ति, पिछडिएको वर्ग क्षेत्र सबैलाई सहभागी गराउने व्यवस्था गरिएको परिप्रेक्षमा, सामाजिक विबिधता बीचको असमानता, सामाजिक बन्चितीकरण्का कारण सामाजिक विकासका सूचकहरुमा भएको कमजोर अवस्था र समाजिक आर्थिक तथा प्रशासनीक क्षेत्रमा रहेको पहूँचको अन्तरलाई पहिचान गर्न ।
- स्थानीय सरकार संचालन ऐन २०७४ मा भएको व्यवस्था अनुसार स्थानीय तहमा लैससासको विद्यमान अवस्थाको जानकारीका साथै तहगत तथा मुलुकको समग्र समस्या र चुनौतीको पहिचान गर्न एवम् यस क्षेत्रका योजना तथा कार्यको दक्षता तथा प्रभावकारीताको लेखाजोखा तथा मुल्यांकन गरी नीतिगत पृष्ठपोषण लिन ।

- गाउँपालिकाको लैससासको विद्यमान अवस्थाको जानकारीका साथै नीति, कार्यक्रम, वजेट र सेवा प्रवाहको प्रभावकारीताको लेखाजोखा तथा मुल्यांकन गरी नीतिगत  र कार्यगत पृष्ठपोषण लिन ।
- नीति, योजना तथा कार्यक्रमहरुलाई मार्गदर्शन गर्न ।
- नीति, योजना, कार्यक्रम कानून, संरचना र ओयजनाको सबै चरणमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रबाहिकरण र सशक्तिकरण गर्दै लैजाने ।
- राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा गरिएका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी प्रतिवद्धताहरुको दायित्वहरु पुरा गराउने ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण मार्फत प्रदेश सरकारको संस्थागत संरचना र कार्यक्रमहरुमा सीमान्तकृत समुहहरुलाई समाबेशी गरि अर्थपूर्ण सहभागिता गराई लैङ्गिक मूलप्रबाहिकरण र सशक्तिकरण गर्दै लैजाने ।
- लैङ्गिक समानता र सबै जातजातीहरुको अर्थपूर्ण सहभागिता गराई लैङ्गिक अन्तरहरुको (GESI GAPs) प्रभावलाई सम्बोधन गदै लैङ्गिक मूलप्रबाहिकरण र सशक्तिकरण गर्दै लैजाने ।
- विकास प्रक्रियामा निर्णायक प्रकृयामा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने ।
- सवै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्यांकन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने ।
- पालिकाको गत वर्ष र यस वर्षको सामाजिक लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्थामा आएको अन्तर र यसमा रहेको सुधार अवस्थाको विश्लेषण गर्ने ।

## १.४ लैससास परीक्षणको उद्देश्य

लैंगिक समानता तथा सामाजिक समावेशीकरण परिक्षणका प्रमुख उद्देश्यहरु निम्नानुसार रहका छन्,

- लैगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणमार्फत स्थानीय सरकारको संस्थागतं रचना र कार्यक्रमहरुमा महिला, बालबालिका, तथा पिछडीएको वर्ग, क्षेत्र, लिंगका समुदायको अर्थपुर्ण सहभागीता गराइ लैगिंक अन्तरको प्रभावलाई सम्बोधन गर्दै मुलप्रवाहीकरण र सशक्तिकरण गर्दै लैजाने ।
- महिला तथा सिमान्तीकृत समुदायलाई सहभागी गराई उनीहरुको व्यक्तिगत तथा सामुहिक क्षमता अभिवृद्धि गर्ने र स्थानीय तहको विकास निर्माण प्रकृयामा अर्थपुर्ण तथा निर्णायक सहभागीता सुनिश्चित गरी आर्थिक सामाजिक सशक्तिकरण गर्ने ।
- स्थानीय सरकारको सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससासको अवधारण अनुसार अनगमन तथा मुल्यांकन गर्ने  र यसलाई संस्थागत गर्दै लैजाने ।
- लैससासको परीक्षणको नतिजाको आधारमा समस्या तथा चुनौतीको पहिचान गरी समयमै सम्बोधन गर्ने र भावी योजना तथा कार्यक्रमहरुका लागि नीतिगत पृष्ठपोषण लिने ।
- नेपालको संबिधानले परिकल्पना गरेको समानुपातिक समावेशी र सहभागितामूलक शासन व्यवस्थाको प्रर्वद्धन गर्न ।
- समावेशीकरण सम्बन्धी नीतिगत एकरुपता सामञ्जस्यता कायम गर्न ।

- नीति, योजना तथा कार्यक्रमहरुलाई मार्गदर्शन गर्न ।
- नीति, योजना, कार्यक्रम कानून, संरचना र ओयजनाको सबै चरणमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रबाहिकरण र सशक्तिकरण गर्दै लैजाने ।
- समावेशीकरण सम्बन्धी कानूनी व्यवस्थााको कार्यन्वयनमा सहयोग पुऱ्याउन ।

## १.५ लैससास परीक्षणको सैद्धान्तिक मान्यता

लैङ्गिक तथा सामाजिक लेखाजोखा तथा परीक्षण गर्दा तल उल्लेखित विभिन्न सैद्धान्तिक मान्यताको आधारमा गरिनेछ ।

### (क) लैङ्गिक तथा समावेशीताका जवाफदेहिताको सिद्धान्त (Accountability)

लैङ्गिक तथा सामाजिक लेखाजोखा तथा परीक्षणले लैङ्गिक समानता तथा सामाजिक समावेशीताका लागि जवाफदेहिताको परीक्षण गर्दछ र सोका लागि सुधारोन्मुख मार्गदर्शन गर्दछ ।

### (ख) लैङ्गिक उत्तरदायित्वको सिद्धान्त (Responsibility)

लैङ्गिक लेखाजोखा तथा परीक्षणले लैङ्गिक समानताका लागि उत्तरदायित्वको परीक्षण गर्दछ र सोका लागि सुधारोन्मुख मार्गदर्शन गर्दछ ।

### (ग) लैङ्गिक समताको सिद्धान्त (Gender Equity)

लैङ्गिक दृष्टिले समतायुक्त र सामाजिक न्यायमा आधारित समाजको निर्माणका लागि विधिवत रूपमा योगदान गर्नु नै यस सिद्धान्तको मूलभूत उदेश्य हो । विकासका नीति, योजना तथा संस्थागत व्यवस्थाको प्रयासले महिला र पुरुषमा फरक फरक प्रभाव पार्दछ, ग्रहणशीलता फरक फरक हुन्छ, व्यवहारिक तथा रणनीतिक आवश्यकता फरक फरक हुन्छ भन्ने मान्यताका आधारमा समताको परीक्षण र मार्गदर्शन गर्दछ ।

### (घ) समावेशीकरणको सिद्धान्त (Inclusion)

राज्यका विकास प्रणाली तथा व्यवस्थापकीय संरचनामा महिला र पुरुषको न्यायोचित स्थान, समाजका जातजाति, वर्ग, उमेर समूह र भिन्न क्षमता भएका व्यक्तिको (Gender, Geography, Caste, Ethnicity, Age, Ability), योगदान, सहभागिता, उपलव्धी तथा विकासका अवसरको लेखाजोखा तथा सुनिश्चितताका लागि मार्गदर्शन गर्दछ ।

### (ङ) समविकासको सिद्धान्त (Equal Development)

महिला र पुरुषबीच तथा समाजमा रहेका विभिन्न जातजाति, समुदाय, वर्ग, उमेर समूह र शारीरिक क्षमता भएका व्यक्तिलाई आर्थिक, सामाजिक, राजनीतिक तथा मनोबैज्ञानिक विकासका लागि समान अवसर र सामाजिक संरचनामा आधारित सबै प्रकारका विभेद, शोषण, हिंसा तथा असमानताबाट मुक्ति र समानताको प्रत्याभूति गराउन मार्गदर्शन गर्दछ ।

## १.६ लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणले समेट्ने क्षेत्रहरु

स्थानीय तह **लैङिगक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०७८** मा उल्लेख भए बमोजिमको लैससास परिक्षणका लागि उल्लेख भएका ५ वटा मुल विषयहरु निम्न बमोजिम रहेका छन् ।

### १.६.१ लैससासका मुख्य क्षेत्रहरु (सूचकहरु)

लैङ्गिग समानता तथा सामाजिक समावेशीकरण परिक्षका मुख्य सूचकहरुमा नीति, कानून र योजना, संस्थागत विकास, मानव संसाधन र क्षमता विकास, सार्वजनिक सेवा प्रवाह र सुशासन र उत्तरदायित्व




गरी ५ वटा मुख्य क्षेत्रहरु पर्दछन । क्षेत्रगत सूचकहरुको सम्बन्धलाई तपसिल बमोजिम रहेको समेत जानकारी गरिन्छ ।

### १.६.२ सहायक विषय क्षेत्रहरु (सहायक सूचक):

लैससास परीक्षणका लागि प्रमुख ५ वटा मुख्य विषय क्षेत्र (मुख्य सूचक) हरू भित्र विभिन्न २२ वटा सहायक विषय क्षेत्र (सहायक सूचक) हरुलाई आधार मानिएको छ र सो अन्तर्गत १०० वटा प्रश्नहरू रहेका छन् । उक्त २२ वटा सहायक विषय क्षेत्रहरू यस प्रकार रहेका छन् ।

**तालिका नं. २ : लैससास परीषणका मुख्य सूचक र उप सूचकहरु**

| क.स | मुख्य सूचक | क.सं | उप सूचक | पुर्णा अंक |
|---|---|---|---|---|
| १ | **निती, कानुन, योजना** | १.१ | नीति र कानुनमा समावेशिता, सहभागिता | ८ |
| | | १.२ | योजना तर्जुमा तथा कार्यक्रम | ८ |
| | | १.३ | बजेट तर्जुमा तथा कार्यान्वयन | ४ |
| | | | **जम्मा** | **२०** |
| २ | **सस्थागत व्यवस्था** | २.१ | कर्मचारी पदाधिकारी प्रतिनिधित्व | ४ |
| | | २.२ | कार्य प्रणली समावेशी | ४ |
| | | २.३ | समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व | ४ |
| | | २.४ | वित्त व्यवस्थापन | ४ |
| | | २.५ | तथ्यांङ्ग संकलन तथा व्यवस्थापन | ४ |
| | | | **जम्मा** | **२०** |

| क्र.स | मुख्य सूचक | क्र.सं | उप सूचक | पुर्णा अंक |
|---|---|---|---|---|
| ३ | **मानव संसाधन तथा क्षमता विकास** | ३.१ | मानव संसाधन तथा क्षमता विकास | ८ |
| | | ३.२ | अनौपचारिक मूल्य मान्यता र कुसंस्कार विरुद्ध जनचेतना | ४ |
| | | ३.३ | कानुनी साक्षरता | ४ |
| | | ३.४ | विपद व्यवस्थापनमा समावेशीता | ४ |
| | | | **जम्मा** | **२०** |
| ४ | **सेवा प्रवाह** | ४.१ | पूर्वाधार विकास | ४ |
| | | ४.२ | प्रजनन स्वास्थ्य | ४ |
| | | ४.३ | शिक्षा कार्यक्रम | ४ |
| | | ४.४ | खानेपानी तथा सरसफाई | ४ |
| | | ४.५ | स्वोजगार तथा आय आर्जन र बजार व्यवस्थापन | ४ |
| | | | **जम्मा** | **२०** |
| ५ | **सुशासन तथा उत्तरदायित्व** | ५.१ | सुशासन | ४ |
| | | ५.२ | उत्तरदायित्व र जवाफदेहिता | ४ |
| | | ५.३ | सुचना तथा संचार | ४ |
| | | ५.४ | अनुगमन तथा मूल्यांकन | ४ |
| | | ५.५ | समन्यवय र सम्बन्ध विस्तार | ४ |
| | | | **जम्मा** | **२०** |
| | | | **कुल जम्मा** | **१००** |

स्थानीय तहका लागि लैससास परीक्षण दिग्दर्शन, २०७८ ले निर्देश गरे बमोजिम प्रत्येक सूचकको मूल्याङ्कन गर्दा राम्रो अवस्थालाई १ अंक, मध्यम अवस्थालाई ०.५ अंक र अति कमजोर अवस्थालाई ० अंक प्रदान गरिएको छ। प्रत्येक सूचकमा ०, ०.५ र १ अंक पाउने अवस्था र सो को प्रमाणीकरणको आधार समेत उल्लेख गरिएको छ। यी सूचकमा गरिने मूल्याङ्कन कार्यदल र कार्यशालामा सहभागीहरुको समूहगत सामुहिक मूल्याङ्कन हो। कार्यदलका सदस्य तथा कार्यशालाका सहभागीहरूबाट पहिला सूचकमा छलफल गरी, प्रमाण जुटाई सोको वास्तविक अवस्थाको विश्लेषण गरी सहमतिमा अकं प्रदान गरी लेखाजोखा गरिएको छ । स्थानीय तहका लागि लैससास परीक्षण दिग्दर्शन, २०७८ ले निर्देश गरे बमोजिम प्रत्येक सूचकको मूल्याङ्कन गर्दा राम्रो अवस्थालाई १ अंक, मध्यम अवस्थालाई ०.५ अंक र अति कमजोर अवस्थालाई ० अंक प्रदान गरिएको छ । प्रत्येक सूचकमा ०, ०.५ र १ अंक पाउने अवस्था र सो को प्रमाणीकरणको आधार समेत उल्लेख गरिएको छ । यी सूचकमा गरिने मूल्याङ्कन कार्यदल र कार्यशालामा सहभागीहरुको समूहगत सामुहिक मूल्याङ्कन हो । कार्यदलका सदस्य तथा कार्यशालाका सहभागीहरूबाट पहिला सूचकमा छलफल गरी, प्रमाण जुटाई सोको वास्तविक अवस्थाको विश्लेषण गरी सहमतिमा अकं प्रदान गरी लेखाजोखा गरिएको छ ।

## १.७ लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका कानूनी आधारहरु

मुलुकमा विद्यमान सवै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै बहुजातिय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरी विविधता बीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सदभावलाई संरक्षण एवं प्रवर्द्धन गर्दै, वर्गिय, जातिय, क्षेत्रिय, भाषिक, धार्मिक, लैंङ्गिक विभेद र सवै प्रकारका जातिय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न, समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्पलाई साकार पार्न गाउपालिका तथा गाउँपालिकाको




संरचना, नीति निर्माण र संचालन हुने योजना तथा कार्यक्रमलाई लैंङ्गिक समानता तथा सामाजिक समावेशी मैत्री बनाउनु आवश्यकछ । राज्यका राष्ट्रिय एवं अर्न्तराष्ट्रिय प्रतिबद्धता पूरा गर्न स्थानिय तहमा लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्नका निमित्त मार्गदर्शन आवश्यक भएकोले संघीय मामिला तथा सामान्य प्रसाशन मन्त्रालयले यो **"लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण दिग्दर्शन, २०७८"** तयार गरि कार्यान्वयनमा ल्याएकोछ । संघीय मामिला तथा सामान्य प्रसाशन मन्त्रालयबाट लैससास सम्बन्धि अलग्गै दिग्दर्शन तयार गरि स्थानीय तहमा लैससासको विद्यमान अवस्थाको जानकारी लिने साथै स्थानीय तहगत तथा मुलुकको समग्र लैससास सम्बन्धी समस्या र चुनौतिहरुको पहिचान गरी यस क्षेत्रका योजना तथा कार्यकमहरुको दक्षता र प्रभावकारीताको लेखाजोखा तथा मूल्याङ्कन गरी नीतिगत पृष्ठपोषण गर्ने उद्देश्यले पनि यो दिग्दर्शन तयार पारेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण (लैससास) सम्बन्धी व्यवस्था प्रस्ताबनामा नै उल्लेख गरिएको छ । यसका अलावा दफा ११ को स्थानीय तहको काम, कर्तव्य र अधिकारको उपदफा (२) (त) मा जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन गर्ने जिम्मेवारी अन्तर्गत विभिन्न क्रियाकलापहरु सञ्चालन गर्ने अधिकार प्रदान गरेको छ । दफा २४ उपदफा (२) मा स्थानीय तहले योजना बनाउँदा संघीय सरकार, प्रदेश सरकारको नीति,

लक्ष्य, उद्देश्य, समय सिमा र प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरणमैत्री, बालमैत्री, जलबायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशिकरण अन्तर सम्बन्धित विषयहरुलाई ध्यान दिनु पर्नेछ भन्ने व्यवस्था उल्लेख गरिएको छ । यसै गरी सोहि दफाको उपदफा (३) मा पालिकाहरुले आफ्ना योजना बनाउदाँ महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैससास अभिबृद्धि हुने खालका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिनु पर्ने भनि उल्लेख गरिएको छ ।

## १.८ लैगिंक समानता तथा सामाजिक समावेशीकरण परिक्षणको बिधि र तरिका

### १.८.१ तयारी चरण

फेदीखोला गाउँपालिकाको लैससास परीक्षणको तयारी चरणमा सर्वप्रथम लैससास सहजकर्ताबाट यस गाउँपालिकासँग समन्वय गरी पालिका प्रमुख, प्रमुख प्रशासकीय अधिकृत तथा लैसस सम्पर्क ब्यक्तिसँग अन्तरक्रिया गरी लैससास परीक्षणका लागि आवश्यक पर्ने दस्तावेजहरु संकलन गर्ने कार्य गरिएको थियो । यस चरणमा लैससाससँग सम्बन्धित दस्ताबेजहरु, पालिकाका नीतिगत दस्ताबेज, वार्षिक नीति, कार्यक्रम तथा बजेट, लैससास रणनीति, मासिक, त्रैमासिक, चौमासिक, वार्षिक समिक्षा तथा प्रतिवेदन, पालिकाको प्रोफाईलसँग सम्बन्धित दस्तावेजहरु संकलन तथा पुनरावलोकन गरिएका थिए । यी दस्तावेजहरु अध्ययन गरी कार्यान्वयन चरणमा छलफल गर्ने र सहभागीहरुलाई सूचकहरुमा अंक प्रदान गर्न सहज हुने गरी कार्यशालामा सहजिकरण गर्नका लागि प्रशिक्षण सामाग्री समेत तयारी गरिएको थियो ।

**(क) समिति गठन**

निर्देशिकामा उल्लेख भए बमोजिम यी कार्य गर्नको लागि गाउँपालिकाको अध्यक्षको अध्यक्षतामा निम्न सदस्यहरु रहने लैगिंक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यान्वयन समिति गठन गर्ने कानुनी प्रावधान रहेको छ ।

**(१) लैससास कार्यान्वयन समिति**

अध्यक्ष -संयोजक

उपाध्यक्ष -सदस्य

प्रमुख प्रशासकीय अधिकृत -सदस्य

सामाजिक विकास समिति संयोजक -सदस्य

कार्यपालिका सदस्यहरु मध्येबाट कम्तिमा २ जना महिला सहित संयोजकले तोकेको ३ जना- सदस्य

संघ सस्थाहरुबाट समावेशी प्रतिनिधित्व हुने गरी संयोजकले तोकेको ३ जना - सदस्य

लैससास हेर्ने शाखाका प्रमुख -सदस्य सचिव

(२) **लैससास परीक्षण कार्यदल गठन**

कार्यापालिका बैठकले तोकेका कार्यपालिकाको सदस्यको संयोजकत्वमा सम्बन्धित विज्ञ वा परीक्षणकर्ता, लैससास हेर्ने शाखाका कर्मचारी र सरोकारवाला आदि सम्मिलित कार्यदल गठन हुने प्रावधान अनुसारको लैससास परीक्षण कार्यदल गठन गरी फेदीखोला गाउँपालिकाको लैससास परीक्षणको काम सम्पन्न गरिएको हो ।

**(ख) दस्तावेज समीक्षा**

यस चरणमा लैससाससँग सम्बन्धित दस्ताबेजहरु, पालिकाका नीतिगत दस्ताबेज, वार्षिक नीति, कार्यक्रम तथा बजेट, लैससास रणनीति, मासिक, त्रैमासिक, चौमासिक, वार्षिक समिक्षा प्रतिवेदन, नगरको प्रोफाईलसँग सम्बन्धित दस्तावेजहरु संकलन तथा पुनरावलोकन गरिएको थियो । यी दस्तावेजहरु अध्ययन गरी कार्यान्वयन चरणमा छलफल गर्ने र सहभागीहरुलाई सूचकहरुमा अंक प्रदान गर्न सहज हुने गरी कार्यशालामा सहजिकरण गर्नका लागि प्रशिक्षण सामाग्री समेत तयारी गरिएको थियो । यसका अतिरिक्त कार्यशाला सञ्चालनका लागि आवश्यक पर्ने सामाग्रीहरु व्यवस्थापन गर्ने, मुख्य विषयगत क्षेत्र अनुसारका सूचकहरु, विश्लेषण फाराम एवं कार्ययोजनाको ढाँचा समेत विषयक्षेत्र अनुसार तयार गरिएको थियो । उक्त कार्यदलले फेदीखोला गाउँपालिकाले तयार गरि कार्यान्वयनमा रहेका सम्पुर्ण लैङ्गिक नीति, नियम, दस्तावेज, कार्ययोजनाको विस्तृत रुपमा अध्ययन गरेको थियो । लैससास परीक्षणको लागि फेदीखोला गाउँपालिकाका सम्पुर्ण कार्यकारी पदाधिकारी, प्रमुख प्रशासकीय अधिकृत, अन्य शाखा प्रमुखहरु तथा लैससास परीक्षण कार्यदल संयोजक लगायत व्यक्तिहरु समावेश गरी लैससास परीक्षणमा सहभागी गराउने तय भएको थियो ।

### १.८.२ तथ्यांक प्रस्तुतीकरण तथा बिश्लेषण चरण

फेदीखोला गाउँपालिकाको लैंगिक समानता तथा सामाजिक समावेशीकरण परिक्षणका क्रममा अध्ययन, समिक्षा तथा स्वमुल्यांकनमा बिभिन्न मुख्य तथा सहायक सुचकमा प्राप्त अंकको बिभिन्न माध्यमबाट प्रस्तुतीकरण तथा बिश्लेषण गरिएको छ । जसले गर्दा लैससास परिक्षणको अन्तिम रुप दिन प्रमुख सहयोग पुर्‍याएको छ ।

मुख्य विषयगत क्षेत्र अनुसार विभाजित समुहले गरेको समूह कार्यबाट प्राप्त भएको अंकको आधारमा मुख्य विषय क्षेत्र र सहायक क्षेत्र अनुसार माकुरी जालो र ग्राफ तयार गरी विस्तृत रुपमा विश्लेषण गरिएको थियो । त्यसकै आधारमा सहभागीहरुलाई लैससास क्षेत्रमा गाउँपालिकाले गरेका पहलहरुमा आधारित भई सवल पक्ष, सुधार गर्नुपर्ने पक्षको विश्लेषण गर्न सहजीकरण गरिएको छ ।

सहभागीता मुलक छलफलको आधारमा लैससास सूचक तथा उपसूचकहरुमा राम्रो देखिएमा १, मध्यम देखिएमा ०.५ र सुधार गर्नु पर्ने देखिएमा वा नभएमा ० अंक दिने आधार बनाई गाउँपालिकाको अवस्था बिश्लेषण गरिएको थियो । विभिन्न विषयगत क्षेत्रहरु र सूचकहरुमा प्राप्त अंकहरुलाई माकुरी जालो विधिको प्रयोग गरी सहभागीहरु माझ प्रस्तुत गरियो । विश्लेषणबाट प्राप्त भएका निष्कर्ष तथा सुझावहरु मध्ये राम्रा पक्षहरुलाई निरन्तरता दिने र कमजोर पक्षहरुलार्य सुधार गर्दै आगामी दिनहरुमा गाउँपालिकालाई लैससासमैत्री बनाउन कार्ययोजना पनि तयार गरिएको छ ।

### १.८.३ प्रतिवेदन चरण

उर्पयुक्त सम्पुर्ण प्रक्रिया पुरा भईसकेपछि सहभागीहरुले सहायक सूचक अनुरुप प्रश्नावलीहरुमा दिएको अंकको आधारमा माकुरी जालो, ग्राफ, SWOT विश्लेषण गरि यो प्रतिवेदन तयार पारिएको छ । कार्यशालामा प्राप्त अंक, गाउँपालिकाको दस्तावेजको अध्ययन तथा विभिन्न व्यक्ति तथा समुहसँग गरेको छलफलको आधारमा आगामी दिनको कार्ययोजना तयार पारिएको थियो । समग्र लैससास प्रकृयालाई दस्तावेजिकरण गर्ने उद्देश्यले विश्लेषणात्मक प्रतिवेदन तयार गरी गाउँपालिकामा पेश गरिएको थियो । उक्त प्रतिवेदनमा गाउँपालिकाको तर्फबाट प्राप्त सुझाव समेत समावेश गरि अन्तिम प्रतिवेदन तयार गरिएको हो ।

### १.८.४ लैससाको समग्र परिणामको मूल्याङ्कन

लैससासका सबै सूचकहरूमा अंक प्रदान गरी सकेपछि स्थानीय तहले प्रत्येक सूचकमा प्राप्त गरेको अंकलाई चार वटा तहमा वर्गीकरण गरी त्यसैको आधारमा मूल्याङ्कन नतिजा निर्क्योल गरी वास्तविक अवस्था पहिचान स्पष्ट पारिन्छ । लैससासको मान्यता बमोजिम प्राप्त अंकको आधारमा तल दिईए अनुसार पालिकाहरुको वर्गीकरण गरिने प्रावधान रहेकोछ ।

- सर्वोत्तम : सबै सूचकहरूको कुल प्राप्ताङ्क ८० वा सो भन्दा बढी
- उत्तम : सबै सूचकहरूको कुल प्राप्ताङ्क ६० वा सो भन्दा बढी र ८० भन्दा कम
- सामान्य : सबै सूचकहरूको कुल प्राप्ताङ्क ४० वा सो भन्दा बढी र ६० भन्दा कम
- कमजोर : सबै सूचकहरूको कुल प्राप्ताङ्क ० वा सो भन्दा बढी र ४० भन्दा कम

# खण्ड २ : तथ्यांक संकलन, प्रस्तुतीकरण तथा बिश्लेषण

## २.१ कार्यान्वयन चरण

### (क) प्रारम्भिक सूचना संकलन

फेदीखोला गाउँपालिकामा लैससासका लागि भए गरेका कार्य प्रगतिहरुका विषयमा प्रत्यक्ष छलफल गरी सूचनाहरु संकलन गरिएको थियो । साथै गाउँपालिकाको दस्तावेजहरु विस्तृत रुपमा पुनरावलोकन गरी सूचना तथा जानकारीहरुलाई एकीकृत गरिएको थियो ।

### (ख) मुख्य सूचनादातासँगको अन्तरवार्ता

फेदीखोला गाउँपालिकाले विकासका गतिविधिहरु सञ्चालन गर्ने क्रममा महिला, बालबालिका र अन्य लक्षित वर्गलाई के कसरी समेटेको छ भन्ने विषयमा जानकारी लिनका लागि गाउँपालिकाका दलित महिला सदस्य, महिला तथा बालबालिकाको क्षेत्र हेर्ने व्यक्तिसँग छलफल गरिएको थियो । उनीहरुसँग लक्षित वर्गलाई विकासको मूलधारमा ल्याउनका लागि भईरहेका पहलहरुका विषयमा छलफल भएको थियो । साथै विषयगत शाखाका प्रतिनिधि, वडा तहका जनप्रतिनिधि लगायत अन्य सरोकारवाला एवं केहि समुदायका लाभान्वित वर्गका प्रतिनिहिरुसँग पनि छलफल गरी लैससास परीक्षणका लागि सूचना तथा जानकारीहरु संकलन गरिएको थियो ।

### (ग) कार्यशाला सञ्चालन

फेदीखोला गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष लगायत कार्यपालिकाका सम्पुर्ण पदाधिकारीहरु, प्रमुख प्रशाशकीय अधिकृत तथा कार्यरत कर्मचारीहरुको सहभागीतामा लैससास लेखाजोखा गर्ने उद्देश्यले कार्यशाला सञ्चालन गरिएको थियो । कार्यशालामा लैससास परीक्षणसँग सम्बन्धित कार्यपत्र प्रस्तुत गरिएको थियो । जसले गर्दा सहभागीहरुमा लैससास सम्बन्धी विषयमा समान बुझाई विकास भएको थियो । कार्यशालाबाट सहभागीहरुलाई लैससास परीक्षणका मुख्य सूचक, सहायक सूचक, अंक भार, अंक प्रदान गर्ने तरिका, अंक प्रदान गर्दा हरेक सूचकले माग गरेको प्रमाणिकरणका आधारहरु बारे विस्तृत रुपमा सहजिकरण गरिएको थियो । यसका साथै SWOT विश्लेषण र कार्ययोजना निर्माणका प्रकृया र तरिकाबारे पनि सहजिकरण गररिएको थियो । सहजिकरणको क्रममा प्राप्त अंकलाई माकुरे जालो, ग्राफ विधिबाट प्रस्तुतिकरण गर्ने विधि र त्यसको विश्लेषण बारे स्पष्ट पारिएको थियो ।

**तालिका नं. ३ : कार्यशालामा सहभागीहरुको विवरण**

| जम्मा उपस्थिती | महिला | पुरुष | दलित | जनजाति | क्षेत्री/ब्रामण | मुस्लिम | अन्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ३५ | ११ | २४ | ४ | ४ | २७ | ० | ० | |

### (घ) लक्षित समुहका व्यक्ति र सुचना प्रदायकहरुसँग छलफल

फेदीखोला गाउँपालिकासँग सरोकार राख्ने समुहहरुसँग सम्बन्धित सवालहरुमा थप जानकारी लिनको लागि सामाजिक समावेशीकरणको हिसाबले वञ्चितिकरणमा परेका समुहको प्रतिनिधिहरु र उपभोक्ता समूह गरी लक्षित समुहसँग अन्तरवार्ता तथा समूह छलफल आयोजना गरिएको थियो ।

### (ङ) कार्यशाला संचालन तथा प्रश्नावलीहरुमा अंक प्रदान

कार्यशालामा लैससास विधि र प्रकृयाबारे स्पष्ट पारेर सहभागीहरुलाई प्रत्येक सूचकमा छलफल गरी मुख्य विषयगत क्षेत्र अन्तर्गत स्व-मुल्यांकन का लागि समूह कार्य गराईएको थियो । समूह कार्य अन्तर्गत सहभागीहरुले विषयगत क्षेत्र अन्तर्गत सहायक सूचक अनुसारका प्रश्नहरुमा विस्तृत छलफल एवं समीक्षा गर्दै लैससास कार्यविधि २०७८ ले निर्देश गरे अनुरुप हरेक सूचकमा अंक प्रदान गर्दै स्व-मुल्यांकन कार्य सम्पन्न गरेका थिए । सहभागीहरुले प्रश्नावलीमा भएको निर्देशिका अनुसार १, ०.५ र ० अंक प्रदान गरेमा त्यसका लागि सहयोगी प्रमाणहरु के के हुन आवश्यक छ भन्ने विषयमा सहजकर्ताबाट स्पष्ट रुपमा सहजीकरण भए अनुरुप गाउँपालिकाको वास्तविक अवस्थालाई विश्लेषण गर्दै अंक प्रदान गरेर स्व-मुल्यांकन सम्पन्न भएको थियो । लैससास परिक्षणका सूचक अनुसार प्राप्तांकको विवरण तलको तालिकामा उल्लेख गरिएको छ भने सूचक अनुसार अंक प्राप्त हुनसक्ने प्रमाणिकरणको आधार सहितको बिस्तृत विवरण अनुसूची १ मा राखिएको छ ।

**तालिका नं. ४ : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका सूचक अनुसार प्राप्तांक**

| सुचक नं | सुचकहरु | अंकभार | प्राप्तांक | कैफियत |
|---|---|---|---|---|
| **१.** | **नीति, कानुन र योजना** | **२०** | | |
| **१.१** | **नीति र कानुनमा समावेशीता (अंकभार ८)** | | | |
| १ | स्थानीय तहको नीति तथा कानुनको मस्यौदा तयार गर्ने कार्यादेशमा लैससासको दृष्टिले सम्पादन गरी कार्यटोली निर्माण पूर्व दस्तावेज समिक्षा गर्दा लैससास दृष्टिकोणले भएको मस्यौदाको विषयवस्तु र शव्द चयन समावेशी र सहभागितामूलक हुने गरे नगरेको ? | ०-१ | ०।५ | |
| २ | स्थानीय सरकाले आफ्ना नीति, कानुन, योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिले उपयुक्त भए नभएको बारे लेखाजोखा गर्ने गरे नगरेको ? | ०-१ | ०।५ | |
| ३ | स्थानीय सरकारको नीति र योजनामा लैङ्गिक समानता तथा सामाजिक समाबेशी विकास स्थानीय कानुन नीति ( आवधिक र वार्षिक योजनामा भएका नीतिहरु) सम्बन्धी कुराहरु समावेश भए/नभएको ? | ०-१ | १ | |
| ४ | स्थानीय सरकारको महिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण र लैङ्गिक परिक्षण तथा सामाजिक विभेद अन्त्य गर्ने सम्बन्धी अलगगै नीतिहरु छन छैनन (स्थानीय ऐन, कानुन, कार्यविधि, निर्देशिकामा खास व्यवस्था गरिएको वा नगरिएको) | ०-१ | ०।५ | |
| ५ | स्थानीय तहले कार्यान्वयनमा ल्याएका ऐन, नियम तथा कार्यविधिमा महिला तथा बञ्चितिमा परेका समुदाय अर्थात लक्षित वर्गमा हुने सबै प्रकारका विभेद जन्य कार्यहरु रोक्न पर्याप्त प्रावधान व्यवस्था गरिएको छ/छैन ? | ०-१ | ०।५ | |
| ६ | सङ्घीय कानुनले व्यवस्था गरे बमोजिम स्थानीय स्तरमा महिला तथा वञ्चितिमा परेको समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध मिलाए /नमिलाएका | ०-१ | १ | |

| सुचक नं | सुचकहरु | अंकभार | प्राप्तांक | कैफियत |
|---|---|---|---|---|
| ७ | महिला र पुरुषमा श्रमको ज्यालामा विभेद रोक्ने प्रावधान रहे/नरहेका | ०-१ | १ | |
| ८ | स्थानीय तहको नीतिमा रैथाने र आप्रवासी कामदार तथा श्रमजीवि उपर हुने विभेद रोक्ने प्रावधान रहे /नरहेको | ०-१ | १ | |
| | **जम्मा १.१ (नीति र कानुनमा समावेशीता)** | ८ | ६ | |
| **१.२** | **योजना तर्जुमा तथा कार्यान्वयन (अंकभार ८)** | | | |
| ९ | आवधिक योजना र वार्षिक योजना तथा कार्यक्रममा लैङिगक तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम र मानपनयोग्य उपलब्धी लक्ष्य समावेश गरिएको छ /छैन ? | ०-१ | ०।५ | |
| १० | गाउँपालिका/गाउँपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारण गर्दा महिला, बालबालिका तथा वञ्चितिकरणमा परेको समुहको अवस्था विशलेषणको आधारमा सो समुहको लागि वा प्रत्यक्ष्य फाइदा पुग्ने गरी कुल पुँजिगत बजेटको निशिचत प्रतिशत छुटयाउने गरे/नगरेको | ०-१ | ० | |
| ११ | स्थानीय सरकारको योजना सूची लक्षित समुहहरुको सत्रिया सहभागितामा तयार हुने र उनीहरुले छनौट गरेका योजना प्राथमिकिकरणमा पर्ने गरे/नगरेको (योजना तर्जुमा गर्दा गाउँ बस्तीस्तरबाट आएका योजना कार्यक्रमहरुलाई समेटे नसमेटेको परिक्षण) | ०-१ | ०।५ | |
| १२ | योजना तर्जुमा गर्दा महिला तथा वञ्चितिकरणमा परेका समुहहरुको व्यवहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपुर्ति गर्ने विषयमा छलफल भए/नभएको ? | ०-१ | ०।५ | |
| १३ | योजना तर्जुमा गर्दा महिला र पुरुष एवम लक्षित समुहहरुको छुटटा छुटटै अवस्था विश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तय गर्ने गरिए/नगरिएको (तयारी प्रतिवेदन) | ०-१ | ०।५ | |
| १४ | स्थानीय सरकारले दीगो विकासका लक्ष्यहरु विशेष गरेर लक्ष्य नं. ५ लैङिगक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण गरी सो अनुसारको बजेट विनियोजन हुने गरे/नगरेको | ०-१ | ०।५ | |
| १५ | स्थानीय तहका योजना महिला, बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने गरी बने /नबनेका | ०-१ | १ | |
| १६ | स्थानीय सरकारका उपभोक्ता समितिहरुमा लक्षित समुहका प्रतिनिधि सहित कम्तीमा ४०% महिलाहरुको सहभागिता भए /नभएको र मुख्य कार्यकारी पद मध्य कुनै एकमा जिम्मेवारी दिए /नदिएको | ०-१ | १ | |

| सुचक नं | सुचकहरु | अंकभार | प्राप्तांक | कैफियत |
| --- | --- | --- | --- | --- |
| | **जम्मा १.२ (योजना तर्जुमा तथा कार्यान्वयन)** | ८ | ४।५ | |
| **१.३** | **बजेट तर्जुमा तथा कार्यान्यन (अङकभार ४)** | | | |
| १७ | बजेट तथा कार्यक्रम तर्जुमा गर्नु भन्दा अघि समुदायका महिला, बालबालिका, अपाङगता भएका व्यक्ति, जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग र दलित लगायतका सबै जातजाति र विपन्न वर्गका समुहहरुसँग बसेर समस्या केलाउने वा विश्लेषण गर्ने गरिए/नगरिएका | ०-१ | १ | |
| १८ | स्थानीय सरकारका क्षमता विकास योजनामा लैङिगक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवम परिक्षण नियममित रुपमा गर्न बजेटको व्यवस्था गरिए/नगरिएको ? | ०-१ | १ | |
| १९ | लैससास परिक्षण पश्चात लैङिगक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजना कार्यान्वयनका लागि पर्याप्त बजेट तथा कार्यक्रम बार्षिक योजनामा समावेश गरिए/नगरिएको? | ०-१ | १ | |
| २० | स्थानीय सरकारको बजेट तथा कार्यक्रममा लक्षित समुहहरुको लागि निश्चित प्रतिशत बजेट विनियोजन गरी उनीहरुको हितका कार्यक्रममा समयमै खर्च गरिए/नगरिएको ? (बजेट तथाकार्यक्रम बिच भिडान) | ०-१ | ०।५ | |
| | **जम्मा १.३ (बजेट तर्जुमा तथा कार्यान्यन)** | ४ | ३।५ | |
| | **सुचक नं १ को कुल जम्मा** | २० | १४ | |
| **२** | **संस्थागत विकास** | २० | | |
| **२.१** | **कर्मचारी पदाधिकारी प्रतिनिधित्व (अंकभार ४)** | | | |
| २१ | स्थानीय सरकारको निर्णायक तहमा (कर्मचारी /पदाधिकारी)महिलाहरुको समानरुपमा ५०/५० प्रतिशत प्रतिनिधित्व रहेको छ/छैन ? | ०-१ | ०।५ | |
| २२ | स्थानीय सरकारका कर्मचारीहरुको पदपुर्तिको निर्णय गर्दा सवै जातजाति, वर्ग, लिङग र समुदायका बीच समावेशीकरण हुने गरी कर्मचारीको समावेशी समानुपातिक प्रतिनिधित्व हुन सक्ने रणनीति लिइएको छ/छैन ? | ०-१ | १ | |
| २३ | स्थानीय सरकाले महिला तथा विशेष समुदायलाई विशेष सेवा प्रदान गर्दा सम्बन्धित समुदायको भाषा, संस्कृति र रहन सहन बुझेको कर्मचारी वा जनप्रतिनिधि समेत समावेश गरेको कार्यटोली वा शाखा मार्फत दिने गरेको/नगरेको ? | ०-१ | १ | |
| २४ | जनप्रतिनिधिहरु तथा कर्मचारीहरुलाई कुनै क्षमता अभिबृद्धिको अवसर प्रदान गर्दा सबैलाई समान अवसर हुने गरी र महिला तथा बञ्चितिकरणमा परेको समुदायलाई | ०-१ | १ | |

| सुचक नं | सुचकहरु | अंकभार | प्राप्तांक | कैफियत |
|---|---|---|---|---|
| | अग्रभाग प्राप्त हुने गरी सकारात्मक विभेदको नीति लिएको/नलिएको | | | |
| | **जम्मा २.१ (कर्मचारी पदाधिकारी प्रतिनिधित्व)** | ४ | ३।५ | |
| **२.२** | **कार्य प्रणालीमा समावेशीता (अंकभार ४)** | | | |
| २५ | महिला र पुरुषबीच असमानता हटाउन तथा समाजिक समावेशीकरण बढाउनको लागि स्थानीय तहको निश्चित कार्यनीति छ/छैन ? | ०-१ | ०।५ | |
| २६ | स्थानीय सरकारमा लैङ्गिक विकास हेर्ने इकाईको व्यवस्था छ/छैन ? (लैङ्गिक विकास डेक्स वा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति वा यस्तै कुनै संरचनाको व्यवस्था कार्यशर्त र जिम्मेवारी किटान सहित गरिए/नगरिएको ? | ०-१ | १ | |
| २७ | स्थानीय सरकारबाट कार्यालयमा हुन सक्ने कुनै पनि प्रकारको दुर्व्यवहार, भेदभाव महिला हिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागु गरिएको छ/ छैन ? | ०-१ | १ | |
| २८ | योजना तर्जुमा समितिलाई सुझाव दिने दस्तावेज तयार गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिमा महिला, बालबालिका तथा अन्य सबै लक्षित समुदायको सक्रिय सहभागिता भए/नभएको र यस समितिले वडा तहमा योजना सम्बन्धी छलफल समावेशी भए/नभएको अनुगमन गरे/नगरेको | ०-१ | ०।५ | |
| | **जम्मा २.२ (कार्यप्रणालीमा समावेशीता)** | ४ | ३ | |
| **२.३** | **समिति, उप समिति र कार्यदलमा प्रतिनिधित्व (अंकभार ४)** | | | |
| २९ | स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुमा गाउँपालिका लैससास परीक्षण प्रतिवेदन तथा बञ्चितिकरणमा परेको समुदायबाट महिला र पुरुषको समावेशी प्रतिनिधित्व हुने व्यवस्था रहे/नरहेका ? | ०-१ | १ | |
| ३० | स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुमा महिला तथा बञ्चितिकरणमा परेको समुदायका प्रतिनिधिहरुले छलफल तथा निर्णय निर्माणमा स्वस्थ ढङगले भाग लिन पाए/नपाएको ? | ०-१ | १ | |
| ३१ | स्थानीय तहमा सञ्चालित कार्यक्रमहरुको अनुगमन र समिक्षा सम्बन्धी कार्यमा स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुले महिला तथा बञ्चितिकरणमा परेको समुदायको हितहुने गरी विश्लेषण सहित नीतिगत र कार्यगत सुझाव दिने गरे/नगरेको ? | ०-१ | ०।५ | |
| ३२ | स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र बञ्चितिकरणमा परेको समुदायको हित हुने गरी दिइएका | ०-१ | १ | |

| सुचक नं | सुचकहरु | अंकभार | प्राप्तांक | कैफियत |
|---|---|---|---|---|
| | नीतिगत र कार्यगत सुझावहरुको कार्यान्वयन हुने गरे/नगरेको ? | | | |
| | **जम्मा २.३ (समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व)** | ४ | ३।५ | |
| २.४ | **बित्त व्यवस्थापन प्रणालीमा समावेशीता (अंकभार ४)** | | | |
| ३३ | स्थानीय तहमा महिला विकास, लैङ्गिक हिंसा विरुद्ध, महिला सीप विकास, नेतृत्व विकास तथा क्षमता अभिबृद्धि जस्ता विषयमा स्रोत व्यवस्थापनका लागि बार्षिक आर्थिक ऐनमा उल्लेख गरी छुटटै कोष स्थापना गरिएको /नगरिएको ? | ०-१ | ० | |
| ३४ | के आदिवासी जनजाति, दलित अन्य लक्षित समुहका महिलाहरुको विकास र सशक्तिकरणको लागि बजेटको व्यवस्था भएको छ ? उनीहरुको आवशयकता अनुसार कार्यक्रम तर्जुमा गरिएको छ ? | ०-१ | १ | |
| ३५ | के स्थानीय सरकारमा लैङ्गिक डेक्सको विकास र आवश्यक मानवीय स्रोतहरुको लागि बजेटको व्यवस्था भएको छ ? सो अनुसार कार्यक्रम पहिचान गरिएको छ ? | ०-१ | ०।५ | |
| ३६ | स्थानीय सरकारले समावेशी सूचना प्रणाली व्यवस्थापन गर्न बजेटको व्यवस्था गरे/नगरेको र कम्प्युटरकृत लेखा प्रणालीले समावेशी क्षेत्रमा भएको बजेट तथा खर्च सम्बन्धी सूचना दिने वा नदिने/गरेको । | ०-१ | १ | |
| | **जम्मा २.४ (वित्त व्यवस्थापन प्रणालीमा समावेशीता)** | ४ | २।५ | |
| २.५ | **तथ्याङ्क सङकलन तथा व्यवस्थापन (अङकभार ४)** | | | |
| ३७ | के स्थानीय सरकारले आफनो क्षेत्रका समुदायस्तरका आधारभुत खण्डिकृत सूचना तथ्याङक सङकलन तथा अध्यावधिक गर्ने गरेको छ ? (लिङग, उमेर, जात र आर्थिक स्थिति आदि गाउँ/गाउँपालिका प्रोफाईल) | ०-१ | ०।५ | |
| ३८ | स्थानीय सरकारले आफनो क्षेत्रका समुदायस्तरका आधारभुत सूचना तथ्याङक सङकलन गर्दा बेरोजगार तथा गरिबको पहिचान गरी छुटटा छुटटै नक्साङकन गर्ने गरे/नगरेको ( गाउँ /गाउँपालिका प्रोफाईल ) | ०-१ | ०।५ | |
| ३९ | के स्थानीय सरकारले आफनो पार्श्वचित्रमा आधारित खण्डीकृत तथ्याङक र सूचनालाई आधार मानि स्थानीय विकास योजना तर्जुमा गर्ने गरेको छ ? | ०-१ | ०।५ | |
| ४० | स्थानीय सरकारले आफनो क्षेत्रका सामाजिक सुरक्षा भक्ता पाउनेहरु र पञ्जिकरणको अभिलेख व्यवस्थापन तथा तथ्याङक अध्यावधिक गर्ने गरेको नगरेको | ०-१ | १ | |
| | **जम्मा २.५ (तथ्याङ्क सङकलन तथा व्यवस्थापन)** | ४ | २।५ | |
| | **सुचक नं. २ को कुल जम्मा** | २० | १५ | |

| सुचक नं | सुचकहरु | अंकभार | प्राप्तांक | कैफियत |
|---|---|---|---|---|
| ३ | **मानव संसाधन र क्षमता विकास** | २० | | |
| ३.१ | **मानव शंसाधन तथा क्षमता विकास (अङ्कभार ८)** | | | |
| ४१ | लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास कार्ययोजना तयार गरे /नगरेको र छुटटै शिर्षकमा बजेट विनियाजन भए/नभएको साथै यस्ता रकम खर्च गर्ने कार्यविधि स्वीकृत भइ कार्यान्वयनमा आए नआएको ? | ०-१ | ०।५ | |
| ४२ | स्थानीय सरकारका पदाधिकारी /कर्मचारीहरुले लैङ्गिक तथा समावेशी विकास, लैङ्गिक हिंसा सम्बन्धी तालिम लिएका छन वा छैनन र तालिम कार्यक्रममा लक्षित समुह तथा अन्य सबै महिला र पुरुषको समान सहभागिता र उपस्थिति सुनिश्चितता गरिएको थियो वा थिएन ? | ०-१ | १ | |
| ४३ | तालिमका विषय वस्तुको प्रस्तुतिकरणमा लैङ्गिक सम्बेदनशील भाषाको प्रयोग र महिलाका आवश्यकता समेटिएको र तालिमको गुणस्तर, सेवा सुविधा सम्बन्धमा पृष्ठपोषण लिने गरिएको छ/छैन ? | ०-१ | ०।५ | |
| ४४ | महिला तथा लक्षित समुहका पदाधिकारीहरुको क्षमता अभिवृद्धिका लागि निर्दिष्ट कार्यक्रमहरु (प्राविधिक तालिम, क्षमता विकास, नेतृत्व विकासको तालिम, भ्रमण छन /छैनन ? सो अनुसारको बजेट विनियोजन गरिएको छ छैन ? | ०-१ | १ | |
| ४५ | के स्थानीय सरकारमा लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्बन्धी तालिम दिन तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सक्ने यथेष्ट मानवीय स्रोत छन ? ( विषयगत तालिम प्राप्त जनशक्ति संख्या) | ०-१ | १ | |
| ४६ | के स्थानीय सरकारमा मानव शंसाधन विकास केन्द्र वा शाखा वा एकाइको व्यवस्था छ ? | ०-१ | १ | |
| ४७ | महिला र वञ्चितिकरणमा परेको समुदाय लक्षित लोक सेवा आयोग पूर्व तयारी कक्षा सञ्चालन कार्यक्रम रहे/ नरहेको र कार्यान्वयन भए नभएको ?(सञ्चालिन तालिम कार्यक्रम संख्या र उपस्थित) | ०-१ | ० | |
| ४८ | महिला विकासका लागि भएका बेइजिङग घोषणा पत्रका १२ वटा प्रतिवद्धताहरुका बारेमा स्थानीय सरकारका पदाधिकारीहरु वा कर्मचारीहरुलाई जानकारी छ | ०-१ | ०।५ | |
| | **जम्मा ३.१ (मानव शंसाधन तथा क्षमता विकास)** | ८ | ५।५ | |
| ३.२ | **अनौपचारिक मूल्यमान्यता र कु:सस्कार विरुद्ध जनचेताना)** | | | |
| ४९ | महिला विरुद्ध सबै खाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरु र सो अनुसारको बजेट विनियोजन कार्यक्रम समयमा नै सम्पन्न गरेको छ ? (कार्यक्रम संख्या र उपस्थिति) | ०-१ | ०।५ | |

| सुचक नं | सुचकहरु | अंकभार | प्राप्तांक | कैफियत |
|---|---|---|---|---|
| ५० | लैङिगक हिंसा रहित गाउँ/गाउँपालिका घोषणा गरेको छ ? (घोषणा गरेको मिति) र महिला हिंसा विरुद्ध सुन्य सहिष्णुता अपनाएको छ (घटेका घटना र लिइएका निर्णयहरु) | ०-१ | ० | |
| ५१ | स्थानीय सरकारले महिला विरुद्ध सबै खाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरु सञ्चालन गर्ने गरेको छ ? (कार्यक्रम संख्या र उपस्थिति तथा निर्णय पुस्तिका) | ०-१ | ०।५ | |
| ५२ | के स्थानीय सरकारले समाजमा रहेका विभिन्न कुसंस्कार जस्तै (जातिगत छुवाछुत, छाउपडि, बाल विवाह, बहु विवाह, दाइजो आदि जस्ता समाजिक कुरीति हटाउन कार्यक्रमहरु सञ्चालन गर्ने गरेको छ ? (कार्यक्रम संख्या र उपस्थिति विवरण) | ०-१ | १ | |
| | **जम्मा (अनौपचारिक मूल्यमान्यता र कु:सस्कार विरुद्ध जनचेताना)** | ४ | २ | |
| ३.३ | **कानुनी साक्षरता (अङकभार ४)** | | | |
| ५३ | स्थानीय तहका महिला तथा समावेशी समूहबाट निर्वाचित भएका समेत जनप्रतिनिधिहरु र पालिकामा कार्यरत कर्मचारीलाई नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, कर्मचारी समायोजन ऐन, मुलुकी संहिता, विषयगत कानुनहरु, पालिकाले जारी गरेका कानुनहरु र अन्य प्रचलित महत्वपूर्ण कानुनहरुको बारेमा अभिमुखीकरण गर्ने गरे/नगरेको ? | ०-१ | ०।५ | |
| ५४ | स्थानीय तहका कार्यपालिका सदस्यहरु, सभाका सदस्यहरु र पालिकाका प्रमुख प्रशासकीय अधिकृत लगायत सबै शाखा प्रमुखहरुलाई कानुनको मस्यौदा तर्जुमा सम्बन्धी प्रक्रिया र समाधान गर्न मूल समस्या तथा सवाल लगायत मुख्य विषयवस्तुका सम्बन्धमा समय समयमा अभिमुखीकरण गर्ने गरे/नगरेको ? | ०-१ | ०।५ | |
| ५५ | के महिलाहरुको लागि कानुनी शिक्षा सम्बन्धी कार्यक्रमहरु सञ्चालित भएका छन ? (जस्तै : कानुनी हक अधिकार, एकल महिला र मानव बेचबिखन विरुद्ध कार्यक्रम, छाउपडी प्रथा विरुद्ध कायृक्रम, यौनहिंसा विरुद्धका कार्यक्रम आदिको अनुशिक्षण) | ०-१ | १ | |
| ५६ | महिलाहरुको लागि सञ्चालित कानुनी शिक्षा सम्बन्धी कार्यक्रमहरु सञ्चालनबाट के उनीहरु लाभान्वित भएका छन? (जस्तै:कानुनी हक अधिकार, एकल महिला र मानव बेचबिखन विरुद्ध कार्यक्रम, छाउपडी प्रथा विरुद्ध कायृक्रम, यौनहिंसा विरुद्धका कार्यक्रम आदिको अनुशिक्षण र यसको असर ) | ०-१ | ०।५ | |
| | **जम्मा ३.३ (कानुनी साक्षरता)** | ४ | २।५ | |

| सुचक नं | सुचकहरु | अंकभार | प्राप्तांक | कैफियत |
|---|---|---|---|---|
| **सुचक नं. ३.४ : विपद व्यवस्थापनमा समावेशीता (अङकभार ४)** | | | | |
| ५७ | स्थानीय सरकारले विपद व्यवस्थापन सम्बन्धी मापदण्ड, रणनीति, कार्यनीति सहितको कार्यविधि स्वीकृत गर्दा महिला तथा वञ्चितिकरणमा परेको समुदायसँग परामर्श गरे/नगरेको र यस्ता दस्तावेजमा सिमान्तकृत वर्ग र समुदायलाई लक्षित गरी विशेष राहत र महिला पुरुषलाई अलग अलग संरक्षणको प्रावधान रहे/नरहेको ? | ०-१ | १ | |
| ५८ | स्थानीय स्तरको विपद सम्बन्धी तथ्याङक, नक्साङकन तथा व्यवस्थापन गर्दा लाभान्वित समुहमा महिला तथा वञ्चितिकरणमा परेको समुदाय समेतको खण्डीकृत तथ्याङक राखी आपतकालीन कार्य सञ्चालन तथा राहत वितरण गर्ने गरे/नगरेको ? | ०-१ | ०।५ | |
| ५९ | समुदायमा आधारित विपद व्यवस्थापन सम्बन्धी कार्य गर्दा लाभान्वित समुहमा महिला तथा वञ्चितिकरणमा परेको समुदाय समेतको सहभागितामा उनीहरुलाई पहिलो प्राथमिकतामा राखी गर्ने गरे/नगरेको ? | ०-१ | १ | |
| ६० | विपद व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत परिचालन गर्दा महिला तथा वञ्चितिकरणमा परेको समुदाय समेतको सहभागितामा निर्णय गर्ने गरे/नगरेमा ? | ०-१ | ०।५ | |
| | **जम्मा ३.४ (विपद व्यवस्थापनमा समावेशीता)** | ४ | ३ | |
| | **सुचक नं ३ को कुल जम्मा** | २० | १३ | |
| ४ | **सेवा प्रवाह** | २० | | |
| ४.१ | **पूर्वाधार विकास (अंकभार ४)** | | | |
| ६१ | स्थानीय तहका भवन, भौतिक पूर्वाधार तथा अन्य संरचना निर्माणको लागि ड्इङ डिजाइन, लागत अनुमान तयार गर्दा संरचना निर्माण भएपछि महिला, बालबालिका, अपाङगता भएका व्यक्तिले निर्वाध प्रयोग गर्न सकिने गरी लैङिगक, बाल, अपाङग मैत्री र संवेदनशील संरचनाको प्रावधान सहित हुने गरे/नगरेको ? | ०-१ | १ | |
| ६२ | स्थानीय तहका भवन, भौतिक पूर्वाधार तथा संरचनाहरु, शिक्षा, स्वास्थ्य र अन्य सामाजिक पूर्वाधार सम्बन्धी भवन र अन्य संरचनाहरु निर्माण गर्दा महिला अपाङगता भएका व्यक्ति तथा बालमैत्री युत्त दृष्टिकोणबाट समेत उपयुक्त हुने गरी निर्माण गरिएको छ/छैन ? | ०-१ | ०।५ | |
| ६३ | स्थानीय तहले १५०० वर्गफिट भन्दा बढी क्षेत्रफल भएका निजी तथा सार्वजनिक भवन तथा संरचना निर्माण सम्बन्धी नक्सा स्वीकृत गर्दा महिला, अपाङगता भएका व्यक्ति तथा | ०-१ | ०।५ | |

| सुचक नं | सुचकहरु | अंकभार | प्राप्तांक | कैफियत |
|---|---|---|---|---|
| | बालमैत्री युक्त दृष्टिकोणबाट समेत उपयुक्त हुने गरी संरचना तयार गर्न निर्देशन दिने गरिएको छ/ छैन ? | | | |
| ६४ | स्थानीय तहले महिला तथा वञ्चितिकरणमा परेको समुदायलाई लक्षित गरी परम्परागत तथा आधुनिक उर्जा ( जन विद्युत, विभिन्न बैकल्पिक उर्जा स्रोतबाट हुने उर्जा, सुधारीएको चुलो आदी ) को प्रयोग गर्न सकारात्मक वातावरण र प्रोत्साहन गर्ने आयोजनाहरु रहे /नरहेको ? | ०-१ | ०।५ | |
| | **जम्मा ४.१ (पूर्वाधार विकास)** | ४ | २।५ | |
| ४.२ | **प्रजनन् स्वास्थ्य (अंकभार ४)** | | | |
| ६५ | गर्भवती महिलालाई जोखिमयुक्त, खतरायुक्त काममा नलगाउने गरी वार्षिक नीति र कार्यक्रममा प्रजनन स्वास्थ्य सम्बन्धी नीति र कार्यक्रम समावेश भए /नभएको ? | ०-१ | १ | |
| ६६ | स्थानीय तहको कार्यालय, अस्पताल वा स्वास्थ्य चौकी र सम्भव भएका सार्वजनिक स्थलहरुमा बच्चलाई स्तनपानका निमित्त अलग्गै कक्ष र समयको व्यवस्थापन र सो को व्यवस्थापन गरिएको छ छैन ? | ०-१ | ०।५ | |
| ६७ | परिवार नियोजन, मातृ शिशु कल्याण, विस्तारित खोप, पोषण, जनसंख्या शिक्षा र जनस्वास्थ्य सम्बन्धी कार्यक्रम लगायत महिलाहरुको स्वास्थ्य सुधार सम्बन्धी विशेष कार्यक्रमहरु सञ्चालन गरिएको छन ? | ०-१ | १ | |
| ६८ | महिला, गरिब, निमुखा र वञ्चितिकरणमा परेका व्यक्तिहरुको स्वास्थ्य विमा गर्न सहजिकरण र सहयोग गर्ने कार्यक्रम र बजेट भए/नभएको ? | ०-१ | १ | |
| | **जम्मा ४.२ (प्रजनन् स्वास्थ्य)** | ४ | ३।५ | |
| ४.३ | **शिक्षा कार्यकम (अंकभार ४)** | | | |
| ६९ | स्थानीय तहले आफनो पालिका भित्रका विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालयमा भर्ना गराउने प्रवन्ध मिलाए/नमिलाएको ? | ०-१ | ०।५ | |
| ७० | स्थानीय तहले आफनो पालिका भित्रका आर्थिक अवस्था कमजोर भएका परिवारका बालिका तथा वञ्चितिकरणमा परेका समुदायका सबै बालबालिकाहरुलाई दिवा खाजा, निशुल्क पाठयपुस्तक र शैक्षिक सामग्री तथा पोषाक उपलब्ध गराउन छात्रबृतिको व्यवस्था गरी निश्पक्ष वितरण हुने प्रवन्ध मिलाए/ नमिलाएको | ०-१ | १ | |
| ७१ | अशिक्षित महिलाहरुको लागि शिक्षा सम्बन्धी विशेष कार्यक्रमहरु सञ्चालित भए/नभएका ? (जस्तै : अविभावक शिक्षा, प्रौढ तथा किशोरी कक्षाहरु, साथी शिक्षा, कार्यमूलक प्रौढ शिक्षा, बच्चा देखि बच्चा कक्षा आदि कार्यक्रम संख्या र पटक तथा सहभागी संख्या) | ०-१ | ०।५ | |

| सुचक नं | सुचकहरु | अंकभार | प्राप्तांक | कैफियत |
|---|---|---|---|---|
| ७२ | विद्यालयमा छात्र र छात्राको लागि छुटटा छुटटै शौचालय, किशोरी छात्राको लागि सेनेटरी प्याड र यौन शिक्षा तथा सहजिकरण कार्यक्रम सञ्चालन हुने गरे/नगरेको ? | ०-१ | १ | |
| | **जम्मा ४.३ (शिक्षा कार्यक्रम)** | ४ | ३ | |
| ४.४ | **खानेपानी तथा सरसफाई (अंकभार ४)** | | | |
| ७३ | गाउँपालिका/गाउँपालिकामा सफा पिउने पानी, सफासँग हात धुने व्यवस्था, महिला र पुरुषका लागि अलग्गै शौचालयको व्यवस्था र स्यानीटाइजरको उपयोग गर्ने प्रवन्ध भए/नभएको ? | ०-१ | १ | |
| ७४ | स्थानीय तहको आयोजना तथा स्थानीय महिलाहरुको सक्रिय सहभागितामा वडा वडामा खुला दिशामुक्त, पालिका, घरघरमा शौचालय, डाँडा र गौडामा पोखरी, टोल सफाइ अभियान जस्ता कार्यक्रम सञ्चालन हुने गरे नगरेको ? | ०-१ | १ | |
| ७५ | कुहिने र नकुहिने घरायसी फोहोर छुटयाउने व्यवस्था, फोहोर संकलनतथा विर्सजन, घरघरमा भान्छाको फोहोर र पानीबाट करेसावाली तथा गमला र फुलबारी जस्ता कार्यक्रममा महिला र पुरुषको समान सहभागिता हुनुपर्ने जस्ता चेतना अभिवृद्धि कार्यक्रम सञ्चालन हुने गरे नगरेको ? | ०-१ | १ | |
| ७६ | महिलाहरु बढीमात्रामा संलग्न हुने कार्यमा सफापानीको सहज व्यवस्थाका लागि स्थानीय महिलाहरुको सक्रिय सहभागितामा आकासेपानी संकलन र भण्डारण, परम्परागत इनार र क्वाको पुर्नजिविकरण र रिचार्जिङ कार्यक्रम सञ्चालन हुने गरे/नगरेको ? | ०-१ | ०।५ | |
| | **जम्मा ४.४ (खानेपानी तथा सरसफाई)** | ४ | ३।५ | |
| ४.५ | **स्वरोजगार तथा आयआर्जन र बजार व्यवस्था (अंकभार ४)** | | | |
| ७७ | स्थानीय सरकारको योजना तर्जुमा गर्दा बेरोजगार तथा गरीबीको नक्साङकनको समेत आधार लिई महिला तथा वञ्चितिकरणमा परेको समुदायलाई प्रत्यक्ष लाभ हुने स्वरोजगारमूलक, आयमूलक र सीपमूलक कार्यक्रमहरु राख्ने र वार्षिक बजेटमा समावेश गरी कार्यान्वयन गरिएको छ/छैन ? | ०-१ | १ | |
| ७८ | स्थनीय सरकारले स्वरोजगार तथा बैदेशिक रोजगारीमा जाने महिला तथा वञ्चितिकरणमा परेको समुदायको क्षमता विकासको लागि कार्यक्रमहरु तय गरी कार्यान्वयन गर्ने गरे/नगरेको ? (कार्यक्रम संख्या र उपस्थिति) | ०-१ | १ | |
| ७९ | ग्रामीण महिला प्राविधिकहरु (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धी प्राविधिक) र सामाजिक परिचालक तयार | ०-१ | ० | |

| सुचक नं | सुचकहरु | अंकभार | प्राप्तांक | कैफियत |
|---|---|---|---|---|
| | गर्ने गरे/नगरेको ? (मनोनयन, नियूक्ति वा गठन र तालिम सम्बन्धी सुचकांक) | | | |
| ८० | गरिब तथा वञ्चितिकरणमा परेको समुदायको पहुँच र क्रयशक्ति अनुरुप सुपथमूल्य सहकारी पसलहरुको व्यवस्थापनमा पालिकाको कार्यक्रम कार्यान्वयन भए/नभएको ? | ०-१ | ०।५ | |
| | **जम्मा ४.५ (स्वरोजगार तथा आयआर्जन र बजार व्यवस्था)** | ४ | २।५ | |
| | **सुचक नं ४ को कुल जम्मा** | २० | १५ | |
| **५** | **सुशासन र उत्तरदायित्व** | २० | | |
| **५.१** | **सुशासन (अंकभार ४)** | | | |
| ८१ | स्थानीय तहले स्थानीय सेवा प्रवाह, विकास निर्माण र स्थानीय शासनका विषयमा कार्यपालिका तथा सभाबाट नीति, कानुन जारी गरी सोही कानुन बमोजिम सम्बन्धित अधिकारीबाट निर्णय गरी कामकाज गर्ने गरेको वा तदर्थ निर्णय गरी कामकाज हुने गरेको । | ०-१ | १ | |
| ८२ | स्थानीय तहले विधिको शासन, व्यापक जनसहभागिता, भ्रष्टाचार बिरुद्ध शुन्य सहनशीलता, सेवा प्रवाहमा निश्पक्षता र महिला तथा वञ्चितिकरणमा परेको समुदायलाई अधिकार जस्ता नीति कार्यान्वयनमा ल्याए/नल्याएको ? | ०-१ | ०।५ | |
| ८३ | महिला विकासका लागि भएका बेइजिङग घोषणा पत्रका बाह्रवटा प्रतिवद्धताहरुका क्षेत्रमा कार्यक्रम तय गरी कार्यान्वयन गर्ने गरेको छ ? (कार्यक्रम संख्या र उपस्थिति) | ०-१ | ०।५ | |
| ८४ | संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धी १९८९ मा गरिएको प्रतिवद्धता कार्यान्वयन गर्ने कार्यक्रमहरुमा रकम विनियोजन गरी कार्यक्रमहरु समयमा सम्पन्न गरेको छ ? | ०-१ | ०।५ | |
| | **जम्मा ५.१ (सुशासन)** | ४ | २।५ | |
| **५.२** | **उत्तरदायित्व र जवाफदेहिता** | | | |
| ८५ | स्थानीय सरकारले नियमित रुपमा कार्यक्रमको सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण गर्ने गरे/नगरेको ? | ०-१ | १ | |
| ८६ | स्थानीय सरकारले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा वञ्चितिकरणमा परेका व्यक्ति तथा समुदायका सदस्यको उपस्थिति रहने गरे/नगरेको ? | ०-१ | ०।५ | |

| सुचक नं | सुचकहरु | अंकभार | प्राप्तांक | कैफियत |
|---|---|---|---|---|
| ८७ | स्थानीय सरकारले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा वञ्चितिकरणमा परेका व्यक्ति तथा समुदायको तर्फवाट स्थानीय सरकारले लिएको नीति तथा कार्यक्रम र सो को कार्यान्वयनका विषयमा आवाज उठने गरे /नगरेको र यसरी उठेका प्रश्न उपर स्थानीय सरकारबाट सम्बोधन हुने गरे/नगरेको ? | ०-१ | ०।५ | |
| ८८ | स्थानीय सरकारका जनप्रतिनिधिहरु र कर्मचारीको आचार संहिता स्वीकृत गरी कार्यान्वयनमा ल्याय/नल्याएको ? | ०-१ | १ | |
| | **जम्मा ५.२ (उत्तरदायित्व र जवाफदेहिता)** | ४ | ३ | |
| **५.३** | **सुचना तथा संचार (अंकभार ४)** | | | |
| ८९ | स्थानीय सरकारले नियमित रुपमा समर्ग वार्षिक योजना तथा कार्यक्रमको सार्वजनिक गर्ने गरे/नगरेको र महिला, बालबालिका र आदिवासी जनजाति, मधेशी, मुस्लम, पिछडावर्ग, दलित, अपाङगता भएका व्यक्तिहरु, ज्येष्ठ नागरिकलाई लक्षित गरेर राखेको कार्यक्रम तथा बजेट सरोकारवालाले थाहा पाउने गरी सार्वजनिक गरे नगरेको ? | ०-१ | ०।५ | |
| ९० | स्थानीय सरकारले स्थानीय सूचना स्थानीय भाषामा प्रवाह तथा प्रशारण गर्ने गरे/नगरेका ? | ०-१ | ०।५ | |
| ९१ | के स्थानीय सरकारले स्थानीय रेडियो, एफएम र छापा माध्यमद्वारा समावेशीकरण तथा लैङ्गिक समानता सम्बन्धी सूचना प्रवाह गरी जनतालाई सुसुचित गर्ने गरेको छ ? | ०-१ | १ | |
| ९२ | के स्थानीय स्तरमा महिला, बालबालिका सबै जनजाती विपन्न वर्ग (आदिवासी जनजाति, दलित, मधेशी, मुश्लिम, पिछडावर्ग अपाङगता भएको व्यक्तिहरु, ज्येष्ठ नागरिक लगायत अन्य) लक्षित समुहहरुको सूचना, शिक्षा तथा सञ्चार सम्बन्धी कार्यक्रमको प्रवाहबाट यी वर्गहरुको जनचेतनामा वृद्धि भएको छ ? आधार तथ्याङकसँग समेत तुलना गर्न सकिने ? | ०-१ | ०।५ | |
| | **जम्मा ५.३ (सुचना तथा संचार)** | ४ | २।५ | |
| **५.४** | **अनुगमन तथा मुल्यांकन (अंकभार ४)** | | | |
| ९३ | के कार्यक्रम तथा परियोजना कार्यान्वयनबाट सम्बन्धित समुदायले पूरा लाभ लिन सकेको छ ? | ०-१ | ०।५ | |
| ९४ | के स्थानीय सरकारले सञ्चालन गरेको अनुगमन, मूल्याङकन गर्दा लैङ्गिक समानता तथा सामाजिक समावशी विकास सम्बन्धी कार्यक्रमको सञ्चालनबाट सरोकारवालालाई पुगेको लाभ, असर र प्रभाव विश्लेषण गर्ने गरिन्छ ? | ०-१ | ०।५ | |

| सुचक नं | सुचकहरु | अंकभार | प्राप्तांक | कैफियत |
|---|---|---|---|---|
| ९५ | के स्थानीय सरकारको समीक्षा बैठकमा महिला, बालबालिका, सबै जानजातिका विपन्न वर्ग (आदिवासी जनाजाति, दलित, मधेशी, मुश्लिम, पिछडावर्ग) अपाङगता भएका व्यक्तिहरु, ज्येष्ठ नागरिक लगायतलाई लक्षित कार्यक्रम माथि छलफल गर्ने गरेको छ ? | ०-१ | १ | |
| ९६ | के अनुगमन तथा मूल्याङकनबाट सिकेका, पाठहरु कार्यक्रम वा योजना तयार गर्दा समावेश गर्ने गरिन्छ ? | ०-१ | ०।५ | |
| | **जम्मा ५.४ (अनुगमन तथा मुल्यांकन)** | ४ | २।५ | |
| **५.५** | **समन्वय र सम्बन्ध विस्तार (अंकभार ४)** | | | |
| ९७ | स्थानीय तहले संघ र प्रदेश सरकारहरुले तय गरेका नीति, कानुन तथा कार्यक्रमहरुको कार्यान्वयनमा सहकार्य, समन्वय र सहजिकरण गर्ने गरे/नगरेको ? | ०-१ | ०।५ | |
| ९८ | लैङिगक समानता तथा समावेशी विकासको लागि विभिन्न सरोकारवालानिकायहरु बीच सञ्जाल बनी कार्यगत छलफल तथा यस क्षेत्रको विकासको लागि नियमित रुपमा कार्य हुने गरे/नगरेको ? | ०-१ | १ | |
| ९९ | लैगिक समानता तथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरु बीच कार्यगत संयन्त्र (सञ्जाल) का प्रतिनिधिहरुलाई लैङिगक तथा समावेशी विकास सम्बन्धी क्षमता विकास तालिमहरु प्रदान गर्ने गरे/नगरेको । | ०-१ | १ | |
| १०० | महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषदबाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना, मानव अधिकार कार्ययोजना तथा छुवाछुत विरुद्धको कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनी उल्लेख गरिएका कार्यक्रमहरुमा रकम विनियोजन तथा कार्यान्वयन गर्ने गरे/नगरेको ? | ०-१ | ०।५ | |
| | **जम्मा (समन्वय र सम्बन्ध विस्तार)** | ४ | ३ | |
| | **सुचक नं ५ को जम्मा** | २० | १३।५ | |
| | **सुचक नं १ देखि १०० सम्मको कूल जम्मा** | १०० | ७०।५ | |

**(च) उप सूचकहरुमा अंक प्रदान :**

फेदीखोला गाउँपालिकाको लैससास परीक्षणबाट मुख्य सूचक र उपसूचक अनुसार स्वमूल्यांकनमा प्राप्त गरेको अंकको बिस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५ : उपसूचक अनुसार प्राप्ताङ्क विवरण**

| क्र.स | मुख्य सूचक | क्र.सं | उप सूचक | पुर्णाअङ्क | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| १ | **निती, कानुन, योजना** | १.१ | नीति र कानुनमा समावेशिता, सहभागिता | ८ | ६ |
| | | १.२ | योजना तर्जुमा तथा कार्यक्रम | ८ | ४।५ |
| | | १.३ | बजेट तर्जुमा तथा कार्यान्वयन | ४ | ३।५ |
| | | | **जम्मा** | **२०** | **१४** |
| २ | **संस्थागत व्यवस्था** | २.१ | कर्मचारी पदाधिकारी प्रतिनिधित्व | ४ | ३।५ |
| | | २.२ | कार्य प्रणली समावेशी | ४ | ३ |
| | | २.३ | समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व | ४ | ३।५ |
| | | २.४ | वित्त व्यवस्थापन | ४ | २।५ |
| | | २.५ | तथ्यांङ्क संकलन तथा व्यवस्थापन | ४ | २।५ |
| | | | **जम्मा** | **२०** | **१५** |
| ३ | **मानव संसाधन तथा क्षमता विकास** | ३.१ | मानव संसाधन तथा क्षमता विकास | ८ | ५।५ |
| | | ३.२ | अनौपचारिक मूल्य मान्यता र कुसंस्कार विरुद्ध जनचेतना | ४ | २ |
| | | ३.३ | कानुनी साक्षरता | ४ | २।५ |
| | | ३.४ | विपद व्यवस्थापनमा समावेशीता | ४ | ३ |
| | | | **जम्मा** | **२०** | **१३** |
| ४ | **सेवा प्रवाह** | ४.१ | पूर्वाधार विकास | ४ | २।५ |
| | | ४.२ | प्रजनन स्वास्थ्य | ४ | ३।५ |
| | | ४.३ | शिक्षा कार्यक्रम | ४ | ३ |
| | | ४.४ | खानेपानी तथा सरसफाई | ४ | ३।५ |
| | | ४.५ | स्वोजगार तथा आय आर्जन र बजार व्यवस्थापन | ४ | २।५ |
| | | | **जम्मा** | **२०** | **१५** |
| ५ | | ५.१ | सुशासन | ४ | २।५ |
| | | ५.२ | उत्तरदायित्व र जवाफदेहिता | ४ | ३ |

| क.स | मुख्य सूचक | क.सं | उप सूचक | पुर्णाअङ्क | प्राप्ताङ्क |
|---|---|---|---|---|---|
| | **सुशासन तथा उत्तरदायित्व** | ५.३ | सुचना तथा संचार | ४ | २।५ |
| | | ५.४ | अनुगमन तथा मूल्यांकन | ४ | २।५ |
| | | ५.५ | समन्यवय र सम्बन्ध विस्तार | ४ | ३ |
| **जम्मा** | | | | **२०** | **१३।५** |
| **जम्मा प्राप्ताङ्क** | | | | **१००** | **७०।५** |

**(छ) समग्र नतिजाको विश्लेषणण**

स्थानीय तहको लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको समग्र नतिजा विश्लेषणको आधारहरुमा परीक्षणबाट प्राप्त अंक र प्रतिशतलाई आधार मानी सर्बोत्तम, उत्तम, सामान्य र कमजोर गरी ४ प्रकारको नतिजा प्रस्तुत गरिएकोछ । फेदीखोला गाउँपालिकाको लैससास परिक्षण पश्चात प्रत्येक सूचकमा प्राप्त अंकका आधारमा अर्को खण्डमा समग्र नतिजाको सारांश प्रस्तुत गरिएको छ ।

## २.२ सूचकहरुको विष्लेषण

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यविधि २०७८** अनुसार हरेक स्थानीय तहले प्रत्येक वर्ष पौष मसान्तभित्र आ–आफ्नो गाउँपालिकाको लैससास परीक्षण गरिसक्नुपर्ने प्रावधान छ। यसले गाउँपालिकाको LGPAS मुल्यांकनमा सहयोग पुर्‍याउँछ। फेदीखोला गाउँपालिकाले लैससास परीक्षणका मुख्य तथा उपसूचकहरुमा तुलनात्मक रुपमा सामान्य अंक मात्र प्राप्त गर्न सफल भएको छ। यस वर्ष गरिएको लैससास परीक्षणको नतीजाको आधारमा आगामी वर्ष देखि कमजोर देखिएका सूचकहरुमा ध्यान दिनु आवश्यक देखिन्छ। लैससास परीक्षणका मुख्य ५ सूचकहरुलाई अलग अलग रुपमा बार डायग्राम (Bar Diagram) मा प्रस्तुत गरिएको छ । जसले गर्दा आगामी वर्ष गाउँपालिकाको नीति, बजेट, ऐन, कानुन, निर्देशिका आदि बनाउँदा वा संशोधन गर्दा यी कुराहरुलाई मध्यनजर गरी काम गर्न सजिलो हुने देखिन्छ।

### २.२.१ नीति, कानून तथा योजना

नीति, कानून तथा योजना अन्तर्गत ३ वटा सहायक बिषय क्षेत्र तथा सूचहहरु रहेकाछन्। यी सहायक विषय क्षेत्रहरु मध्ये नीति कानूनमा समावेशीमा ८ पूर्णाङ्क, योजना तर्जुमा र कार्यान्वयनमा ८ पूर्णाङ्क र बजेट तर्जुमा र कार्यान्वयनमा ४ पूर्णाङ्क गरी समग्रमा २० पूर्णाङ्कको अंकभार रहेको छ । लैससास परीक्षण गर्दा तलको बार डायग्राम अनुसार नीति तथा कानूनमा समावेशीता, योजना तर्जुमा र बजेट तर्जुमा र कार्यान्वयनमा प्राप्त हुन सक्ने पूर्णाङ्क र प्राप्त अंकहरुलाई प्लट गरी प्रस्तुत गरिएको छ।

जसमध्ये नीति कानुनमा समावेशीता र समावेशीतामा प्राप्त हुनुपर्ने ८ अंकमा ६, योजना तर्जुमा तथा कार्यन्वयन ८ मा ४।५ अंक प्राप्त भएको छ भने बजेट तर्जुमा तथा कार्यन्वयनको उपसूचकको कुल ४ मा ३।५ अङ्क मात्र प्राप्त भएको छ।




यस उप शिर्षष्क अन्तरगत लैससास परीक्षण गर्दा कुल २० पुर्णाङ्कमा १४ अङ्क अर्थात ७० % प्राप्त भइ समग्रमा उत्तम नतीजा प्राप्त भएको छ । तुलनात्मक रुपमा उप सूचक अन्तर्गत रहेका जम्मा २० वटा प्रश्नहरुमा प्राप्त भएको अंङ्कको विश्लेषण गर्दा सबै बिषयमा ५० प्रतिशत भन्दा बढी अंक प्राप्त भएको देखिन्छ । आगामी वर्षको लैससास परीक्षणमा पनि न्यूनतम यसै अवस्थामा रहन तथा अझ बढी अंक प्राप्त गर्नका लागि सम्बन्धित क्रियाकलापहरुमा कार्यक्रम तथा बजेटको व्यवस्था गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

### २.२.२ संस्थागत व्यवस्था

संस्थागत व्यवस्था अन्तर्गत  ५ वटा सहायक बिषय क्षेत्रहरु छन् । जसमा कर्मचारी पदाधिकारी तथा प्रतिनिधित्व, कार्यप्रणाली समावेशी, समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व, विपद व्यवस्थापन प्रणालीमा समावेशी र तथ्यांक संकलन तथा व्यवस्थापन रहेका छन । यी सबै उप सूचकहरुको स्वमूल्यांकन र प्राप्त अङ्कलाई तलको बार डायग्राममा देखाइएको छ ।



यस विषय क्षेत्रको कुल २० पुर्णाङ्कमा १५ अङ्क अर्थात ७५ % प्राप्त भएको छ । तुलनात्मक रुपमा यो विषय क्षेत्रमा उप सूचक अन्तर्गत रहेका जम्मा २० वटा प्रश्नहरुमा प्राप्त भएको अङ्कको विश्लेषण गर्दा सबै उपसुचकमा ६० प्रतिशत भन्दा बढी अंक प्राप्त भइ औसतमा लैससासको परीक्षणको अवस्थालाई उत्तम मानिएको छ । यस सन्र्दभमा आगामी आर्थिक वर्षमा संस्थागत व्यवस्था विषयका सबै उपसूचकहरुको कार्यान्वयन पक्षलाई न्यूनतम चालु अवस्थामा दिगो राखीराख्न पनि सरोकारवाला, जनप्रतिनिधिहरु र कर्मचारीहरुको प्रतिनिधित्वमा नियमित कार्यक्रम कार्यान्वयन तर्फ ध्यान दिइरहनु पर्ने देखिन्छ ।

### २.२.३ मानव संसाधन तथा क्षमता विकास

मानव संसाधन तथा क्षमता विकास अन्तर्गत रहेका ४ वटा उप सूचकहरुको कुल अंकभार २० रहेको छ । तलको बार डायग्राममा प्रत्येक उपसूचकको पूर्णाङ्क र प्राप्ताङ्कलाई प्लट गरी प्रस्तुत गरिएको छ । यस सूचकहरुको कुल २० अंकभारमा १३ अंक अर्थात ६५ % प्राप्त गरेको छ । उपसूचक अन्तर्गत रहेका जम्मा २० वटा प्रश्नहरुमा प्राप्त भएको अंक हेर्दा उत्तम अवस्था देखिन्छ । सबै उपसुचकहरुमा प्राप्त भएको अंकका आधारमा अनौपचारिक मूल्य मान्यता र कानुनी साक्षरता उपसुचकमा कम अंक प्राप्त भएतापनि समग्र औसतमा यस अन्तर्गतका अन्य बिषयरुमा उत्तम अंक प्राप्त भएको छ जसलाई आगामी बजेट व्यवस्थापन तथा कार्यान्वयन पक्षलाई नियमित गरी दिगोपना कायम गर्न सकिन्छ ।




### २.२.४ सेवा प्रवाह

सेवा प्रवाहका उपसूचकहरुमा पूर्वाधार विकास, प्रजनन् स्वास्थ्य, शिक्षा कार्यक्रम, खानेपानी तथा सरसफाई, स्वरोजगार तथा आय आर्जन र बजार व्यवस्थापन रहेकाछन् । प्रत्येक उपसूचकहरुको पूर्णाङ्क ४/४ गरी सेवा प्रवाह सूचकको कुल पूर्णाङ्क २० रहेको छ । सम्पूर्ण उपसूचकहरुमा प्राप्त अङ्कहरुलाई तलको बार डायग्रामबाट प्रष्ट पारिएकोछ ।




यस विषय क्षेत्र अन्तर्गत रहेका ५ वटा सहायक बिषय क्षेत्रहरुको कुल २० पुर्णाङ्कमा १५ अङ्क प्राप्त भएको छ। प्रतिशतको हिसाबले यो ७५ हुन आउँछ जस अन्तर्गत रहेका उपसूचकमा प्राप्त अङ्कलाई आधार मान्दा यो सूचक लैससासका हिसावले उत्तम देखिन्छ। पाँचवटा उपसूचकहरु मध्य पूर्वाधार विकास र स्वरोजगार तथा आय आर्जन र बजार व्यवस्थापनमा अन्य भन्दा कम अङ्क अर्थात ४ पुर्णाङ्कमा २।५ अङ्क मात्र प्राप्त भएकोछ । यसले के अर्थ लगाउँछ भने उक्त उपसूचकमा लैससास परीक्षणका हिसावले कार्यान्वयन पक्ष कमजोर रहेकोछ साथै बजेट व्यवस्थापन र कार्यान्वयन पक्षमा समेत सन्तोषजनक देखिएको छैन। यसरी लैससास परीक्षणमा कम अङ्क प्राप्त भएका उपसूचकमा यथोचित बजेटको व्यवस्था गरी कार्यान्वयन पक्षलाई पनि चुस्त र दुरुस्त बनाउन सके मात्र आगामी आर्थिक वर्षको लैससास परीक्षणमा सर्बोत्तम अङ्क प्राप्त गर्न सकिने देखिन्छ। साथै अन्य उपसूचकहरुका कार्यक्रमहरुमा नियमितता दिई दिगोपना कायम गर्न बजेट व्यवस्थापनको सुनिश्चितता गरी क्रियाकलाप कार्यान्वयनलाई समेत निरन्तरता दिनुपर्ने देखिन्छ।

### २.२.५ सुशासन, उत्तरदायित्व र जवाफदेहिता

सुशासन, उत्तरदायित्व र जवाफदेहिता अन्तर्गत रहेका ५ वटा सहायक सूचकका क्षेत्रहरुमा २० पुर्णाङ्क रहेको छ। जसमा कुल १३।५ अंक अर्थात ६७।५० % हासिल भएको छ। तुलनात्मक रुपमा यस सूचक अन्तर्गत रहेका जम्मा २० वटा प्रश्नहरुमा प्राप्त भएको अङ्कहरुको विश्लेषण गर्दा उत्तम नतिजा प्राप्त भएको छ। उपसूचक अनुसार सुशासनमा २।५, उत्तरदायित्व र जवाफदेहितामा ३, सुचना र संचारमा २।५, अनुगमन र मुल्यांकनमा २।५ र समन्वय र सम्बन्ध विस्तारमा ३ अङ्क प्राप्त भएको छ।




माथी डायग्राममा उल्लेख गरिएका पाँच उपसूचकहरुको मूल्यांकनका आधारमा प्राप्त अंकलाई एकिकृत गरेर हेर्दा उत्तम अवस्था छ भन्ने बुझिन्छ। तसर्थ, आगामी बर्षमा यस प्रमुख क्षेत्र वा सूचकलाई दिगो बनाइराख्न कार्यान्वयन पक्षलाई निरन्तरता दिनुपर्ने देखिनुका साथै कमजोर बिषयमा आवश्यक बजेट तथा कार्यक्रमको व्यवस्था गरी कार्यान्वयन गर्नु कर्मचारी र जनप्रतिनिधीको दायित्व हुन आउँछ।

# खण्ड ३ : मुख्य उपलब्धीहरु

## ३.१ सूचकहरुले प्राप्त गरेका अङ्कहरुको विश्लेषण

### ३.१.१ मुख्य सूचकको बार डायग्राम

लैससास परीक्षणका ५ मुख्य सूचक तथा विषय क्षेत्रहरु प्रत्येकको २०/२० पुर्णाङ्क रहेकोमा तुलनात्मक रुपमा सबैभन्दा कम मानव संसाधन तथा क्षमता विकासमा २० पुर्णाङ्कमा १३ अंक (६५ प्रतिशत) मात्र प्राप्त भएको छ। अन्य बाँकी सूचकहरुमा राम्रो अंक अर्थात सबै सूचकहरुमा ६५ भन्दा बढी अंक प्राप्त भएका छन । यसरी हेर्दा सबै मुख्य सूचकहरुमा राम्रो अंक प्राप्त भएको छ । सबै सूचकहरुमा प्राप्त भएको एकमुष्ट अङ्कलाई हेर्ने हो भने १०० पुर्णाङ्कमा ७०।५ अङ्क अर्थात ७०।५ प्रतिशत अंक प्राप्त भएकोले लैससासको दृष्टिले फेदीकोला गाउँपालिका उत्तम अवस्थामा रहेको छ भन्ने बुझिन्छ। आगामी वर्षको कार्यक्रम तथा बजेट योजनामा सबै विषय क्षेत्रलाई ध्यानमा राख्दै योजना, कार्यक्रम तथा बजेट व्यवस्थापनलाई निरन्तरता दिनुपर्ने देखिन्छ। समग्रमा लैससासको दृष्टिले उत्तम अंक प्राप्त गर्न सफल फेदीकोला गाउँपालिकाले आगामी दिनमा सर्वोत्तम नतिजा हासिल गर्न बजेट व्यवस्थापन तथा कार्यक्रम कार्यान्वयनमा नियमितता गर्नुका साथै आवश्यकताका आधारमा थप कार्यक्रम तथा बजेटको समेत व्यवस्थापन गर्नुपर्ने देखिन्छ। मुख्य सूचकहरुमा प्राप्त भएको अंकलाई तलको डायग्राममा समेत प्लट गरी प्रष्ट पारिएकोछ।




### ३.१.२ उपसूचकको बारडायग्राम

पाँच मुख्य सूचक तथा विषय क्षेत्र अन्तर्गत रहेका २२ उपसूचकहरुको लैससास परीक्षण गर्दा अधिकांश उपसूचकहरुमा उत्तम अंक नै हासिल भएको छ। तथापी ५० प्रतिशत वा सो भन्दा कम अंक प्राप्त भएका उपसूचकहरुमा विषेश ध्यान पुर्याएर योजना, कार्यक्रम तथा बजेट व्यवस्थापन गर्न सके फेदीकोला गाउँपालिकाको आगामी आर्थिक वर्षमा हुने लैससास परीक्षणको नतिजामा दिगोपना आउने

र प्राप्त भएको उत्तम अंकलाई पनि नियमितता गर्न सकिने देखिन्छ। जसका लागि केही उपसूचकहरुलाई आगामी योजनामा समेत संलग्न गरिएकोछ। अनौपचारिक मूल्य मान्यता र कुसंस्कार बिरुद्ध जनचेतना उपसूचकमा तुलनात्मक रुपमा अन्य उपसूचकहरुमा भन्दा न्यून अर्थात ५० प्रतिशत अंक मात्र प्राप्त भएको छ। यो उपसूचकमा विषेश ध्यान दिने र बाँकी सबै उपसूचकहरुमा समेत बजेट व्यवस्थापन र कार्यानवयनमा निरन्तरतामा ध्यान दिई कार्यक्रम कार्यान्वयन गर्न सके फेदीकोला गाउँपालिका लैससास परीक्षणको मुल्यांकनमा सर्वोत्कृष्ट गाउँपालिकामा पुग्न सक्दछ। उपसूचक अनुसार प्राप्त हुनसक्ने कुल पूर्णाङ्कमा लैससास परीक्षणको प्रत्येक उपसूचकहरुमा प्राप्त भएको अङ्क विवरण तलको बार डायग्राममा समेत प्रष्ट पारिएकोछ । जसले प्रत्येक उपसूचकको बर्तमान अवस्थाको अंक गणीतीय माध्यमबाट समेत चित्रण गरेको छ ।

**लैससासको उप सुचकहरुको बार डायग्राम बिश्लेषण**



## ३.२ माकुरी जालो बिश्लेषण

### ३.२.१ मुख्य सूचकको माकुरी जालो बिश्लेषण

आर्थिक वर्ष २०८१/०८२ मा भएका क्रियाकलापलाई आधार मानी फेदीकोला गाउँपालिकाको लैससास परीक्षणका क्रममा मुख्य सूचकहरुको प्रत्येकको कुल भार २०/२० अंक भएको र सबै सूचकहरुले प्राप्त गरेका अङ्कलाई यहाँ सारांशमा माकुरी जालो मार्फत प्रस्तुत गरिएको छ ।




पाँच मुख्य विषय क्षेत्र तथा सूचहहरुको २०/२० पुर्णाङ्क रहेको माकुरी जालोको बाहिरी घेराबाट मुख्य उपसूचकहरुले प्राप्त अङ्कहरुको आधारमा बनेको भित्री घेराको दुरी कुनै नजीक र कुनै टाढा देखिएकाछन । जुन सूचकमा प्राप्त भएको अङ्क धेरै छ त्यसको बिन्दुको दुरी सम्बन्धित सूचकको पूर्णाङ्कको बिन्दुको नजिकमा देखिएको छ भने जसको अङ्क थोरै छ त्यसको बिन्दुको दुरी सम्बन्धित सूचकको पूर्णाङ्कको बिन्दु भन्दा टाढा देखिएको छ। यसको अर्थ धेरै अङ्क प्राप्त गर्ने सम्बन्धित सूचकको पूर्णाङ्कको नजिकमा प्राप्ताङ्क पुगेको बुझिन्छ भने त्यसको विपरीत थोरै अङ्क प्राप्त गर्ने सम्बन्धित सूचकको पूर्णाङ्कको टाढा प्राप्ताङ्क पुगेको बुझिन्छ। यसरी माकुरी जालोमा पूर्णाङ्कको बाहिरी घेराबाट प्रत्येक सूचकहरुमा अलग अलग प्राप्त गरेका अङ्कहरुको जोडाको दुरी हेर्दा मानव संसाधन तथा क्षमता विकास बिन्दु टाढा देखिएको छ । यस्तो माकुरी जालो बिश्लेषणले के दर्शाउँछ भने प्रत्येक सूचकको पुर्णाङ्क अनुसार प्राप्ताङ्कहरु एकदम टाढा रहेको अर्थात कम अङ्क प्राप्त गरेको भन्ने अर्थ लाग्दछ । त्यसैले समग्रमा लैससासको दृष्टिले उत्तम अङ्क प्राप्त गर्न सफल फेदीकोला गाउँपालिकाले सूचकहरुमा प्राप्त अंकलाई दिगो बनाइरहन आगामी आर्थिक वर्षमा पनि नियमित लैससासका क्रियाकलापमा बजेट बिनियोजना गरी कार्यान्वयन गर्दै गएमा लैससास परीक्षण मूल्यांकनमा आगामी दिनमा सर्वोत्तम नतिजा हासिल गर्न सक्दछ ।

### ३.२.२ उपसूचक अनुसार माकुरी जालो बिश्लेषण

फेदीखोला गाउँपालिकाको लैससास परिक्षणका उपसूचकहरुमा प्राप्त मूल्यांकन अंकको आधारमा निम्न बमोजिम माकुरी जालो प्लट गरि बिश्लेषण गरिएकोछ। माकुरजी जालोको बिश्लेषण गर्दा पाँच मुख्य विषय क्षेत्र अर्थात मुख्य सूचक अन्तर्गत रहेका २२ वटा उपसूचकहरु मध्ये प्राय सबै उपसूचकहरुमा प्राप्त भएको अंक सर्बोत्तम र उत्तम देखिएको छ ।




माकुरी जालो अनुसार बाहिरी घेराको प्लट प्रत्येक उपसूचकहरुको पूर्णाङ्कको जोडाई हो भने भित्री तारा आकारको माकुरी जालो प्रत्येक उपसूचकहरुले फेदीकोला गाउँपालिकाको लैससासमा प्राप्त गरेको अंकको प्लट हो । यसरी भित्री घेरा र बाहिरी घेराको बिश्लेषण गर्दा एक आपसका घेराहरु प्राय सबै उपसूचकहरुमा मध्यम बिन्दु भन्दा माथी नै रहेको पाउन सकिन्छ अर्थात उपसूचकहरुले प्राप्त गरेका अंकहरु पूर्णाङ्कको नजिक भएको अर्थात सन्तुलन वा उत्तम अङ्क प्राप्त गरेको बुझिन्छ । यसरी उपसूचकहरुले प्राप्त गरेका अङ्कहरु तुलनात्मक रुपमा सन्तुलित देखिएको छ भने अनौपचारिक मूल्य मान्यतामा तुलनात्मक रुपमा कम अंक प्राप्त भए पनि गाउँपालिकाको लैससास मूल्यांकन उत्तम अवस्थामा रहेको देखिन्छ। यसरी कम अंक प्राप्त उपसूचकहरुमा विषेश ध्यान दिने र यस वर्ष प्राप्त गरेको राम्रा अङ्कलाई अझ सुधार गर्न प्रत्येक उपसूचकहरुसँग सम्बन्धित कार्यक्रम तथा बजेट व्यवस्था र क्रियाकलाप कार्यान्वयनलाई निरन्तरता दिई सबै क्षेत्र तथा उपसूचकका क्रियाकलाप कार्यान्वयनमा बिशेष ध्यान दिनुपर्ने देखिन्छ। त्यसपछि मात्र फेदीकोला गाउँपालिका लैससास परीक्षणको मुल्यांकनमा सर्बोत्तम अवस्थामा समेत पुग्न सक्ने देखिन्छ ।

## ३.३ लैससास परीक्षण विधिबाट देखिएको लैससासको अवस्था

फेदीखोला गाउँपालिकाको लैससासको अवस्था सम्बन्धमा लैससास परीक्षणबाट प्राप्त अन्तिम नतिजा अनुसार विश्लेषणमा आधारित केही सूचकहरुमा सुधार गर्नको लागि आवश्यक कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्न आवश्यक देखिन्छ। समग्रमा अध्ययन गर्दा नीति तथा कानुन तथा योजना, संस्थागत व्यवस्था, सुशासन तथा उत्तरदायित्वमा नेपाल सरकारका लैससास विकासका नीति र प्रतिवद्धताको अवस्थासँग तुलना गर्दा सन्तोषजनक देखिएतापनि मानव संसाधन र क्षमता विकास र सेवा प्रवाहमा अझ धेरै नै सुधार गर्नुपर्ने दखिन्छ। फेदीखोला गाउँपालिकाको लैससासको प्रमुख सूचक अनुसार अन्तिम नतिजा तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. ६ : लैससास परीक्षण पश्चात समग्र प्रमुख सूचकहरुले प्राप्त गरेको अंक र नतिजा**

| सूचक नं | सूचकहरु | सूचकको कुल अंक | प्राप्तांक | प्रतिशत | नतिजा |
|---|---|---|---|---|---|
| १ | नीति कानुन तथा योजना | २० | १४ | ७० | उत्तम |
| २ | संस्थागत व्यवस्था | २० | १५ | ७५ | उत्तम |
| ३ | मानव संसाधन तथा क्षमता विकास | २० | १३ | ६५ | उत्तम |
| ४ | सेवा प्रवाह | २० | १५ | ७५ | उत्तम |
| ५ | सुशासन तथा उत्तरदायित्व | २० | १३।५ | ६७।५ | उत्तम |
| | **जम्मा** | **१००** | **७०।५** | **७०।५** | **उत्तम** |

## ३.४ मुख्य सूचक तथा सहायक सूचकहरुको तुलना

फेदीकोला गाउँपालिकाले अघिल्ला आथिर्क वर्ष २०८०/०८१ को लैससास परीक्षणको प्रतिवेदन सार्वजनिक गरीसकेको छ भने चालु आर्थिक वर्षमा अघिल्लो आर्थिक वर्ष २०८१/०८२ मा भएका लैससाससँग सम्बन्धीत क्रियाकलाप कार्यान्वयनको स्वमूल्यांकन गरी लैससास परीक्षणको अन्तिम प्रतिवेदन तयारीको अवस्थामा रहेको छ। यसरी दुई आर्थिक वर्षमा कुन कुन प्रमुख सूचक तथा सहायक उपसूचकहरुको कार्यान्वयनमा गाउँपालिका कुन स्तरमा रहीरहेको छ र आगामी आर्थिक वर्षहरुमा कस्ता कस्ता क्रियाकलाप तथा कुन कुन बिषयमा बजेट व्यवस्था गर्नुपर्नेछ भन्ने कुराको समेत तल तालिका तथा चार्ट अनुसार तुलनात्मक विवरण उल्लेख गरिएको छ।

**तालिका नं. ७ : मुख्य सूचकहरुको लैससास परीक्षणको तुलना बिश्लेषण**

| सूचक नं | मुख्य सूचकहरु | पूर्णाङ्क | आ.व.२०८१/०८२ | आ.व.२०८०/०८१ | कैफियत |
|---|---|---|---|---|---|
| १ | नीति कानुन तथा योजना | २० | १४ | १३।५ | |
| २ | संस्थागत व्यवस्था | २० | १५ | १३ | |
| ३ | मानव संसाधन तथा क्षमता विकास | २० | १३ | १२।५ | |
| ४ | सेवा प्रवाह | २० | १५ | १५।५ | |
| ५ | सुशासन तथा उत्तरदायित्व | २० | १३।५ | ९ | |
| | **जम्मा** | **१००** | **७०।५** | **६३।५** | |

लैससास परीक्षणका मुख्य सूचकहरुले आ. व. २०८१/०८२ मा प्राप्त गरेका अंक अघिल्लो आ.व. २०८०/०८१ को नतिजामा सुधार भएकोछ । तुलनात्मक रुपमा यस वर्षको मूल्यांकनमा नीति कानुन तथा योजना, संस्थागत व्यवस्था, मानव संसाधन तथा क्षमता विकास र सुशासन तथा उत्तरदायित्वमा बढी अंक प्राप्त भएकोछ भने सेवा प्रवाहमा कम अंक प्राप्त भएको देखिन्छ । फेदीकोला गाउँपालिकाले दुबै आर्थिक वर्ष २०८०/०८१ र २०८१/०८२ को लैससास परीक्षणको समग्रहमा उत्तम अंक नै हासिल गर्न सफल भएको छ भने तुलनात्मक रुपमा अघिल्लो आर्थिक  २०८०/०८१ को परीक्षणमा प्राप्त गरेको भन्दा ७ अंक बढी हो । दुई आर्थिक वर्षमा मुख्या सूचकहरुले प्राप्त गरेको अंकहरुलाई तलको ग्राफबाट प्रष्ट पारिएकोछ ।




फेदीकोला गाउँपालिकाले दुई आर्थिक वर्षमा गरेको लैससास परीक्षणका मुख्य सूचक अन्तर्गतका उपसूचकहरुमा प्राप्त भएका प्राप्ताङ्कहरुको तुलनात्मक तालिका विवरण तथा ग्राफ विश्लेषण निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका नं. ८ : सहायक सूचकहरुको लैससास परीक्षणको तुलना बिश्लेषण विवरण**

| उप सूचकहरु | पूर्णाङ्क | आ.व. २०८१/०८२ | आ.व. २०८०/०८१ | कैफियत |
|---|---|---|---|---|
| निती कानुनमा समावेशीता र सशभागीता | ८ | ६ | ४।५ | |
| योजना तजुमा तथा कार्यन्वयन | ८ | ४।५ | ६ | |
| बजेट तर्जुमा तथा कार्यन्वयन | ४ | ३।५ | ३ | |
| कर्मचारी पदाधिकारी तथा प्रतिनिधित्व | ४ | ३।५ | २।५ | |
| कार्यप्रणालि समावेशि | ४ | ३ | २ | |
| समिति उपसमिति र कार्यदलमा प्रतिनिधिँत्व | ४ | ३।५ | ३ | |
| वित्त व्यवस्थापन प्रणालीमा समावेशी | ४ | २।५ | ३ | |
| तथ्याङ्क संकलन तथा ब्यवस्थापन | ४ | २।५ | २।५ | |

| उप सूचकहरु | पूर्णाङ्क | आ.व. २०८१/०८२ | आ.व. २०८०/०८१ | कैफियत |
|---|---|---|---|---|
| मानव संसाधन तथा क्षमता विकास | ८ | ५।५ | ४।५ | |
| अनौपचारीक मूल्य मान्यता र कुसंस्कार बिरुद्ध जनचेतना | ४ | २ | २ | |
| कानुनी साक्षरता | ४ | २।५ | २।५ | |
| विपत व्यवस्थापनामा समावेशिता | ४ | ३ | ३।५ | |
| पूर्वाधार विकास | ४ | २।५ | २।५ | |
| प्रजनन स्जास्थ्य | ४ | ३।५ | ३ | |
| शिक्षा कार्यकम | ४ | ३ | ३।५ | |
| खानेपानी तथा सरसफाई | ४ | ३।५ | ४ | |
| स्वरोजगार तथा आय आर्जन र बजार व्यवस्थापन | ४ | २।५ | २।५ | |
| सुशासन | ४ | २।५ | २।५ | |
| उत्तरदायित्व र जवाफदेहिता | ४ | ३ | २ | |
| सूचना तथा संचार | ४ | २।५ | ०।५ | |
| अनुगमन तथा मूल्याङ्कन | ४ | २।५ | २।५ | |
| समन्वय र सम्बन्ध विस्तार | ४ | ३ | १।५ | |
| **जम्मा** | **१००** | **७०।५** | **६३।५** | |

तालिका अनुसार प्राय सबै उपसुचकहरुमा प्राप्त अंक अघिल्लो आर्थिक वर्ष भन्दा बढ्दै गएको देखिएकोछ भने योजना तर्जुमा तथा कार्यान्वयन, बित्त व्यवस्थापन प्रणालीमा समावेशी, विपद व्यवस्थापनमा समावेशीता, खानेपानी तथा सरसफाई र शिक्षा कार्यक्रममा आ.व.२०८१/०८२ प्राप्त अंक अघिल्लो आ.व. २०८०/०८१ को भन्दा कम अंक रहेकोछ। यसरी हेर्दा कम अंक प्राप्त भएका उपसूचकहरुमा बजेट व्यवस्थापन र कार्यान्वयनमा बजेटको सुनिश्चितता र कार्यान्वयन तथा निरन्तरता र दिगोपना कमजोर भएको बुझ्न सकिन्छ।

गाउँपालिकाको दुई आर्थिक वर्षको लैससास परीक्षणमा सहायक सूचकहरुमा प्राप्त भएका अङ्कहरुको तलको ग्राफको माध्यमबाट समेत प्रष्ट पार्न खोजिएको छ । जसमा बिभिन्न सहायक सूचकहरुमा प्राप्त भएका अंकहरुलाई प्लट गर्दा धेरैजसो उपसूचक अनुसार बनेका बिन्दुहरु एकैठ ठाउँमा परी ग्राफका लाइन खप्टीएका छन भने केही बिन्दुहरु एक आपसमा तलमाथी पनि देखिएका छन अर्थात अघिल्लो वर्षमा प्राप्त अंक अर्को वर्षमा बढेको तथा घटेको समेत देखिएकोछ । यसको अर्थ बजेट व्यवस्थापन, कार्यान्वयन र दिगोपनामा निरन्तरता भई केही सुधार भएको र कम अंक प्राप्त उपसूचकहरुमा अझ सुधार गर्नुपर्ने समेत भएको बुझ्न सकिन्छ ।



## ३.५ लैससास परीक्षणबाट देखिएका मुख्य उपलब्धीहरु

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यबिधि, २०७८** परिमार्जन सहित लागु भैसकेको अवस्थामा फेदीकोला गाउँपालिकाले पनि आ.व. २०८१/०८२ वर्षमा लैससास परिक्षण गरेको हो । लैससास परिक्षणको आवश्यकता तथा महत्व बुझी उपयुक्त अंक मापन बिधिबाट स्वमूल्यांकन गर्दा फेदीकोला गाउँपालिकाले ७३।० अंक प्राप्त गरी उत्तम नतिजा हासिल गरेकोछ । साथै लैससास परीक्षणबाट प्राप्त गरेका अन्य थप उपलब्धीहरु निम्नानुसार रहेको छ ।

- गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी र सरोकारवालाहरुमा लैससास सम्बन्धी बुझाईको विकास भएको छ ।
- अधिकांश सहभागीहरूले लैससास परीक्षणमा सक्रिय रूपमा भाग लिएका थिए र लैगिंक र सामाजिक समावेशी सम्बन्धमा व्यवहार परिवर्तन गर्न प्रेरणा मिलेको छ ।
- गाउँपालिकाको नीतिगत व्यवस्था, विद्यमान संस्थागत संरचना, योजना तर्जुमा र कार्यक्रमहरुमा महिला र सामाजिक रुपमा बञ्चितिमा परेका व्यक्ति र समुहको सहभागिता र संवेदनशिलतालाई लैससास परीक्षणले सहयोग पुर्‍याउने रहेछ भन्ने बारेमा जानकारी प्राप्त भएको छ ।
- लैससास परीक्षणका मुख्य सूचक तथा सहायक सूचकहरुका आधारमा गाउँपालिकाको वर्तमान अवस्थाको अंक मापन भएको छ ।
- लैससास परीक्षणका सूचकका आधारमा प्राप्त भएका सुझावहरुको कार्यान्वयनका लागि कार्य योजनाको तयारी र गाउँपालिकाको तर्फबाट कार्यान्वयनको सामुहिक प्रतिवद्धता भएको छ ।
- लैससाससँग सम्बन्धित रहेर नीति कार्यक्रम तथा योजना बनाई कार्यन्वयन गर्नको लागि आवश्यक संयन्त्र निर्माण गर्ने, चेतनामुलक कार्यक्रम सन्चाल गर्ने, अनुगमन संयन्त्र निर्माण गर्ने तथा सार्बजनिक सुनवाई र परीक्षण नियमित रुपमा गर्ने आवश्यकता महसुस गरियो ।
- लैङ्गिक हिंसाका घटनाहरुमा महिलाहरुले न्याय पाउन थालेका तथा आफ्नो अधिकारका लागि आवाज उठाउन थालेको पाईनेछ । साथै गाउँपालिकाको न्यायिक समितिले महिला हिंसा न्युनिकरणका लागि महत्वपुर्ण योगदान पुर्याएको समेत पाइनेछ ।

## ३.६ सवलता, दुर्वलता, अवसर र चुनौती बिश्लेषण (SWOT Analysis)

कार्यशालामा मुख्य विषय क्षेत्र अनुसार विभाजन गरिएको समूह कार्यबाट भएको सूचक अनुसारको स्व-मुल्यांकन अनुसार प्राप्त अंकको आधारमा पालिकाको लैससास अवस्थाको विश्लेषण गरिएको थियो । सम्बन्धित विषय क्षेत्रमा भएका सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतिहरुको विश्लेषण गरी तालिकामा तयार गरिएको थियो । यस अभ्यासबाट गाउँपालिकाको लैससास क्षेत्रको विस्तृत सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौती पक्षहरुको (SWOT Analysis) विश्लेषण भएको थियो । जसले कार्य योजना निर्माण गर्न सहयोग पुग्ने देखिन्छ ।

### ३.६.१ लैससास परीक्षणबाट देखिएका सबल पक्ष, सुधार गर्नु पर्ने पक्ष, अवसर र चुनौती

| मुल शिर्षक | सबल पक्ष | सुधारगर्नुपर्ने पक्ष | अवसर | चुनौती |
|---|---|---|---|---|
| **नीति कानुन तथा योजना** | १. नीति कानुनमा समावेीता र सहभागीता<br>२. योजना तर्जुमा तथा कार्यान्वयनको अवस्था राम्रो<br>३. स्थानीय योजनाहरु महिला, बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने गरी बनेको ।<br>४. स्थानीय सरकारका उपभोक्ता समितिहरुमा लक्षित समुहका प्रतिनिधि सहित कम्तीमा ४०% महिलाहरुको सहभागिता भएको ।<br>५. स्थानीय तहको नीतिमा रैथाने र आप्रवासी कामदार तथा श्रमजीवि उपर हुने विभेद रोक्ने प्रावधान<br>भएको ।<br>५. स्थानीय स्तरमा महिला तथा वञ्चितिमा परेको समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध मिलाएको ।<br>६. योजना तर्जुमा गर्दा महिला तथा वञ्चितिकरणमा परेका समुहहरुको व्यवहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपुर्ति गर्ने विषयमा छलफल हुने गरेको । | १. बजेट तर्जुमा तथा कार्यन्वयनमा लैससासलाई ध्यान दिनुपर्ने ।<br>२. लैङिगक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजना कार्यान्वयनका लागि पर्याप्त बजेट तथा कार्यक्रम बार्षिक योजनामा समावेश गर्नुपर्ने ।<br>३. स्थानीय सरकारको क्षमता विकास योजनामा लैङिगक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवम परीक्षण नियममित रुपमा गर्न बजेटको व्यवस्था गर्नुपर्ने ।<br>३. बजेट तथा कार्यक्रम तर्जुमा गर्नु भन्दा अघि समुदायका महिला, बालबालिका, अपाङगता भएका व्यक्ति, जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग र दलित लगायतका सबै जातजाति र विपन्न वर्गका समुहहरुसँग बसेर समस्या केलाउने वा विश्लेषण गर्ने व्यवस्था मिलाउनुपर्ने ।<br>४. दीगो विकासका लक्ष्यहरु विशेष गरेर लक्ष्य नं. ५ लैङिगक समानता प्राप्त गर्ने | १. लैससासको नीति तथा कानुन र बजेट स्वंयम स्थानीय तहले बनाउने भएकाले आफ्नो परिवेश अनुसार बनाउन पाइने तथा कार्यन्वयनको लागि स्वस्फुर्त रुपमा काम गर्न सकिने ।<br>२. लैससासको क्षेत्रमा नीति, कानून, योजना तथा कार्यक्रमहरु कार्यान्वयन गरि लैंससास सुचचांक लाई सुधार गर्न सकिने अवस्था रहेको । | १. लैससासको अवधारणा भर्खर कार्यान्वयनको चरणमा रहेकोले यसको पुर्ण कार्यन्वयन हुन केही समय लाग्ने ।<br>२. दीगो विकासका लक्ष्यहरुलाई स्थानीयकरण गरि सोही अनुसारका योजना तयार गरि वजेट विनियोजन सहित कार्यान्वयन गर्न चुनौतिपुर्ण रहेको । |

| मुल शिर्षक | सबल पक्ष | सुधारगर्नुपर्ने पक्ष | अवसर | चुनौती |
|---|---|---|---|---|
| | | विषयलाई स्थानीयकरण गरी सो अनुसारको बजेट विनियोजन गर्नुपर्ने । | | |
| **संस्थागत विकास** | १. कर्मचारीहरुको पदपुर्तिको निर्णय गर्दा सवै जातजाति, वर्ग, लिङग र समुदायका बीच समावेशीकरण हुने गरी कर्मचारीको समावेशी समानुपातिक प्रतिनिधित्व हुन सक्ने रणनीति लिइएको ।<br>२. लैङिगक डेक्सको व्यवस्था र आवश्यक मानवीय स्रोतहरुको लागि बजेटको व्यवस्था भएको ।<br>३. समावेशी सूचना प्रणाली व्यवस्थापन गर्न बजेटको व्यवस्था भएको र कम्प्युटरकृत लेखा प्रणाली राखिएको<br>४. सामाजिक सुरक्षा भक्ता पाउनेहरु र पञ्जिकरणको अभिलेख व्यवस्थापन तथा तथ्याङक अध्यावधिक गर्ने गरेको ।<br>५. न्यायिक समितिले सकृयता पूर्वक काम गरेको ।<br>६. विपद व्यवस्थापनमा समावेशी सहभागिता गर्ने प्रयास भएको । | १. आफनो पार्श्वचित्रमा आधारित खण्डीकृत तथ्याङक र सूचनालाई आधार मानि स्थानीय विकास योजना तर्जुमा गर्नुपर्ने ।<br>२. महिला तथा विशेष समुदायलाई विशेष सेवा प्रदान गर्दा सम्बन्धित समुदायको भाषा, संस्कृति र रहन सहन अनुसारको कार्यक्रम तयार गर्नुपर्ने ।<br>३. निर्णायक तहमा (कर्मचारी /पदाधिकारी) महिलाहरुको समानरुपमा ५०/५० प्रतिशत प्रतिनिधित्व सुनिश्चित गर्न पहल गर्नुपर्ने ।<br>४. महिला र पुरुषबीच असमानता हटाउन तथा समाजिक समावेशीकरण बढाउनको लागि स्थानीय तहको निश्चित कार्यनीति बनाई कार्यन्वयन गर्नुपर्ने । | स्थानीय सरकारले आफ्नो पालिकाको पार्श्व चित्र तयार गरि नीति, योजना, कार्यक्रम कार्यन्वयन र सबै क्षेत्रमा समावेशी सहभागीता सुनिश्चित गर्न सक्ने । | गत आठ वर्षदखि संघीयताको अभ्यास शुरु भएको, केन्द्रिय, प्रदेश तथा स्थानीय आफैले पनि निर्माण गर्नुपर्ने नीति कानुनमा अझै स्पष्टता आउन नसक्नु |
| **मानव संसाधन तथा क्षमता विकास** | १. लैङिगक समानता तथा सामाजिक समावेशी सम्बन्धी तालिम दिन तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सक्ने मानवीय स्रोत भएको । | १. लैङिगक तथा समावेशी विकासको लागि क्षमता विकास कार्ययोजना तयार नगरेको र छुटटै शिर्षकमा बजेट विनियोजन गर्नुपर्ने । | आफैले नीति बनाउने र कार्यान्वयन पनि गर्ने हुँदा नीति बनाउन र कार्यान्वयन गर्न सजिलो हुने भएकोले | निर्वाचित पदाधिकारी, कर्मचारी लगायतका सरोकारवालाहरुलाई कानुनी रुपमा साक्षर बनाउन केही समय लाग्ने । समावेशीता |

| मुल शिर्षक | सबल पक्ष | सुधारगर्नुपर्ने पक्ष | अवसर | चुनौती |
|---|---|---|---|---|
| | २. महिला र वञ्चितिकरणमा परेको समुदाय लक्षित लोक सेवा आयोग पूर्व तयारी कक्षा सञ्चालन र कार्यान्वयन भएको ।<br>३. विपद व्यवस्थापन सम्बन्धी मापदण्ड, रणनीति, कार्यनीति, कार्यविधि बनाउँदा महिला तथा वञ्चितिकरणमा परेको समुदायसँग परामर्श लिने गरिएको ।<br>४. विपद व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत परिचालन गर्दा महिला तथा वञ्चितिकरणमा परेको समुदाय समेतको सहभागितामा निर्णय गर्ने गरेको ।<br>५ महिला विरुद्ध सबै खाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरु सञ्चालन गर्ने गरेको । | २. महिला विकासका लागि भएका बेइजिङग घोषणा पत्रका १२ वटा प्रतिवद्धताहरुका बारेमा स्थानीय सरकारका पदाधिकारीहरु र कर्मचारीहरुलाई जानकारी गराउने ।<br>३. लैङिगक हिंसा रहित वडा/गाउँपालिका घोषणा गर्न पहल गर्नुपर्ने ।<br>४. कार्यपालिका सदस्यहरु, सभाका सदस्यहरु र पालिकाकाका सबै शाखा प्रमुखहरुलाई कानुनको मस्यौदा तर्जुमा सम्बन्धी प्रक्रिया र समाधान गर्नुपर्ने मूल समस्या तथा सवाल लगायत मुख्य विषयवस्तुका सम्बन्धमा समय समयमा अभिमुखीकरण तालिम प्रदान गर्नुपर्ने । | छिटो नतिजा छिटो आउने ।<br>जनप्रतिनिधि, कर्मचारीहरुले नेपालको प्रचलीत कानून तथा पालिकाबाट जारी गरिएका कानुनहरुको बारेमा जानकारी हुने | अलिक बृहत क्षेत्र भएकाले यसतर्फ नतीजामुलक परिणाम आउन केही समय लाग्ने । |
| **सेवा प्रवाह** | १. भौतिक पूर्वाधार तथा अन्य संरचना निर्माणको लागि प्राविधिक लागत अनुमान तथा ठूला योजनाहरुको गुरु योजना तयार गर्दा महिला, बालबालिका, अपाङगता भएका व्यक्तिले निर्वाध प्रयोग गर्न सकिने गरी लैङिगक, बाल, अपाङग मैत्री र संवेदनशील संरचनाको प्रावधान सहित हुने गरेको ।<br>२. निजी तथा सार्वजनिक भवन तथा संरचना निर्माण सम्बन्धी नक्सा स्वीकृत गर्दा महिला, अपाङगता भएका व्यक्ति तथा बालमैत्री युक्त दृष्टिकोणबाट समेत उपयुक्त हुने गरी संरचना तयार गर्न निर्देशन दिने गरिएको । | १. स्थानीय तहको कार्यालय, अस्पताल वा स्वास्थ्य चौकी र सार्वजनिक स्थलहरुमा बच्चालाई स्तनपानका निमित्त अलग्गै कक्षको व्यवस्थापन गर्न पहल गर्नुपर्ने ।<br>२. महिला, गरिब, निमुखा र वञ्चितिकरणमा परेका व्यक्तिहरुको स्वास्थ्य विमा गर्न सहजिकरण र सहयोग गर्नुपर्ने ।<br>३. गरिब तथा वञ्चितिकरणमा परेको समुदायको पहुँच र क्रयशक्ति अनुरुप | १. आवश्यकताको आधारमा सेवा प्रवाह गर्न सजिलो हुने ।<br>२. गाँउपालिकाले दिने सेवा नै लैंगिक मैत्री, समानता, लगाएत सम्पुर्ण बञ्चितीकरणमा परेका समुदाय समेतलाई सम्बोधन हुने गरि | १. आर्थिक श्रोत तथा बजेटको अभावमा कतिपय सेवाहरु समयमानै प्रवाह गर्न नसकिने ।<br>२. सेवा प्रवाह लाई नीतिगत रुपमा व्यवस्थापन गर्न चुनौती पनि रहेको छ । |

| मुल शिर्षक | सबल पक्ष | सुधारगर्नुपर्ने पक्ष | अवसर | चुनौती |
| --- | --- | --- | --- | --- |
| | ३. गाउँपालिका भित्रका विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालयमा भर्ना गराउने प्रवन्ध मिलाएको<br>४.अशिक्षित महिलाहरुको लागि शिक्षा सम्बन्धी विशेष कार्यक्रमहरु सञ्चालित भएको<br>५.विद्यालयमा छात्र र छात्राको लागि छुटटा छुटटै शौचालय, किशोरी छात्राको लागि सेनेटरी प्याड र यौन शिक्षा तथा सहजिकरण कार्यक्रम सञ्चालन गरेको<br>६. गाउँपालिकामा सफा पिउने पानी, हात धुने व्यवस्था, महिला र पुरुषका लागि अलग्गै शौचालयको व्यवस्था भएको । | सुपथमूल्य सहकारी पसलहरुको व्यवस्थापन गर्दै जानुपर्ने ।<br>४.बैदेशिक रोजगारीमा जाने महिला तथा वञ्चितिकरणमा परेको समुदायको क्षमता विकासको लागि कार्यक्रमहरु तय गरी कार्यान्वयन गर्न पहल गर्नुपर्ने । | व्यवस्था हुने सम्भावना रहेको । | ३. गाँउपालिकाहरुले दिने सेवाहरु एकिकृत सेवा अन्तरगत पर्ने हुँदा समग्र एकिकृत सेवा उपलब्ध गराउन पनि व्यवहारीक रुपमा कठिन र चुनौतीपुर्ण छ |
| **सुशासन तथा उत्तरदायित्व** | १. सेवा प्रवाह, विकास निर्माण र स्थानीय शासनका विषयमा कार्यपालिका तथा सभाबाट नीति, कानुन जारी गरी सोही कानुन बमोजिम सम्बन्धित अधिकारीबाट निर्णय गरी कामकाज गर्ने गरेको ।<br>२.नियमित रुपमा कार्यक्रमको सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण गर्ने गरेको<br>३.जनप्रतिनिधिहरु र कर्मचारीको आचार संहिता स्वीकृत गरी कार्यान्वयनमा ल्याएको ।<br>४.वार्षिक योजना तथा कार्यक्रमको सार्वजनिक गर्ने गरको । | १. संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषदबाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना, मानव अधिकार कार्ययोजना तथा छुवाछुत विरुद्धको कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनी उल्लेख गरिएका कार्यक्रमहरुमा रकम विनियोजन तथा कार्यान्वयन गर्नुपर्ने ।<br>२.पालिकाका प्रतिनिधिहरु तथा कर्मचारीहरुलाई लैङिगक तथा समावेशी विकास सम्बन्धी क्षमता विकास तालिमहरु प्रदान गर्नुपर्ने । | १. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तर्जुमा गरि लागु गर्न सक्ने अवस्था रहेको ।<br>२. सुशासन तथा सामाजिक जवाफदेहिताका औजारहरुको नियमित प्रयोग गर्दै शासन प्रक्रियालाई अझ बढि समावेशी बनाउन सकिने । | १. हरेक अन्तरबस्तुहरु राजीतिक सवालमा रुपान्तरित भै मिलेमतोमा हुने खतरा हुन सक्छ ।<br>२. योजना र कार्यक्रमहरु तेस्रो पक्षको सहभागीतामा अनुगमन गर्नु पर्ने ।<br>३. योजनाहरुको सार्वजनिक परीक्षण गर्नु पर्ने । |

| मुल शिर्षक | सबल पक्ष | सुधारगर्नुपर्ने पक्ष | अवसर | चुनौती |
|---|---|---|---|---|
| | ५. संघ र प्रदेश सरकारहरुले तय गरेका नीति, कानुन तथा कार्यक्रमहरुको कार्यान्वयनमा सहकार्य, समन्वय र सहजिकरण गर्ने गरेको ।<br>६.लैङिगक समानता तथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरु बीच छलफल तथा यस क्षेत्रको विकासको लागि नियमित रुपमा सहकार्य हुने गरको । | ३.स्थानीय रेडियो, एफएम र छापा माध्यमद्धारा समावेशीकरण तथा लैङिगक समानता सम्बन्धी सूचना प्रवाह गरी जनतालाई सुसुचित गर्ने कार्यक्रम संचालन गर्नुपर्ने ।<br>४.महिला विकासका लागि भएका बेइजिङग घोषणा पत्रका बाह्रवटा प्रतिवद्धताहरुका क्षेत्रमा कार्यक्रम तय गरी कार्यान्वयन गर्नुपर्ने । | ३. वार्षिक कार्यक्रम र बजेट सरोकारवालले थाहा पाउँदा स्थानीय तहलाई नजिकको सरकारको अनुभुति हुने | |

## ३.७ लैङिगक समानता तथा सामाजिक समावेशीकरण कार्ययोजना

फेदीकोला गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को लैससास परीक्षण र प्रत्येक मुख्य सूचक तथा सहायक सूचकका क्रियाकलाप अनुसार प्राप्तांकका आधारमा अति कमजोर सूचकहरु अर्थात लैससासमा न्यून अंक प्राप्त गरेका वा कुनै पनि अंक प्राप्त नगरेका क्रियाकलापहरुलाई आधार मानी फेदीखोला गाउँपालिकाको आगामी आर्थिक वर्षका लागि निम्नानुसारको लैससास कार्ययोजना तयार गरिएको छ ।

| मुल शिर्षक | पूर्णाङ्क | प्राप्ताङ्क | अवस्था सुधारका लागि आवश्यक क्रियाकलाप | क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारी | | | समयावधि | थप दायित्व | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | | पर्ने | नपर्ने |
| **१ नीति, कानून, योजना** | २० | १४ | | | | | | | |
| | | | स्थानीय सरकाले आफ्ना नीति, कानुन, योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिले उपयुक्त भए नभएको बारे लेखाजोखा गनुर्नपर्ने | प्रमुख प्रशाकीय अधिकृत/योजना शाखा | गाउँ सभा / कार्यपालिका | कानुन शाखा/प्रशासन शाख/महिला तथा | आ.व ०८३/०८४ | | √ |

| मुख्य शीर्षक | पूर्णाङ्क | प्राप्ताङ्क | अवस्था सुधारका लागि आवश्यक कियाकलाप | कियाकलाप सञ्चालन गर्ने जिम्मेवारी | | | समयावधि | थप दायित्व | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | | पर्ने | नपर्ने |
| | | | | | | बालबालिका शाखा | | | |
| | | | स्थानीय तहले कार्यान्वयनमा ल्याएका ऐन, नियम तथा कार्यविधिमा महिला तथा बञ्चितिमा परेका समुदाय अर्थात लक्षित वर्गमा हुने सबै प्रकारका विभेद जन्य कार्यहरु रोक्न पर्याप्त प्रावधान व्यवस्था गर्नुपर्ने | प्रमुख प्रशाकीय अधिकृत/योजना शाखा | कार्यपालिका | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाख/ योजना शाखा | आ.व ०८३/०८४ | | √ |
| | | | गाउँपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारण गर्दा महिला, बालबालिका तथा वञ्चितिकरणमा परेको समुहको अवस्था विशलेषणको आधारमा सो समुहको लागि वा प्रत्यक्ष्य फाइदा पुग्ने गरी कुल पुँजिगत बजेटको निशिचत प्रतिशत छुटयाउनुपर्ने । | प्रमुख प्रशाकीय अधिकृत/योजना शाखा | गाउँ सभा / कार्यपालिका | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाख/ योजना शाखा | आ.व ०८३/०८४ | √ | |
| | | | योजना तर्जुमा गर्दा महिला र पुरुष एवम लक्षित समुहहरुको छुटटा छुटटै अवस्था विश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तय गर्नुपर्ने । | प्रमुख प्रशाकीय अधिकृत/योजना शाखा | कार्यपालिका / गाउँ सभा | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाख/ योजना शाखा | आ.व ०८३/०८४ | √ | |
| | | | स्थानीय सरकारले दीगो विकासका लक्ष्यहरु विशेष गरेर लक्ष्य नं. ५ लैङिगक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण गरी सो अनुसारको बजेट विनियोजन गर्नुपर्ने । | प्रमुख प्रशासकीय अधिकृत / योजना शाखा | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण | महिला तथा बालबालिका शाखा | आ.व ०८३/०८४ | √ | |

| मुख्य शीर्षक | पूर्णाङ्क | प्राप्ताङ्क | अवस्था सुधारका लागि आवश्यक कियाकलाप | कियाकलाप सञ्चालन गर्ने जिम्मेवारी | | | समयावधि | थप दायित्व | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | | पर्ने | नपर्ने |
| | | | | | समिति/ नगर सभा | | | | |
| | | | स्थानीय सरकारको बजेट तथा कार्यक्रममा लक्षित समुहहरुको लागि निश्चित प्रतिशत बजेट विनियोजन गरी उनीहरुको हितका कार्यक्रममा समयमै खर्च गर्नुपर्ने । | प्रमुख प्रशाकीय अधिकृत/योजना शाखा | कार्यपालिका / नगर सभा | प्र.प्र.अ./महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा | आ.व ०८३/०८४ | √ | |
| **२ संस्थागत विकास** | २० | १५ | | | | | | | |
| | | | स्थानीय सरकारको निर्णायक तहमा ( कर्मचारी /पदाधिकारी) महिलाहरुको समानरुपमा ५०/५० प्रतिशत प्रतिनिधित्व रहेको हुनुपर्ने । | प्रमुख प्रशाकीय अधिकृत | कार्यपालिका / गाउँ सभा | प्रमुख प्रशासकीय अधिकृत/प्रशासन शाखा | आ.व ०८३/०८४ | | √ |
| | | | महिला र पुरुषबीच असमानता हटाउन तथा समाजिक समावेशीकरण बढाउनको लागि स्थानीय तहको निश्चित कार्यनीति हुनुपर्ने । | प्रमुख प्रशाकीय अधिकृत | बिधायन समिति / कार्यपालिका | प्रशासन शाखा | आ.व ०८३/०८४ | | √ |
| | | | स्थानीय तहमा महिला विकास, लैङिगक हिंसा विरुद्ध, महिला सीप विकास, नेतृत्व विकास तथा क्षमता अभिबृद्धि जस्ता विषयमा स्रोत व्यवस्थापनका लागि बार्षिक आर्थिक ऐनमा उल्लेख गरी छुटटै कोष स्थापना गर्नुपर्ने । | प्रमुख प्रशाकीय अधिकृत | गाउँ सभा/ कार्यपालिका | योजना तथा अनुगमन शाखा/ महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा | आ.व ०८३/०८४ | √ | |
| | | | स्थानीय सरकारले आफनो पार्श्वचित्रमा आधारित खण्डीकृत तथ्याङक र सूचनालाई | योजना तर्जुमा समिति/योजना शाखा | कार्यपालिका / गाउँ सभा | प्रमुख प्रशासकीय अधिकृत/ योजना शाखा | आ. व ०८३/०८४ | | √ |

| मूल शीर्षक | पूर्णाङ्क | प्राप्ताङ्क | अवस्था सुधारका लागि आवश्यक क्रियाकलाप | क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारी | | | समयावधि | थप दायित्व | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | | पर्ने | नपर्ने |
| | | | आधार मानि स्थानीय विकास योजना तर्जुमा गर्ने । | | | | | | |
| **३. मानव संसाधन तथा क्षमता विकास** | २० | १३ | | | | | | | |
| | | | महिला र वञ्चितिकरणमा परेको समुदाय लक्षित लोक सेवा आयोग पूर्व तयारी कक्षा कार्यक्रम सञ्चालन तथा कार्यान्वयन गर्नुपर्ने । | प्रमुख प्रशासकीय अधिकृत | कार्यपालिका / गाउँ सभा | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा /प्रशासन शाखा | आ. व ०८३/०८४ | √ | |
| | | | महिला विकासका लागि भएका बेइजिङग घोषणा पत्रका १२ वटा प्रतिवद्धताहरुका बारेमा स्थानीय सरकारका पदाधिकारीहरु वा कर्मचारीहरुलाई जानकारी गराउनुपर्ने । | प्रमुख प्रशासकीय अधिकृत | कार्यपालिका / गाउँ सभा | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा /प्रशासन शाखा | आ. व ०८३/०८४ | | √ |
| | | | लैङिगक हिंसा रहित स्थानीय तह घोषणा गरेको र महिला हिंसा विरुद्ध सुन्य सहिष्णुता अपनाएको हुनुपर्ने । | प्रमुख प्रशासकीय अधिकृत/महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा | कार्यपालिका / गाउँ सभा | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा /प्रशासन शाखा | आ. व ०८३/०८४ | √ | |
| | | | स्थानीय सरकारले महिला विरुद्ध सबै खाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने । | प्रमुख प्रशासकीय अधिकृत | कार्यपालिका / गाउँ सभा | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा /प्रशासन शाखा | आ. व ०८३/०८४ | √ | |

| मूल शिर्षक | पूर्णाङ्क | प्राप्ताङ्क | अवस्था सुधारका लागि आवश्यक क्रियाकलाप | क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारी | | | समयावधि | थप दायित्व | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | | पर्ने | नपर्ने |
| | | | महिलाहरुको लागि सञ्चालित कानुनी शिक्षा सम्बन्धी कार्यक्रमहरु सञ्चालनबाट उनीहरुलाई लाभान्वित बनाउनुपर्ने । | प्रमुख प्रशासकीय अधिकृत/महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा | कार्यपालिका | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा | आ. व ०८३/०८४ | √ | |
| | | | स्थानीय स्तरको विपद सम्बन्धी तथ्याङ्क, नक्साङ्कन तथा व्यवस्थापन गर्दा लाभान्वित समुहमा महिला तथा वञ्चितिकरणमा परेको समुदाय समेतको खण्डीकृत तथ्याङ्क राखी आपतकालीन कार्य सञ्चालन तथा राहत वितरण गर्नुपर्ने | प्रमुख प्रशासकीय अधिकृत | कार्यपालिका | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा /विपद व्यवस्थापन शाखा | आ. व ०८३/०८४ | √ | |
| | | | विपद व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत परिचालन गर्दा महिला तथा वञ्चितिकरणमा परेको समुदाय समेतको सहभागितामा निर्णय गर्नुपर्ने । | प्रमुख प्रशासकीय अधिकृत | कार्यपालिका / गाउँ सभा | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा /विपद व्यवस्थापन शाखा | आ. व ०८३/०८४ | √ | |
| ४. सेवा प्रवाह | २० | १५ | | | | | | | |
| | | | स्थानीय तहका भवन, भौतिक पूर्वाधार तथा संरचनाहरु, शिक्षा, स्वास्थ्य र अन्य सामाजिक पूर्वाधार सम्बन्धी भवन र अन्य संरचनाहरु निर्माण गर्दा महिला अपाङ्गता भएका व्यक्ति तथा बालमैत्री युत्त दृष्टिकोणबाट समेत उपयुक्त हुने गरी निर्माण गर्नुपर्ने । | प्रमुख प्रशासकीय अधिकृत/योजना शाखा | कार्यपालिका / गाउँ सभा | योजना शाखा/भौतिक पूर्वाधार विकास शाखा | आ. व ०८३/०८४ | √ | |

| मुख्य शिर्षक | मुद्दा | प्राथमिकता | अवस्था सुधारका लागि आवश्यक क्रियाकलाप | क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारी | | | समयावधि | थप दायित्व | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | | पर्ने | नपर्ने |
| | | | स्थानीय तहले १५०० वर्गफिट भन्दा बढी क्षेत्रफल भएका निजी तथा सार्वजनिक भवन तथा संरचना निर्माण सम्बन्धी नक्सा स्वीकृत गर्दा महिला, अपाङगता भएका व्यक्ति तथा बालमैत्री युक्त दृष्टिकोणबाट समेत उपयुक्त हुने गरी संरचना तयार गर्न निर्देशन दिनुपर्ने । | प्रमुख प्रशासकीय अधिकृत | कार्यपालिका / गाउँ सभा | भौतिक पूर्वाधार विकास शाखा | आ. व ०८३/०८४ | | √ |
| | | | स्थानीय तहको कार्यालय, अस्पताल वा स्वास्थ्य चौकी र सम्भव भएका सार्वजनिक स्थलहरुमा बच्चालाई स्तनपानका निमित्त अलग्गै कक्ष र समयको व्यवस्थापन र सो को व्यवस्थापन गर्नुपर्ने । | प्रमुख प्रशासकीय अधिकृत/योजना शाखा | कार्यपालिका | भौतिक पूर्वाधार विकास शाखा/ महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा | आ. व ०८३/०८४ | √ | |
| | | | स्थानीय तहले आफनो पालिका भित्रका विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालयमा भर्ना गराउने प्रवन्ध मिलाउनुपर्ने । | प्रमुख प्रशासकीय अधिकृत/शिक्षा शाखा | कार्यपालिका | शिक्षा शाखा | आ. व ०८३/०८४ | | √ |
| | | | ग्रामीण महिला प्राविधिकहरु (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धी प्राविधिक) र सामाजिक परिचालक व्यवस्थापन गर्नुपर्ने । | पशु सेवा शाखा /कृषि विकास शाखा | कार्यपालिका / गाउँ सभा | प्रमुख प्रशासकीय अधिकृत/ प्रशासन शाखा | आ. व ०८३/०८४ | √ | |
| | | | गरिब तथा वञ्चितिकरणमा परेको समुदायको पहुँच र क्रयशक्ति अनुरुप सुपथ मूल्य सहकारी पसलहरुको व्यवस्थापनमा पालिकाको कार्यक्रम कार्यान्वयन गर्नुपर्ने | सहकारी शाखा /योजना शाखा | कार्यपालिका / गाउँ सभा | सहकारी शाखा /योजनाशाखा/कृषि विकास शाखा | आ. व ०८३/०८४ | | √ |

| मुख्य शीर्षक | पूर्णाङ्क | प्राप्ताङ्क | अवस्था सुधारका लागि आवश्यक क्रियाकलाप | क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारी | | | समयावधि | थप दायित्व | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | | पर्ने | नपर्ने |
| **५. सुशासन, उत्तरदायित्व र जवाफदेहिता** | २० | १३।५ | | | | | | | |
| | | | स्थानीय तहले विधिको शासन, व्यापक जनसहभागिता, भ्रष्टाचार बिरुद्ध शुन्य सहनशीलता, सेवा प्रवाहमा निश्पक्षता र महिला तथा वञ्चितिकरणमा परेको समुदायलाई अधिकार जस्ता नीति कार्यान्वयनमा ल्याउनु पर्ने । | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा | कार्यपालिका / गाउँ सभा | प्र.प्र.अ. / महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा | आ. व ०८३/०८४ | | √ |
| | | | महिला विकासका लागि भएका बेइजिङग घोषणा पत्रका बाह्रवटा प्रतिवद्धताहरुका क्षेत्रमा कार्यक्रम तय गरी कार्यान्वयन गर्नुपर्ने । | प्रमुख प्रशासकीय अधिकृत/योजना शाखा | कार्यपालिका / गाउँ सभा | योजना शाखा/ महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा | आ. व ०८३/०८४ | √ | |
| | | | संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धी १९८९ मा गरिएको प्रतिवद्धता कार्यान्वयन गर्ने कार्यक्रमहरुमा रकम विनियोजन गरी कार्यक्रमहरु समयमा सम्पन्न गर्नुपर्ने । | प्रमुख प्रशासकीय अधिकृत/योजना शाखा | कार्यपालिका / गाउँ सभा | योजना शाखा/ महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा | आ. व ०८३/०८४ | √ | |
| | | | स्थानीय सरकारले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा वञ्चितिकरणमा परेका व्यक्ति तथा समुदायको तर्फवाट स्थानीय सरकारले | प्रमुख प्रशासकीय अधिकृत | कार्यपालिका | प्रशासन शाखा/योजना शाखा | आ. व ०८३/०८४ | | √ |

| मूल शिर्षक | पूर्णाङ्क | प्राप्ताङ्क | अवस्था सुधारका लागि आवश्यक क्रियाकलाप | क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारी | | | समयावधि | थप दायित्व | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | | पर्ने | नपर्ने |
| | | | लिएको नीति तथा कार्यक्रम र सो को कार्यान्वयनका विषयमा आवाज उठेका प्रश्न उपर स्थानीय सरकारबाट सम्बोधन हुनुपर्ने । | | | | | | |
| | | | स्थानीय स्तरमा महिला, बालबालिका सबै जनजाती विपन्न वर्ग (आदिवासी जनजाति, दलित, मधेशी, मुश्लिम, पिछडावर्ग अपाङगता भएको व्यक्तिहरु, ज्येष्ठ नागरिक लगायत अन्य) लक्षित समुहहरुको सूचना, शिक्षा तथा सञ्चार सम्बन्धी कार्यक्रमको प्रवाहबाट यी वर्गहरुको जनचेतनामा वृद्धि गराउनुपर्ने । | प्रमुख प्रशासकीय अधिकृत/प्रशासन शाखा | कार्यपालिका / गाउँ सभा | योजना तथा अनुगमन शाखा /महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा | आ. व ०८३/०८४ | √ | |
| | | | स्थानीय सरकारले सञ्चालन गरेको अनुगमन, मूल्याङकन गर्दा लैङिगक समानता तथा सामाजिक समावशी विकास सम्बन्धी कार्यक्रमको सञ्चालनबाट सरोकारवालालाई पुगेको लाभ, असर र प्रभाव विश्लेषण गर्नुपर्ने । | प्रमुख प्रशासकीय अधिकृत/योजना तथा अनुगमन शाखा | कार्यपालिका | योजना तथा अनुगमन शाखा /प्रशासन शाखा /महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा | आ. व ०८३/०८४ | | √ |
| | | | स्थानीय तहले संघ र प्रदेश सरकारहरुले तय गरेका नीति, कानुन तथा कार्यक्रमहरुको कार्यान्वयनमा सहकार्य, समन्वय र सहजिकरण गर्नुपर्ने । | प्रमुख प्रशासकीय अधिकृत | कार्यपालिका / गाउँ सभा | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा | आ. व ०८३/०८४ | √ | |
| | | | महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र | प्रमुख प्रशासकीय अधिकृत | कार्यपालिका / गाउँ सभा | योजना शाखा/ महिला, बालबालिका | आ. व ०८३/०८४ | √ | |

| मूल शीर्षक | पूर्णाङ्क | प्राप्ताङ्क | अवस्था सुधारका लागि आवश्यक क्रियाकलाप | क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारी | | | समयावधि | थप दायित्व | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | | पर्ने | नपर्ने |
| | | | संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषदबाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना, मानव अधिकार कार्ययोजना तथा छुवाछुत विरुद्धको कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनी उल्लेख गरिएका कार्यक्रमहरुमा रकम विनियोजन तथा कार्यान्वयन गर्ने । | | | तथा जेष्ठ नागरिक शाखा | | | |

## ३.८ निश्कर्ष

फेदीकोला गाउँपालिकामा समावेशी लोकतन्त्रलाई संस्थागत गर्न सामाजिक न्याय कायम गरी राज्य संरचनामा सबै नागरिकको समतामूलक पहुँच स्थापित गर्न लैससासको अवधाराणालाई व्यवहारमा उतार्न र पालिकालाई लैससास मैत्री बनाई कार्यक्रम कार्यान्वयन गर्न गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को अवस्थालाई विश्लेषण गरी लैससास परीक्षण गरिएको थियो । परीक्षणको नतिजा अनुसार नीति कानुन तथा योजना, संस्थागत व्यवस्था र सेवा प्रवाहमा ७० भन्दा बढी मुल्यांकन अंक प्राप्त गरेकोछ भने बाँकी दुईवटा मुख्य सूचकहरु मनव संसाधन तथा क्षमता विकास र सुशासन तथा उत्तरदायित्वमा ६० भन्दा बढी अंक प्राप्त गरी समग्रमा गाउँपालिकाले लैससासको वार्षिक स्वमूल्यांकनमा उत्तम नजिता हासिल गरेको पाइएकोछ । मुख्य सूचक अन्तर्गतका सबै उपसूचकका क्षेत्रहरुमा दिगोपना निरन्तरताका लागि नियमित वार्षिक कार्यक्रम तथा बजेटको व्यवस्थापन र सम्बन्धित क्रियाकलाप कार्यान्वयनलाई जोड दिनुपर्ने देखिन्छ । गाउँपालिकाले ५ वटा मुख्य सूचकहरु मध्ये मानव संसाधन तथा क्षमता विकास विषयगत क्षेत्रका सूचकहरुमा विशेष ध्यान दिई थप सुधारात्मक क्रियाकलापहरु कार्यान्वयनमा ल्याउनु पर्ने देखिएकोछ । गाउँपालिकाले आफ्नो ऐन, नियम, कानुन, नीति तर्जुमा गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको मुद्धाहरुलाई पुर्ण रुपमा समाहित गरी निर्माण गर्ने र प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने देखिएको छ । लैससास परीक्षणको कममा विश्लेषण गरिएको सवल पक्ष, कमजोर पक्ष, अबसर र चुनौतिहरुको विस्तृत समिक्षा गरी तयार गरिएको कार्ययोजना कार्यान्वयन गरी दिगोपना तथा सुधारका लागि योजना तथा बजेटको निरन्तरता र थप प्रयास समेत गर्न सकेमा फेदीकोला गाउँपालिकाले लैससास परीक्षणमा सर्वोत्तम अंक समेत प्राप्त गर्न सक्ने देखिएको छ ।

परीक्षणबाट गाउँपालिकाले महिला, बालबालिका र अपाङ्गता भएका व्यक्ति तथा दलित सीमान्तकृत, लोपोन्मुख जस्ता क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याई क्रियाकलाप कार्यान्वयनका कार्यमा सुधार गर्नुपर्ने देखिएको छ । त्यसैगरी महिला, बालबालिका र अपाङ्गता भएका व्यक्ति तथा दलित, सीमान्तकृत, लोपोन्मुख यौनिक अल्पसंख्यक विरुद्ध हुने विभेद, सामाजिक कुरीति र हिंसा नियन्त्रणका लागि उल्लेखित वर्गहरुको लागि प्रयाप्त बजेटको व्यवस्थापन हुनु आवश्यक देखिएको छ । सामाजिक मूल्य मान्यता, सामाजिक सम्वन्ध एवं सोचको कारणबाट लैङ्गिक भूमिकामा परिवर्तन ल्याउनु पर्ने देखिन्छ । लैससास परीक्षणको क्रममा सहभागीहरुबाट प्राप्त प्रतिक्रिया निम्नअनुसार छन् ।

- गाउँपालिकाले लैससास परीक्षण गर्दै आए पनि आ.व. २०८१/०८२ को परीक्षणबाट गाउँपालिकाले प्राप्त गरेको अंक अनुसार गाउँपालिका उत्तम अवस्थामा रहेको र आगामी वर्षमा सर्बोत्कृष्ट बनाउन यस लैससास परीक्षण अनुसार तयार भएको कार्ययोजनाको सफल, नतिजमुखि र अर्थपूर्ण कार्यान्वयनमा सबै पक्षको समान प्रयास हुनु पर्ने ।
- संविधानले दिएको लैससास सम्वन्धी अधिकार स्थानीय तहमा कार्यान्वयन गर्न यस लैससास परीक्षण विधि प्रभावकारी रहेको ।
- लैससास परीक्षण विधि सहभागितात्मक स्व-लेखाजोखा विधि भएकोले सहभागीहरुलाई आफ्नो संस्थाको लैससासको राम्रो पक्ष, कमजोर पक्ष र सुधार गर्नुपर्ने पक्षहरुमा विस्तृत छलफल गरी जानकारी हासिल गर्न सहज भएको ।

- लैससास परीक्षणको क्रममा गरिएको SWOT विश्लेषणबाट पहिचान भएका सवल र सुधार गर्नु पर्ने पक्षहरुको आधारमा विषय क्षेत्र अन्तर्गत थप सुधार गर्नका लागि कार्ययोजना बनाई गाउँपालिकालाई लैसासास मैत्री बनाउन मद्धत मिल्ने ।
- गाउँपालिकाले लैससास परीक्षण प्रकृयालाई अत्यावश्यक ठानेर यसको महत्वको बारेमा पूर्णरुपमा सचेत भएको र यसलाई नियमित रुपमा पालिकाको वार्षिक कार्यक्रममा समावेश गराई कार्यान्वयन गर्ने प्रतिवद्धता गरिएको ।
- गाउँपालिकाले लैङिगक समानता तथा सामाजिक समावेशीकरण क्षेत्रमा वार्षिक नीति तथा कार्यक्रम तयार गर्दा पूजीगत शिर्षकको कुल वजेटको निश्चित प्रतिशत वजेट विनियोजनाको नीति लिई कार्यन्वयन गर्नु पर्ने ।
- गाउँपालिकाले वार्षिक नीति तथा कार्यक्रम तयार गर्दा राष्ट्रिय तथा अन्तरराष्ट्रियस्तरमा गरिएका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी प्रतिवद्धताहरुको दायित्वहरु पुरा गराउने कार्यक्रमहरुमा जोड दिई वार्षिक नीति तथा कार्यक्रम तयार गर्नु पर्ने ।
- गाउँपालिकामा सुशासन कायम गर्न लैससास लेखाजोखा विधिले पनि सहयोग गर्ने अपेक्षा रहेको ।
- स्थानीय शासन कार्यसम्पादन मूल्यांकन प्रणाली (LGPAS) को मुख्य सूचक भएकोले लैससास परीक्षणका लागि आगामी वर्षहरुमा वार्षिक कार्यक्रममा प्रबेश गराई नियमित रुपमा कार्यान्वयन गर्ने प्रतिवद्धता गरिएको ।

## ३.९ सुझाव

फेदीखोला गाउँपालिकाको लैङिगक समानता तथा सामाजिक समावेशीकरण परीक्षणमा आएको अंकभार, सवल र सुधार गर्नुपर्ने पक्षहरुलाई विस्तृत रुपमा अध्ययन गर्दा लैससास पूर्ण रुपमा कार्यान्वयनमा ल्याउनको लागि देहाय बमोजिमका सुझावहरु रहेका छन :

- गाउँपालिकाले तर्जुमा गर्ने ऐन, नियम, कानुन तथा कार्यविधिहरुमा लैससासको दृष्टिले सवल र मुलप्रवाहिकरण गर्नका लागि प्रभावकारी कार्यान्वयनमा जोड दिनुपर्ने ।
- गाउँपालिकाले तर्जूमा गरिएका नीतिहरुको प्रभावकारी कार्यान्वयनको लागि लैससास क्षेत्रसँग सम्बद्ध पक्षसँग समन्वय एवं नियमित अनुगमन गर्नुपर्ने ।
- गाउँपालिकाले ऐन, नियम, योजना तर्जुमा गर्दा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति दलित, विपन्न, आदिबासी जनजाति, लोपोन्मुख, सिमान्तकृत वर्गको पनि अर्थपूर्ण र सक्रिय सहभागितामा गर्ने र कार्यान्वयनको क्रममा अनुगमन गर्नुपर्ने ।
- गाउँपालिकाको आवधिक योजना तथा बार्षिक योजनाको कार्यान्वयनमा लैससासको विषयलाई जोड दिई लैससास विषयको विश्लेषण, कार्यान्वयन एवं अनुगमन गर्नुपर्ने ।
- गाउँपालिकाको वास्तविक अवस्थालाई अध्यावधिक गर्नका लागि पार्श्वचित्रलाई आम नागरिकको पहुँचमा रहने व्यवस्था मिलाउने साथै नियमित अध्यावधिक गर्नुपर्ने ।
- लैससासका खण्डिकृत तथ्यांक संकलन र डिजीटाइज गरी सूचनामा सबैको पहुँचको वृद्धि गर्नुपर्ने साथै यसको आधारमा गाउँपालिकाको नीति र योजना तर्जुमा गर्नुपर्ने ।

- गाउँपालिकाले लैङ्गिक उत्तरदायी बजेट कार्यबिधि अनिवार्य रुपमा तयार गर्नुपर्ने र लैगिक उत्तरदायी योजना तर्जुमा कार्यान्वयन गर्नु र गराउनु पर्ने ।
- गाउँपालिकाले निर्माण गर्ने हरेक संरचनाहरु लैससास मैत्री बनाउँनको लागि सम्बन्धित शाखालाई निर्देशन दिई कार्यान्वयनमा ल्याउनु पर्ने ।
- गाउँपालिकाले दिगो विकासका लक्ष्यहरु विशेष गरी लक्ष्य नं ५ लैङ्गिक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण गर्ने रणनीति तयार भएको र त्यसको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक बजेट विनियोजन गरी कार्यान्वय एवं अनुगमनमा जोड दिनुपर्ने ।
- गाउँपालिकाले लैङ्गिक तथा समावेशी विकास लगायत समग्र क्षेत्रको लागि क्षमता विकास योजना तयार गरी यसको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक बजेट विनियोजन गर्नुपर्ने ।
- गाउँपालिकाले लैङिगक समानता तथा सामाजिक समावेशीकरण क्षेत्रमा वार्षिक नीति तथा कार्यक्रम तयार गर्दा पूँजीगत शिर्षकको कुल वजेटको निश्चित प्रतिशत वजेट विनियोजनाको नीति लिई कार्यन्वयन गर्नु पर्ने
- गाउँपालिकाले लैङिगक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको वजेट बार्षिक योजनामै किटान गरिनु पर्ने ।
- गाउँपालिकाले वार्षिक नीति तथा कार्यक्रम तयार गर्दा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा गरिएका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी प्रतिवद्धताहरुको दायित्वहरु पुरा गराउने कार्यक्रमहरुमा जोड दिई वार्षिक नीति तथा कार्यक्रम तयार गर्नु पर्ने देखिन्छ ।

## अनुसूचीहरु

### अनुसूची १ : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका सूचकहरु र प्राप्तांक

| सुचक नं | सुचकहरु | अंकभार | प्राप्तांक | १ अंक आउने अवस्था | ०.५ अंक आउने अवस्था | ० अंक आउने अवस्था | प्रमाणिकरणको आधार |
|---|---|---|---|---|---|---|---|
| **१.** | **नीति, कानुन र योजना** | **२०** | | | | | |
| **१.१** | **नीति र कानुनमा समावेशीता (अंकभार ८)** | | | | | | |
| १ | स्थानीय तहको नीति तथा कानुनको मस्यौदा तयार गर्ने कार्यादेशमा लैससासको दृष्टिले सम्पादन गरी कार्यटोली निर्माण पूर्व दस्तावेज समिक्षा गर्दा लैससास दृष्टिकोणले भएको मस्यौदाको विषयवस्तु र शव्द चयन समावेशी र सहभागितामूलक हुने गरे नगरेको ? | ०-१ | ०।५ | स्थानीय तहको नीति तथा कानूनको मस्यौदा तयार गर्ने कार्यदिशामा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण, पूर्व दस्तावेजको समीक्षा गर्दा लैससास दृष्टिकोणले भएको, मस्यौदाको बिषयवस्तु र शब्द चयन समावेशी र सहभागितामूलक हुने गरेको । | स्थानीय तहको नीति तथा कानूनको मस्यौदा तयार गर्ने कार्यदिशामा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यणेली निर्माण, पूर्व दस्तावेजको समीक्षा, मस्यौदाको बिषयवस्तु र शब्द चयन आँसिक रुपमामात्र समावेशी र सहभागितामूलक हुने गरेको । | स्थानीय तहको नीति तथा कानूनको मस्यौदा तयार गर्ने कार्यदिशामा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण, पूर्व दस्तावेजको समीक्षा गर्दा लैससास दृष्किोणले भएको, मस्यौदाको बिषयवस्तु र समावेशी शब्द चयन र सहभागितामूलक हुने नगरेको | स्थानीय तहले स्वीकृत गरेका नीति तथा कानूनी दस्तावेजहरु र स्वीकृतिको लागि प्रस्तुत गरेका मस्यौदा नीति तथा कानूनी दस्तावेजहरु । यस सम्बन्धी निर्णय फाइलहरु । |
| २ | स्थानीय सरकाले आफ्ना नीति, कानुन, योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिले उपयुक्त भए नभएको बारे लेखाजोखा गर्ने गरे नगरेको ? | ०-१ | ०।५ | स्थानीय तहले आफ्ना नीति, कानून, योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिले उपयुक्त भए नभएको बारे हरेक दस्तावेजमा लेखाजोखा वा विश्लेषण गरी सुनिश्चित गर्ने गरेको । | स्थानीय तहले आफ्ना नीति, कानून, योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिले उपयुक्त भए नभएको बारे आँसिकरुपमा (केही दस्तावेज) मात्र लेखाजोखा वा विश्लेषण गरी सुनिश्चित गर्ने गरेको । | स्थानीय तहले आफ्ना नीति, कानून, योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिले उपयुक्त भए नभएको सम्वन्धमा कुनै दस्तावेज उपर लेखाजोखा वा विश्लेषण गरी सुनिश्चित गर्ने नगरेको । | स्थानीय तहले आफ्ना नीति, कानून, योजनाका दस्ताबेजहरू र लेखाजोखा सम्पन्न भएको प्रमाणित गर्ने कागजातहरु र समिति, शाखा, महाशाखा, कार्यपालिकाका छलफल तथा निर्णयहरु । |

| सुचक नं | सुचकहरु | अंकभार | प्राप्तांक | १ अंक आउने अवस्था | ०.५ अंक आउने अवस्था | ० अंक आउने अवस्था | प्रमाणिकरणको आधार |
|---|---|---|---|---|---|---|---|
| ३ | स्थानीय सरकारको नीति र योजनामा लैङिगक समानता तथा सामाजिक समाबेशी विकास स्थानीय कानुन नीति, आवधिक र वार्षिक योजनामा भएका नीतिहरु ) सम्बन्धी कुराहरु समावेश भए/नभएको ? | ०-१ | १ | स्थानीय तहको नीति र योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास (स्थानीय कानुन, नीति, आवधिक र बार्षिक योजनामा भएका नीतिहरू) सम्वन्धी विषयहरु समावेश भएको । | स्थानीय तहको नीति र योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास (स्थानीय कानुन, नीति, आवधिक र बार्षिक योजनामा भएका नीतिहरू) सम्वन्धी विषयहरु आँसिक रुपमामात्र समावेश भएको । | स्थानीय तहको नीति र योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास (स्थानीय कानुन, नीति, आवधिक र बार्षिक योजनामा भएका नीतिहरू) सम्वन्धी विषयहरु समावेश नभएको । | स्थानीय तहका स्थानीय कानुन, नीति, आवधिक र बार्षिक योजना सम्वन्धी दस्तावेजहरू, स्थानीय राजपत्र । |
| ४ | स्थानीय सरकारको महिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण र लैङिगक परिक्षण तथा सामाजिक विभेद अन्त्य गर्ने सम्बन्धी अलग्गै नीतिहरु छन छैनन (स्थानीय ऐन, कानुन, कार्यविधि, निर्देशिकामा खास व्यवस्था गरिएको वा नगरिएको) | ०-१ | ०।५ | महिला र पुरुष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यकको समविकास, सामाजिक विभेदको अन्त्य तथा लैससास परीक्षण गर्ने अलग्गै नीतिहरु छन् वा छैनन् ? (स्थानीय ऐन, कानुन, कार्यविधि, निर्देशिकामा खास व्यवस्था गरेका नगरेको) । | महिला र पुरुष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यकको समविकास, सामाजिक विभेदको अन्त्य तथा लैससास परीक्षण गर्ने अलग्गै नीति भएको र यस्तो नीति, स्थानीय ऐन, कानुन, कार्यविधि, निर्देशिकामा खास व्यवस्था गरेको । | महिला र पुरुष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यकको समविकास, सामाजिक विभेदको अन्त्य तथा लैससास परीक्षण गर्ने अलग्गै नीति नभएको र स्थानीय ऐन, कानुन, कार्यविधि, निर्देशिकामा समेत कुनै खास व्यवस्था नगरेको । | महिला र पुरुष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यकको समविकास तथा लैससास तथा सामाजिक विभेद अन्त्य गर्ने नीति दस्तावेज र स्थानीय ऐन, कानुन, कार्यविधि, निर्देशिकाहरू, स्थानीय राजपत्र |
| ५ | स्थानीय तहले कार्यान्वयनमा ल्याएका ऐन, नियम तथा कार्यविधिमा महिला तथा बञ्चितिमा परेका समुदाय अर्थात लक्षित वर्गमा हुने सबै प्रकारका विभेद जन्य कार्यहरु रोक्न पर्याप्त प्रावधान व्यवस्था गरिएको छ/ छैन ? | ०-१ | ०।५ | स्थानीय तहले कार्यान्वयनमा ल्याएका ऐन, नियम, तथा कार्यविधिमा महिला, किशोरी, बालिकाहरु तथा लक्षित वर्ग लगायतमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरु अन्त्य गर्ने प्रावधान राखिएको । | स्थानीय तहले कार्यान्वयनमा ल्याएका ऐन, नियम, तथा कार्यविधिमा महिला, किशोरी, बालिकाहरु तथा लक्षित वर्ग लगायतमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरु अन्त्य गर्ने प्रावधान राखिएको । | स्थानीय तहले कार्यान्वयनमा ल्याएका ऐन, नियम, तथा कार्यविधिमा महिला, किशोरी, बालिकाहरु तथा लक्षित वर्गमा लगायत हुने सबै प्रकारका विभेदजन्य कार्यहरु अन्त्य गर्ने कुनै प्रावधान नराखिएको । | स्थानीय तहले कार्यान्वयनमा ल्याएका ऐन, नियम, कार्यविधिहरू र तिनको लैससास दृष्टिले विश्लेषण गरिएको दस्तावेज तथा स्थानीय राजपत्र । |

| सुचक नं | सुचकहरु | अंकभार | प्राप्तांक | १ अंक आउने अवस्था | ०.५ अंक आउने अवस्था | ० अंक आउने अवस्था | प्रमाणिकरणको आधार |
|---|---|---|---|---|---|---|---|
| ६ | सङ्घीय कानुनले व्यवस्था गरे बमोजिम स्थानीय स्तरमा महिला तथा वञ्चितिमा परेको समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध मिलाए /नमिलाएका | ०-१ | १ | संघीय कानूनले व्यवस्था गरे बमोजिम स्थानीयस्तरमा महिला तथा वञ्चितीमा परेको समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध मिलाएको र सोहि अनुरूप कार्यन्वयन हुने गरेको । | संघीय कानूनले व्यवस्था गरे बमोजिम स्थानीयस्तरमा महिला तथा वञ्चितीमा परेको समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध मिलाएको तर कार्यान्वयन नभएको । | संघीय कानूनले व्यवस्था गरे बमोजिम स्थानीयस्तरमा महिला तथा वञ्चितीमा परेको समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध मिलाएको तर कार्यान्वयन नभएको । | महिला तथा वञ्चितीमा परेको समुदाय माथि हुने विभेद उपर सुनुवाई भएका प्रमाणित कागजातहरू र माहिला तथा वञ्चितीमा परेका समुदायहरुको स्वयम भनाइहरुको दस्तावेज |
| ७ | महिला र पुरुषमा श्रमको ज्यालामा विभेद रोक्ने प्रावधान रहे / नरहेका | ०-१ | १ | स्थानीय नीति तथा कानूनमा महिला, पुरूष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यक उपर हुने श्रमको ज्यालामा विभेद अन्त्य गर्ने प्रावधान रहेको र सो को कार्यान्वयन भएको । | स्थानीय नीति तथा कानूनमा महिला, पुरूष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यक उपर हुने श्रमको ज्यालामा विभेद अन्त्य गर्ने प्रावधानमात्र रहेको तर सो को कार्यान्वयन नभएको । | स्थानीय नीति तथा कानूनमा महिला, पुरूष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यक उपर हुने श्रमको ज्यालामा अन्त्य गर्ने कुनै प्रावधान नरहेको। | स्थानीय नीति तथा कानून, स्थानीय तहको श्रम नीति तथा कानून, दस्तावेज र समीक्षा प्रतिवेदन । |
| ८ | स्थानीय तहको नीतिमा रैथाने र आप्रवासी कामदार तथा श्रमजीवि उपर हुने विभेद रोक्ने प्रावधान रहे /नरहेको | ०-१ | १ | स्थानीय तहको नीति तथा कानूनमा रैथाने र आप्रवासी कामदार तथा श्रमजीवी उपर हुने विभेद रोक्ने प्रावधानहरु रहेको र सो को कार्यान्वयन भएको । | स्थानीय तहको नीति तथा कानूनमा रैथाने र आप्रवासी कामदार तथा श्रमजीवी उपर हुने विभेद रोक्ने प्रावधान रहेको तर सो को कार्यान्वयन नभएको । | स्थानीय तहको नीति तथा कानूनमा रैथाने र आप्रवासी कामदार तथा श्रमजीवी उपर हुने विभेद रोक्ने कुनै प्रावधान नरहेको । | श्रमको ज्याला भुक्तानी दस्तावेज तथा विवरण |
| | **जम्मा (नीति र कानुनमा समावेशीता)** | ८ | ६ | | | | |
| **सुचक नं १.२ : योजना तर्जुमा तथा कार्यान्वयन (अंकभार ८)** | | | | | | | |
| ९ | आवधिक योजना र वार्षिक योजना तथा कार्यक्रममा लैङिगक तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम र मानपनयोग्य उपलब्धी लक्ष्य | ०-१ | ०।५ | आवधिक योजना र वार्षिक विकास कार्यकममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम र सोको | आवधिक योजना र वार्षिक विकास कार्यकममा लैङ्गिक तथा समावेशी विकासको लागि आँसि नीति, रणनीति, कार्यक्रम रहेको तर सोको | आवधिक योजना र वार्षिक विकास कार्यकममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम र सोको | आवधिक योजना, वार्षिक विकास कार्यकम, लैङ्गिक तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम, लक्ष्य तथा |

| सुचक नं | सुचकहरु | अंकभार | प्राप्तांक | १ अंक आउने अवस्था | ०.५ अंक आउने अवस्था | ० अंक आउने अवस्था | प्रमाणिकरणको आधार |
|---|---|---|---|---|---|---|---|
| | समावेश गरिएको छ /छैन ? | | | मापनयोग्य लक्ष्य समावेश गरिएको । | मापनयोग्य लक्ष्य समावेश नगरिएको | मापनयोग्य लक्ष्य समावेश नगरिएको | उपलव्धी सम्बन्धी आवधिक प्रतिवेदन । |
| १० | गाउँपालिका/ गाउँपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारण गर्दा महिला, बालबालिका तथा वञ्चितिकरणमा परेको समुहको अवस्था विशलेषणको आधारमा सो समुहको लागि वा प्रत्यक्ष्य फाइदा पुग्ने गरी कुल पुँजिगत बजेटको निशिचत प्रतिशत छुटयाउने गरे /नगरेको | ०-१ | ० | गाउँपालिका/गाउँपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारण गर्दा महिला, बालबालिका तथा सबै लक्षित समूहको अवस्था विश्लेषणको आधारमा सो समूहलाइ प्रत्यक्ष्य फाइदा पुग्ने गरी कूल पूँजीगत बजेटको निश्चित प्रतिश छुट्याउने गरेको | गाउँपालिका ।गाउँपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारण गर्दा महिला, बालबालिका तथा केहि लक्षित समूहको अवस्था विश्लेषण गरि कूल पूँजीगत बजेटको निश्चित प्रतिशत छुट्याउने गरेको । | गाउँपालिका/।गाउँपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारण गर्दा महिला, बालबालिका तथा कुनै पनि लक्षित समूहको अवस्था विश्लेषण नगरेको तथा कूल पूँजीगत बजेटका निश्चित प्रतिशत छुट्याउने नगरेको । | गाउँपालिकाको महिला, बालबालिका, तथा लक्षित समूहको अवस्था विश्लेषण प्रतिवेदन /पार्श्वचित्र /प्रोफाईल, बजेट सीमा, वार्षिक बजेट तथा विकास कार्यक्रम |
| ११ | स्थानीय सरकारको योजना सूची लक्षित समुहहरुको सत्रिया सहभागितामा तयार हुने र उनीहरुले छनौट गरेका योजना प्राथमिकिकरणमा पर्ने गरे / नगरेको (योजना तर्जुमा गर्दा गाउँ बस्तीस्तरबाट आएका योजना कार्यक्रमहरुलाई समेटे नसमेटेको परिक्षण) | ०-१ | ०।५ | स्थानीय तहले गाउँ, वस्तीस्तरबाट योजना पहिचान तथा छनौट गर्दा सबै लक्षित समूहको सक्रीय सहभागिता हुने गरेको र लक्षित समुहले छनौट गरेका योजना प्राथमिकतामा पर्ने गरेको | स्थानीय तहले गाउँ, वस्तीस्तरबाट योजना पहिचान तथा छनौट गर्दा केही मात्र लक्षित समूहको सक्रीय सहभागिता हुने गरेको र लक्षित समुहले छनौट गरेका केही योजनामात्र प्राथमिकतामा पर्ने गरेको । | स्थानीय तहले गाउँ, वस्तीस्तरबाट योजना पहिचान तथा छनौट गर्दा कुनैपनि लक्षित समूहको सक्रीय सहभागिता हुने नगरेको र लक्षित समुहले छनौट गरेका योजना प्राथमिकतामा पर्ने नगरेको । | सहभागी सूची फोटो र वडास्तरबाट छनौट योजना तथा कार्यक्रमको सूची निर्णय पुस्तिका, स्वीकृत वार्षिक कार्यक्रम |

| सुचक नं | सुचकहरु | अंकभार | प्राप्तांक | १ अंक आउने अवस्था | ०.५ अंक आउने अवस्था | ० अंक आउने अवस्था | प्रमाणिकरणको आधार |
|---|---|---|---|---|---|---|---|
| १२ | योजना तर्जुमा गर्दा महिला तथा वञ्चितिकरणमा परेका समुहहरुको व्यवहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपुर्ति गर्ने विषयमा छलफल भए/ नभएको ? | ०-१ | ०।५ | योजना तर्जुमा गर्दा महिला तथा लक्षित समूहको व्यावहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा निरन्तर (सबै योजना तर्जुमाका सबै चरणमा सधैं) छलफल हुने गरेको । | योजना तर्जुमा गर्दा महिला तथा लक्षित समूहको व्यावहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूति गर्ने विषयमा कहिले काहिं मात्र (केहि योजना तर्जुमाका केहि चरणमा, कहिलेकाहिं) छलफल हुने गरेको । | योजना तर्जुमा गर्दा महिला तथा लक्षित समूहको व्यावहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा छलफल हुने नगरेको | बैठक निर्णय पुस्तिका, बजेट तर्जुमा मार्गदर्शन बैठक पुस्तिका, स्वीकृत वार्षिक कार्यक्रबम |
| १३ | योजना तर्जुमा गर्दा महिला र पुरुष एवम लक्षित समुहहरुको छुटटा छुटटै अवस्था विश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तय गर्ने गरिए/ नगरिएको (तयारी प्रतिवेदन) | ०-१ | ०।५ | योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समुहको छुट्टा छुट्टै अवस्था विश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसार सबै कार्यक्रम तय गर्ने गरिएको । | योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समुहको छुट्टा छुट्टै अवस्था विश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसार केही कार्यक्रम तय हुने गरेको । | योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समुहको छुट्टा छुट्टै अवस्था विश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तय गर्ने नगरिएको । | महिला र पुरुष एवं लक्षित समुहको छुट्टा छुट्टै अवस्था देखिने अवस्था विश्लेषण प्रतिवेदन आवश्यकता पहिचान प्रतिवेदन । वार्षिक विकास कार्यक्रम । |
| १४ | स्थानीय सरकारले दीगो विकासका लक्ष्यहरु विशेष गरेर लक्ष्य नं. ५ लैङिगक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण गरी सो अनुसारको बजेट विनियोजन हुने गरे /नगरेको | ०-१ | ०।५ | स्थानीय तहले दीगो विकासका लक्ष्यहरू विशेष गरेर लक्ष्य ५ लैङ्गिक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण गरी सो अनुसारको बजेट विनियोजन हुने गरे/नगरेको । | स्थानीय सरकारले दीगो विकासका लक्ष्यहरूमध्ये लक्ष्य ५ लैङ्गिक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण गरी सो अनुसार केही कार्यक्रमहरूमा बजेट विनियोजन गर्ने गरेको | स्थानीय सरकारले दीगो विकासका लक्ष्यहरूमध्ये लक्ष्य ५ लैङ्गिक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण नगर्नुको साथै बजेट विनियोजन पनि गर्ने नगरेको । | दीगो विकासका लक्ष्यहरू स्थानीयकरण गरेको दस्तावेज (नीति, योजना तथा वार्षिक विकास कार्यक्रम) |
| १५ | स्थानीय तहका योजना महिला, बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने गरी बने /नबनेका | ०-१ | १ | स्थानीय तहका योजना महिला, बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष / निर्दिष्ट लाभ पुग्नेगरी बनेको । | स्थानीय तहका योजना महिला, बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई अप्रत्यक्ष / सहयोगी हुने गरी बनेको । | स्थानीय तहका योजनाले महिला, बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई लाभ पुग्नेगरी नबनेको । | नीति, योजना तथा वार्षिक विकास कार्यक्रम |

| सुचक नं | सुचकहरु | अंकभार | प्राप्तांक | १ अंक आउने अवस्था | ०.५ अंक आउने अवस्था | ० अंक आउने अवस्था | प्रमाणिकरणको आधार |
|---|---|---|---|---|---|---|---|
| १६ | स्थानीय सरकारका उपभोक्ता समितिहरुमा लक्षित समुहका प्रतिनिधि सहित कम्तीमा ४०% महिलाहरुको सहभागिता भए /नभएको र मुख्य कार्यकारी पद मध्य कुनै एकमा जिम्मेवारी दिए /नदिएको | ०-१ | १ | स्थानीय तहका उपभोक्ता समितिहरुमा लक्षित समुहका प्रतिनिधि सहित कम्तिमा ४/५ महिलाहरूको सहभागिता भएको र मुख्य कार्यकारी पदको जिम्मेवारी दिएको । | स्थानीय तहका उपभोक्ता समितिहरुमा लक्षित समुहका प्रतिनिधि सहित कम्तिमा ४/५ महिलाहरूको सहभागिता भएको तर ग मुख्य कार्यकारी पदको जिम्मेवारी नदिईएको | स्थानीय तहका उपभोक्ता समितिहरुमा लक्षित समुहका प्रतिनिधि सहित कम्तिमा ४/५ महिलाहरूको सहभागिता नभएको र मुख्य कार्यकारी पदको जिम्मेवारी पनि नदिईएको | उपभोक्ता समितिको गठन सम्वन्धी नीति तथा कानून उपभोक्ता समितिको संरचना |
| | **जम्मा (योजना तर्जुमा तथा कार्यान्वयन)** | ८ | ४।५ | | | | |
| **सुचक नं १.३ : बजेट तर्जुमा तथा कार्यान्यन (अंकभार ४)** | | | | | | | |
| १७ | बजेट तथा कार्यक्रम तर्जुमा गर्नु भन्दा अघि समुदायका महिला, बालबालिका, अपाङगता भएका व्यक्ति, जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग र दलित लगायतका सबै जातजाति र विपन्न वर्गका समुहहरुसँग बसेर समस्या केलाउने वा विश्लेषण गर्ने गरिए /नगरिएका | ०-१ | १ | बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपूर्व समुदायका महिला, बालबालिका, अपाङ्ग, जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग, दलित लगायत सबै लक्षित वर्ग र समुदायसँग छलफल गर्ने गरिएको । | बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपूर्व समुदायका महिला, बालबालिका, अपाङ्ग, जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग, दलित लगायत केहि लक्षित वर्ग र समुदायसँग केहि कार्यक्रममा छलफल गर्ने गरिएको । | बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपूर्व समुदायका महिला, बालबालिका, अपाङ्ग, जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग, दलित लगायत सबै लक्षित वर्ग र समुदायसँग छलफल गर्ने नगरिएको । | बजेट तथा कार्यक्रम तर्जुमा सम्वन्धी दस्तावेज लक्षित समुहसंग छलफल भएको निर्णय पुस्तिका |
| १८ | स्थानीय सरकारका क्षमता विकास योजनामा लैङिगक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवम परिक्षण नियममित रुपमा गर्न बजेटको व्यवस्था गरिए/ नगरिएको ? | ०-१ | १ | स्थानीय तहमा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परीक्षण नियमितरुपमा गर्न बजेटको व्यवस्था गरिएको र सोको कार्यान्वयन भएको । | स्थानीय तहमा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परीक्षण नियमितरुपमा गर्न बजेटको व्यवस्था गरिएको तर सोको कार्यान्वयन नभएको । | स्थानीय तहमा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परीक्षण नियमितरुपमा गर्न बजेटको व्यवस्था नगरिएको र सोको कार्यान्वयन नभएको | वार्षिक विकास कार्यक्रम र लैससास परीक्षण प्रतिवेदन प्रगति प्रतिवेदन |

| सुचक नं | सुचकहरु | अंकभार | प्राप्तांक | १ अंक आउने अवस्था | ०.५ अंक आउने अवस्था | ० अंक आउने अवस्था | प्रमाणिकरणको आधार |
|---|---|---|---|---|---|---|---|
| १९ | लैससास परिक्षण पश्चात लैङिगक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजना कार्यान्वयनका लागि पर्याप्त बजेट तथा कार्यक्रम बार्षिक योजनामा समावेश गरिए/नगरिएको? | ०-१ | १ | परिक्षण पश्चात लैङ्गिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजना कार्यान्वयनका लागि बजेट तथा कार्यक्रम बार्षिक योजनामा समावेश गरेको र सो को पूर्णरुपमा कार्यान्वयन भएको । | परिक्षण पश्चात लैङ्गिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजना कार्यान्वयनका लागि बजेट तथा कार्यक्रम बार्षिक योजनामा समावेश भएपनि र सो को आशिंकरुपमा कार्यान्वयन भएको । | परिक्षण पश्चात लैङ्गिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजना कार्यान्वयनका लागि बजेट व्यवस्था हुने नगरेको । | वार्षिक विकास कार्यक्रम लैससास परीक्षण प्रतिवेदन प्रगति प्रतिवेदन |
| २० | स्थानीय सरकारको बजेट तथा कार्यक्रममा लक्षित समुहहरुको लागि निश्चित प्रतिशत बजेट विनियोजन गरी उनीहरुको हितका कार्यक्रममा समयमै खर्च गरिए/नगरिएको ? (बजेट तथा कार्यक्रम बिच भिडान) | ०-१ | ०।५ | स्थानीय तहको वार्षिक विकास कार्यक्रममा लक्षित समूहको लागि निश्चित प्रतिशत बजेट विनियोजन गरी उनीहरूको हितमा कार्ययोजना अनुरूप कार्यक्रम संचालन गर्ने गरिएको । | स्थानीय तहको वार्षिक विकास कार्यक्रममा लक्षित समूहको लागि निश्चित प्रतिशत बजेट विनियोजन गरी उनीहरूको हितमा कार्ययोजना अनुरूप कार्यक्रम आंशिकरुपमा संचालन गर्न गरिएको । | स्थानीय तहको वार्षिक विकास कार्यक्रममा लक्षित समूहको लागि निश्चित प्रतिशत बजेट विनियोजन गर्ने नगरिएको । | वार्षिक विकास कार्यक्रम लैससास परीक्षण प्रतिवेदन प्रगति प्रतिवेदन |
| | **जम्मा (बजेट तर्जुमा तथा कार्यान्यन)** | ४ | ३।५ | | | | |
| | **सुचक नं १ को जम्मा** | २० | १४ | | | | |
| **२** | **संस्थागत विकास** | **२०** | | | | | |
| **सुचक नं. २.१ : कर्मचारी पदाधिकारी प्रतिनिधित्व (अंकभार ४)** | | | | | | | |
| २१ | स्थानीय सरकारको निर्णायक तहमा (कर्मचारी /पदाधिकारी)महिलाहरुको समानरुपमा ५०/५० प्रतिशत प्रतिनिधित्व रहेको छ/छैन ? | ०-१ | ०।५ | स्थानीय तहको निर्णायक तहमा महिलाहरू ( पदाधिकारी/ कर्मचारी) को समानरुपमा (५० /५० प्रतिशत) प्रतिनिधित्व भएको । | स्थानीय तहको निर्णायक तहमा महिलाहरू (पदाधिकारी/ कर्मचारी) को कम्तिमा ३३ प्रतिशत प्रतिनिधित्व भएको । | स्थानीय तहको निर्णायक तहमा महिलाहरू -पदाधिकारी / कर्मचारी)को ३३ प्रतिशत भन्दा पनि कम प्रतिनिधित्व भएको । | स्थानीय तहको निर्णायक तहमा रहेका (पदाधिकारी /कर्मचारी) को नामावली |

| सुचक नं | सुचकहरु | अंकभार | प्राप्तांक | १ अंक आउने अवस्था | ०.५ अंक आउने अवस्था | ० अंक आउने अवस्था | प्रमाणिकरणको आधार |
|---|---|---|---|---|---|---|---|
| २२ | स्थानीय सरकारका कर्मचारीहरुको पदपुर्तिको निर्णय गर्दा सवै जातजाति, वर्ग, लिङग र समुदायका बीच समावेशीकरण हुने गरी कर्मचारीको समावेशी समानुपातिक प्रतिनिधित्व हुन सक्ने रणनीति लिइएको छ /छैन ? | ०-१ | १ | स्थानीय तहका कर्मचारीहरूको पदपूर्ति गर्दा सबै जातजाति, क्षेत्र, लिङ्ग र समुदाय लगायत लक्षित वर्गको समानुपातिक प्रतिनिधित्व हुने रणनीति लिएको र सो वमोजिम कार्यान्वयन भएको । | स्थानीय तहका कर्मचारीहरूको पदपूर्ति गर्दा सबै जातजाति, क्षेत्र, लिङ्ग र समुदाय लगायत लक्षित वर्गको समानुपातिक प्रतिनिधित्व हुने रणनीति लिएको र सो वमोजिम कार्यान्वयन नभएको । | स्थानीय तहका कर्मचारीहरूको पदपूर्ति गर्दा सबै जातजाति, क्षेत्र, लिङ्ग र समुदाय लगायत लक्षित वर्गको समानुपातिक प्रतिनिधित्व हुने रणनीति नलिएको । | स्थानीय सरकारका कर्मचारीहरूको पदपूर्तिको सम्वन्धी नीति, कानून र पदपूर्ति सम्वन्धी निर्णय - अभ्यास सम्वन्धी दस्तावेज |
| २३ | स्थानीय सरकाले महिला तथा विशेष समुदायलाई विशेष सेवा प्रदान गर्दा सम्बन्धित समुदायको भाषा, संस्कृति र रहन सहन बुझ्केको कर्मचारी वा जनप्रतिनिधि समेत समावेश गरेको कार्यटोली वा शाखा मार्फत दिने गरेको /नगरेको ? | ०-१ | १ | स्थानीय तहले महिला लगायत विशेष जातजाति तथा समुदायलाई सेवा प्रदान गर्दा सम्वन्धीत लक्षित वर्ग वा समुदायको भाषा, संस्कृति र रहन सहन बुझेको साथै महिला संवेदनशील कर्मचारी वा जनप्रतिनिधि समेत समावेश भएको कार्यटोली वा शाखा मार्फत सेवा दिने गरेको । | स्थानीय तहले महिला लगातय विशेष जातजाति तथा समुदायलाई सेवा प्रदान गर्दा सम्वन्धीत लक्षित वर्ग वा समुदायको भाषा, संस्कृति र रहन सहन बुझेको साथै महिला संवेदनशील कर्मचारी वा जनप्रतिनिधि आंशीक रूपमा समावेश भएको कार्यटोली वा शाखा मार्फत सेवा दिने गरेको । | स्थानीय तहले महिला लगातय विशेष जातजाति तथा समुदायलाई सेवा प्रदान गर्दा सम्वन्धीत लक्षित वर्ग वा समुदायको भाषा, संस्कृति र रहन सहन बुझेको साथै महिला संवेदनशील कर्मचारी वा जनप्रतिनिधि समावेश नगरि भए कार्यटोली वा शाखा मार्फत सेवा दिने गरेको । | संस्थागत व्यवस्था (सेवा प्रदान गर्ने रणनीति, कार्यनीति, सेवा प्रवाह सम्वन्धी दस्तावेज) संगठन संरचना, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सेवाग्राहि सन्तुष्टि सर्वेक्षण आदि । |

| सुचक नं | सुचकहरु | अंकभार | प्राप्तांक | १ अंक आउने अवस्था | ०.५ अंक आउने अवस्था | ० अंक आउने अवस्था | प्रमाणिकरणको आधार |
|---|---|---|---|---|---|---|---|
| २४ | जनप्रतिनिधिहरु तथा कर्मचारीहरुलाई कुनै क्षमता अभिबृद्धिको अवसर प्रदान गर्दा सबैलाई समान अवसर हुने गरी र महिला तथा बञ्चितिकरणमा परेको समुदायलाई अग्रभाग प्राप्त हुने गरी सकारात्मक विभेदको नीति लिएको /नलिएको | ०-१ | १ | जनप्रतिनिधिहरु तथा कर्मचारीहरुलाई क्षमता विकासको अवसर प्रदान गर्दा महिला तथा वञ्चितिकरणमा परेका समुदायलाई पहिलो प्राथमिकता दिई सबैलाई समान अवसर प्रदान गर्ने गरी सकारात्मक विभेदको नीति लिएको तथा उक्त नीति कार्यन्वयन गरिएको । | जनप्रतिनिधिहरु तथा कर्मचारीहरुलाई क्षमता विकासको अवसर प्रदान गर्दा महिला तथा वञ्चितिकरणमा परेका समुदायलाई पहिलो प्राथमिकता दिई सबैलाई समान अवसर प्रदान गर्ने गरी सकारात्मक विभेदको नीति लिएको तर उक्त नीति कार्यन्वयन नगरिएको । | जनप्रतिनिधिहरु तथा कर्मचारीहरुलाई क्षमता विकासको अवसर प्रदान गर्दा महिला तथा वञ्चितिकरणमा परेका समुदायलाई पहिलो प्राथमिकता दिई सबैलाई समान अवसर प्रदान गर्ने गरी सकारात्मक विभेदको नीति नलिएको । | सकारात्मक विभेदको नीति तथा रणनीति दस्तावेज क्षमता विकास सम्वन्धी कार्यक्रमको कार्य सम्पन्न प्रतिवेदन सहभागि छनौटका आधारहरु |
| | **जम्मा (कर्मचारी पदाधिकारी प्रतिनिधित्व)** | ४ | ३।५ | | | | |
| **सुचक नं. २.२ : कार्यप्रणालीमा समावेशीता (अंकभार ४)** | | | | | | | |
| २५ | महिला र पुरुषबीच असमानता हटाउन तथा समाजिक समावेशीकरण बढाउनको लागि स्थानीय तहको निश्चित कार्यनीति छ /छैन ? | ०-१ | ०।५ | महिला र पुरुषबीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि स्थानीय तहको निश्चित कार्यनीति रहेको । | महिला र पुरुषबीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि स्थानीय तहको निश्चित कार्यनीति भएपनि कार्यान्वयनमा नरहेको। | महिला र पुरुषबीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि स्थानीय तहको निश्चित कार्यनीति नरहेको। | महिला र पुरुषबीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको कार्यनीति सम्बन्धी दस्तावेज, वार्षिक विकास कार्यक्रम, प्रगति प्रतिवेदन |

| सुचक नं | सुचकहरु | अंकभार | प्राप्तांक | १ अंक आउने अवस्था | ०.५ अंक आउने अवस्था | ० अंक आउने अवस्था | प्रमाणिकरणको आधार |
|---|---|---|---|---|---|---|---|
| २६ | स्थानीय सरकारमा लैङिगक विकास हेर्ने इकाईको व्यवस्था छ/ छैन ? ( लैङिगक विकास डेक्स वा लैङिगक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति वा यस्तै कुनै संरचनाको व्यवस्था कार्यशर्त र जिम्मेवारी किटान सहित गरिए /नगरिएको ? | ०-१ | १ | स्थानीय तहमा लैङ्गिक विकास हेर्ने इकाईको व्यवस्था (लैङ्गिक विकास डेस्क वा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति वा यस्तै कुनै संरचनाको व्यवस्था कार्यशर्त र जिम्मेवारी किटान सहित) रहेको । | स्थानीय तहमा लैङ्गिक विकास हेर्ने इकाईको व्यवस्था रहेको (लैङ्गिक विकास डेस्क वा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति वा यस्तै कुनै संरचनाको व्यवस्था कार्यशर्त र जिम्मेवारी किटान सहित रहेको) तर कार्यान्वयनमा नरहेको । | स्थानीय तहमा लैङ्गिक विकास हेर्ने इकाईको व्यवस्था नरहेको (लैङ्गिक विकास डेस्क वा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति वा यस्तै कुनै संरचनाको व्यवस्था नगरिएको) । | संगठन संरचना र लैङ्गिक विकास हेर्ने इकाईको कार्य निर्देश शर्त र जिम्मेवारी किटान दस्तावेज तथा यस सम्वन्धी निर्णयहरु |
| २७ | स्थानीय सरकारबाट कार्यालयमा हुन सक्ने कुनै पनि प्रकारको दुर्व्यवहार, भेदभाव महिला हिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागु गरिएको छ/ छैन ? | ०-१ | १ | स्थानीय तहबाट कार्यालयमा हुन सक्ने सबै प्रकारको दुर्व्यवहार, भेदभाव महिला हिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागु गरेको। | स्थानीय तहबाट कार्यालयमा हुन सक्ने दुर्व्यवहार, भेदभाव र महिला हिंसा नियन्त्रण सम्वन्धी आचार संहिता रहेको तर कार्यान्वयन नगरेको। | स्थानीय तहबाट कार्यालयमा हुन सक्ने दुर्व्यवहार, भेदभाव र महिला हिंसा नियन्त्रण सम्वन्धी आचार संहिता नरहेको। | आचार संहिता दस्तावेज, निर्णय पुस्तिका |

| सुचक नं | सुचकहरु | अंकभार | प्राप्तांक | १ अंक आउने अवस्था | ०.५ अंक आउने अवस्था | ० अंक आउने अवस्था | प्रमाणिकरणको आधार |
|---|---|---|---|---|---|---|---|
| २८ | योजना तर्जुमा समितिलाई सुझाव दिने दस्तावेज तयार गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिमा महिला, बालबालिका तथा अन्य सबै लक्षित समुदायको सक्रिय सहभागिता भए /नभएको र यस समितिले वडा तहमा योजना सम्बन्धी छलफल समावेशी भए/ नभएको अनुगमन गरे /नगरेको | ०-१ | ०।५ | योजना तर्जुमा समितिलाई सुझाव दिने दस्तावेज तयार गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिमा महिला, बालबालिका तथा अन्य सबै लक्षित समुदायको सक्रिय सहभागिता रहेको र यस समितिले वडा तथा वस्तिस्तरमा योजाना सम्वन्धी छलफल समावेशी भए नभएको अनुगमन गरेको । | योजना तर्जुमा समितिलाई सुझाव दिने दस्तावेज तयार गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिमा महिला, बालबालिका तथा अन्य सबै लक्षित समुदायको सक्रिय सहभागिता रहेतापनि यस समितिले वडा तथा वस्तिस्तरमा योजाना सम्वन्धी छलफल समावेशी भए नभएको अनुगमन नगरेको । | योजना तर्जुमा समितिलाई सुझाव दिने दस्तावेज तयार गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिमा महिला, बालबालिका तथा अन्य सबै लक्षित समुदायको सक्रिय सहभागिता नरहेको र यस समितिले वडा तथा वस्तिस्तरमा योजाना सम्वन्धी छलफल समावेशी भए नभएको अनुगमन समेत नगरेको । | कार्यान्वयन समितिले सुझाव दिएको दस्तावेज बैठकको उपस्थिति<br>निर्णय पुस्तिका<br>अनुगमन प्रतिवेदन |
| | **जम्मा (कार्यप्रणालीमा समावेशीता)** | ४ | ३ | | | | |
| **सुचक नं. २.३ : समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व (अंकभार ४)** | | | | | | | |
| २९ | स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरुमा गाउँपालिका लैससास परीक्षण प्रतिवेदन तथा बञ्चितिकरणमा परेको समुदायबाट महिला र पुरुषको समावेशी प्रतिनिधित्व हुने व्यवस्था रहे /नरहेका ? | ०-१ | १ | स्थानीय तहले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूमा महिला तथा वञ्चितिकरणमा परेको समुदायबाट महिला र पुरुषको समावेशी र समानुपातिक प्रतिनिधित्व हुने व्यवस्था रहेको। | स्थानीय तहले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूमा महिला तथा वञ्चितिकरणमा परेको समुदायबाट समानुपातिक प्रतिनिधित्व हुने व्यवस्था रहेपनि व्यवहारमा आंशिक प्रतिनिधित्व हुने गरेको। | स्थानीय तहले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूमा महिला तथा वञ्चितिकरणमा परेको समुदायबाट समावेशी र समानुपातिक प्रतिनिधित्व हुने व्यवस्था नरहेको। | समिति, उपसमिति र कार्यदल गठनको संरचना-दस्तावेज उपस्थिति तथा निर्णय पुस्तिका |

| सुचक नं | सुचकहरु | अंकभार | प्राप्तांक | १ अंक आउने अवस्था | ०.५ अंक आउने अवस्था | ० अंक आउने अवस्था | प्रमाणिकरणको आधार |
|---|---|---|---|---|---|---|---|
